रातो खबर
Ratokhabar weekly
साप्ताहिक
वर्ष ५, अङ्क ११, पूर्णाङ्क २०६ | २०७६ भदौ ४ गते बुधबार | Wednesday, 21 Aug 2019 | www.eratokhabar.com | मूल्य रु. १०

## गिरफ्तार नेता-कार्यकर्तालाई ससम्मान रिहा गर्न माग

नेपाल कम्युनिस्ट पार्टी मेची-कोसी ब्युरोले सरकारले गिरफ्तार गरेका आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूलाई बिनासर्त रिहाइको माग गरेको छ। नेकपाका ताप्लेजुङ जिल्ला इन्चार्ज सकल लिम्बू, ताप्लेजुङ सेक्रेटरी नरपति पौडेल, पाँचथर जिल्ला इन्चार्ज राजु दास, इलाम जिल्ला सेक्रेटरी याम लिम्बू, अखिल क्रान्तिकारीका मेची-कोसी ब्युरो संयोजक गणेश कार्कीसहित पाँचजनालाई प्रहरीले गिरफ्तार गरेको छ। उनीहरूको गिरफ्तारीपछि केपी-बादल गृह प्रशासनले अपहरण शैलीमा गिरफ्तार गरेको भन्दै नेकपाको मेची-कोसी ब्युरो इन्चार्ज अनुले गिरफ्तारीको घोर निन्दा एवम् भर्त्सना गर्दै रिहाइको माग गरेकी छिन्। अनुले आइतबार विज्ञप्ति जारी गर्दै पार्टी कामको सिलसिलामा रहेको बेला उनीहरूलाई झापाको दमकबाट प्रहरीले गिरफ्तार गरी झूट्टा मुद्दा लगाई नियोजित ढङ्गले फसाउने षड्यन्त्र गरेको भन्दै प्रतिरोध ... बाँकी पृष्ठ ७ मा

# भारतीय परराष्ट्रमन्त्रीको शङ्कास्पद भ्रमण

■ रातो खबर संवाददाता/काठमाडौं

नेपालका लागि भारतीय पूर्वराजदूत तथा भारतका विदेशमन्त्री जयशङ्कर बुधबार नेपाल भ्रमणमा आउँदैछन्। नेपालको राजनीतिमा सूक्ष्म-व्यवस्थापन गर्न खोजेका कारण विवादमा रहेका जयशङ्कर भारतीय प्रम मोदीको दोस्रो कार्यकालमा विदेशमन्त्री हुनासाथ काठमाडौं भूमिका स्मरण गरिएको थियो। जयशङ्कर यसपटक भने राजदूतका रूपमा नभएर विदेशमन्त्रीको हैसियतमा नेपाल भ्रमणमा आउन लागेका हुन्। उनको नकारात्मक छविका कारण काठमाडौं भ्रमण सुरुमै शङ्कास्पद रूपमा हेरिएको छ।

मोदी सरकारले नेपालमाथि लगाएको नाकाबन्दी उसकै लागि प्रत्युत्पादक बन्न गयो। दिल्ली आफ्नो अमानवीय, प्रभुत्ववादी र विस्तारवादी नीतिका कारण बन्न गएको कुरूप अनुहार धोइपखाली गर्न चाहन्थ्यो। नेपाल सरकार राष्ट्रवादी मुकुण्डो यथावत् राखेर नयाँदिल्लीको आशीर्वाद चाहन्थ्यो। 'बिरामीले खान चाहेको ओखती र धामीले दिन चाहेको ओखती मिल्यो' भनेझैं आपसी सम्बन्धमा रहेका समस्या समाधान गर्न भन्दै दुवै देशका प्रबुद्ध व्यक्तित्व संलग्न ईपीजी गठन गरियो। तर भारत सरकारले आफ्नै सिफारिसमा गठित उक्त समूहको प्रतिवेदन एक वर्ष नाघिसक्दा पनि बुझ्न



मानेको छैन। त्यसबाट भारत सरकारको रणनीति र मनोविज्ञान सहजै बुझ्न सकिन्छ।

भारतले नेपालका ७१ भन्दा बढी स्थानमा नेपाली भूमि अतिक्रमण गरेको छ। सुस्तामा हजारौं हेक्टर जमिनमाथि भारतको अतिक्रमण छ। कालापानीमा त भारतीय सेनाले कब्जा गरेरै बसिरहेको छ। सन् १९५० को 'शान्ति तथा मैत्री सन्धि' ले नेपाललाई भारतको छाताभित्र कैद गरेको छ। त्यसप्रकारका दर्जनौं सन्धि-सम्झौताको पुनर्मूल्याङ्कन वा खारेजीको प्रश्न नेपाल र भारतको आपसी सम्बन्धको कडी हो। तर यी अहम् विषयहरू जयशङ्करको भ्रमणका प्रस्तावहरूभित्र परेका छैनन्। त्यसो हो भने भारतीय विदेशमन्त्रीको काठमाडौं भ्रमणको अभिप्राय के होला त ? स्वाभाविक रूपले प्रश्न उठेको छ।

नेपाल भ्रमणका लागि मोदी-यात्राको चर्चा भएको थियो। तर कस्मिर घटनाका कारण पैदा भएको व्यस्तता र सम्भावित आलोचनाका कारण उनले तत्काल नेपाल भ्रमण नगर्ने भए र जयशङ्करको भ्रमण तय भएको देखिन्छ। कस्मिरमा भएको अतिक्रमण, स्थापित मूल्यप्रतिको अनादर तथा ज्यादतीका पक्षमा नेपालको समर्थन जुटाउने उद्देश्यले जयशङ्करको काठमाडौं यात्रा हुन लागेको बुझ्न सकिन्छ जुन यात्राको उद्देश्य नै गलत छ र नेपालको अपेक्षाको प्रतिकूल रहेको छ। जयशङ्करको काठमाडौं सयरको दोस्रो सरोकार भनेको सुनकोसी-कमला डाइभर्सन र कोसी उच्चबाँध हो। गत महिना भएको दुई देशको संयुक्त बैठकमा नेपाली पक्षले अहिलेकै अवस्थामा उक्त परियोजना अगाडि बढाउन नसकिने र विराटनगरस्थित कार्यालय बन्द गर्नुपर्ने धारणा राखिरहेको अवस्थामा भारतीय पक्षले नेपाली पक्ष, सरकार जनमत विभाजित गराएर कोसी उच्चबाँध परियोजना चालू गर्न चाहन्छ। जयशङ्करको काठमाडौं रमणको चौथो अघोषित कारण चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणलाई तगारो हाल्नु हो। नेपालमा चिनियाँ प्रभाव बढिरहेको मिथ्या र अनावश्यक चर्चा भारतीय सञ्चारमा सनसनी (भाइरल) भइरहेको अवस्थामा चीनका राष्ट्रपतिको नेपाल भ्रमण चर्चा नै दिल्लीका लागि टाउको दुखाइको कारण बनेको छ। नेपालमा भारतका उच्च स्तरका अधिकारीको भ्रमण पातलो हुनु, चर्चामा आएका भ्रमणहरू नहुनु, भाजपाद्वारा नेपाललाई हिन्दु राष्ट्रका रूपमा देख्न चहेको गैरकूटनीतिक धारणा सार्वजनिक हुनु र नेपालमा पूर्वपञ्च र राजावादीहरूको मनोबल तथा गतिविधि बढ्नुजस्ता घटनाहरूलाई अन्तरसम्बन्धित सन्दर्भमा हेरिएको छ। वली नेतृत्वको सरकार कतिसम्म कमजोर भएको छ भने केही दिनयता चितवनमा सरकार र प्रचण्ड घरानाका बाँकी पृष्ठ ७ मा

## जनयुद्धकालमा कब्जा गरिएको जग्गा जनपरिषद्को नियन्त्रणमा

**सल्यान :** जनयुद्धमा कब्जा गरिएका सामन्तका घरजग्गा प्रचण्ड-बाबुरामले शान्तिप्रक्रियामा आएपछि फिर्ता गरेको भन्दै नेपाल कम्युनिस्ट पार्टीले पुनः कब्जा गर्ने जनाएको छ। सल्यान छत्रेश्वरी गाउँपालिका ६ लान्तीमा रहेको ६ रोपनी खैराबाङ मन्दिरका नामको जग्गालाई मगरात स्वायत्त प्रदेशअन्तर्गत जिल्ला जनपरिषद् सल्यानले शनिबार आफ्नो नियन्त्रणमा लिएको समाचारमा जनाइएको छ।

जनपरिषद्ले कालो ब्यानर राखेर भनेको छ, 'परिवर्तनकारी जनतालाई ... बाँकी पृष्ठ ७ मा

## एनसेलको टावर ध्वस्त, नेटवर्क अवरुद्ध

दाङमा एनसेलको टावरमा आगो लगाइएको छ। गएराति परिचय नखुलेको शक्तिले शान्तिनगर गाउँपालिका ५ रगैंचामा रहेको टावरमा आगो लगाएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ। प्रहरी नायब उपरीक्षक विनोदविक्रम शाहका अनुसार टावरको जेनेरेटर र तारमा क्षति पुगेको छ।

टावरमा नेकपाले आगो लगाएको हुनसक्ने उनले बताए। यसअघि ... बाँकी पृष्ठ ७ मा

## सहिद स्मृति प्रतीक्षालय बन्दै



■ भीमप्रसाद चापागाईं/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले चितवन राप्ती नगरपालिका ११ स्थित ओनेबाङमा सहिद स्मृति प्रतीक्षालय निर्माण गरिरहेको जानकारी प्राप्त भएको छ। पार्टी जिल्ला इन्चार्ज शार्दूलले रातो खबरलाई उक्त जानकारी दिएका हुन्।

समाचारमा जनाइएअनुसार जनकल्याण सामुदायिक बनले सहिद स्मृति प्रतीक्षालयका लागि निःशुल्क काठ उपलब्ध गराएको छ। स्थानीय बासिन्दाले श्रमदान गरेको र अन्य लगानी नेकपा राप्ती नगरपालिका समितिले गरेको जानकारी पनि उनले दिए। प्रतीक्षालय निर्माणका लागि काठ र श्रमदानबाहेक अनुमानित लागत सात लाख रुपैयाँ लाग्ने बताइएको छ। नगरको १० र ११ वडाको बीच ओनेबाङ भञ्ज्याङमा ... बाँकी पृष्ठ ७ मा

## सुराकी गर्नेलाई कडा कारबाही गर्ने युवा सङ्गठनको चेतावनी

■ गोपाल गिरी/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन नेपाल भेरी-कर्णाली ब्युरो संयोजक दीपले कार्यकर्ता तथा समर्थकविरुद्ध सुराकी गर्ने र दमन-धरपकड गर्न प्रहरीलाई उक्साउने जनघाती कदम बन्द गर्न अनुरोध गरेको छ। भेरी-कर्णाली ब्युरो संयोजक दीपले बिहीबार विज्ञप्ति जारी गरी केपी-प्रचण्ड सरकारका कमिसन, दलाली माफियागिरी, राष्ट्रघात-जनघात, भ्रष्टाचार, करआतङ्कजस्ता गलत प्रवृत्तिका विरुद्ध नेकपाले आफ्नो सङ्घर्षलाई घनीभूत पार्ने र नेपाली जनतालाई वास्तविक जनताको 'सत्ता वैज्ञानिक समाजवादी सत्ता' स्थापना गर्ने महान् अभियानमा अघि बढिरहेको सन्दर्भमा वर्तमान दलाल सत्ताको केपी-पीके सरकार र उसको चारो खाने भरौटेहरूले नेकपा समर्थक जनतामाथि सुराकी गर्ने, प्रहरी लगाएर दमन तथा धरकपड गर्ने र मुठभेडको नाममा हत्या गर्ने गरेकोप्रति घोर विरोध गर्दै कडा कारबाही गर्ने चेतावनी दिएका छन्।

ब्युरो संयोजक दीपले विज्ञप्तिमा भनेका छन्, 'वर्तमान दलाल पुँजीवादी सत्ताको केपी-प्रचण्डको सरकार कमिसन, दलाली, माफियागिरी, राष्ट्रघात-जनघात, भ्रष्टाचार, करआतङ्कको आहालमा डुबेको छ। विश्वभर खास वास्तविक कम्युनिस्टको बदनाम गर्न कम्युनिस्ट भनेका झनै ... बाँकी पृष्ठ ७ मा

## मुख्यमन्त्रीलाई लक्षित गरी बम विस्फोट

■ रातोखबर संवाददाता/कालीकोट

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई लक्षित गरी नेकपाका कार्यकर्ताले पुनः बम विस्फोट गराएका छन्। यसअघिदेखि पनि उनलाई लक्षित गर्दै बम विस्फोट गराउँदै आएको उक्त पार्टीले पुनः दुईवटा बम विस्फोट गराएको छ। गृह जिल्ला कालीकोटको निर्वाचन क्षेत्रको भ्रमणमा रहेका मुख्यमन्त्री शाहीलाई लक्षित गरी बुधबार पचाल झरनाको फेदमा र बिहीबार रास्कोटमा बम बिस्फोट गराइएको हो।

जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रमुख डीएसपी विनोद शर्माले कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई लक्षित गरी दुईवटा बम विस्फोट गराएको बताएका छन्। उनका अनुसार बुधबार बेलुका पचालझरना गाउँपालिकाले आयोजना गरेको सभामा सम्बोधन गरिरहेका बेला कार्यक्रम स्थलबाट ५ किलोमिटर टाढा दुईवटा बम विस्फोट भएका थिए।

त्यसैगरी बिहीबार बिहान १० बजे रास्कोट नगरपालिकाको मौलाकोटमा पनि दुईवटा बम विस्फोट गराइएको डीएसपी शर्माले बताए। नेकपाका जिल्ला सेक्रेटरी मनीलाल ऐडीले मुख्यमन्त्री शाहीसहित ठूलो सुरक्षा फौज आफ्नो अनुमतिबिना आधारइलाकामा प्रवेश गरेकाले साङ्केतिक रूपमा प्रतिरोध गरिएको बताए।

'अहिले संसदीय दलाल राज्यसत्ता र नेकपाको जनसत्ताबीचको लडाइँ चलिरहेको छ', ऐडीने भने, 'हामीले प्रतिबन्ध लगाएको सत्ताका मान्छेहरू आउँदा साङ्केतिक रूपमा बम विस्फोट गराएर विरोध जनाएका हौं।' अझै अटेर गरी आफ्नो आधारइलाकामा गतिविधि बढाए सशक्त प्रतिकार ... बाँकी पृष्ठ ७ मा

## अस्पतालले पौडेलको पोस्टमार्टम रिपोर्ट दिएन



■ अम्बिका चन्द/काठमाडौं

प्रहरीले गोली प्रहार गरी हत्या गरेका नेकपाका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको पोस्टमार्टम रिपोर्ट दुई महिनासम्म पनि प्राप्त भएको छैन। जिल्ला अस्पतालले पोस्टमार्टम रिपोर्ट नबुझाएको कारण घटनाको छानबिनप्रक्रिया नै अवरुद्ध हुनपुगेको छ। प्रहरीको ... बाँकी पृष्ठ ७ मा

# दार्शनिक घोषणापत्र

**देश/परिवेश**

■ हेमन्तप्रसाद ओली 'सुदर्शन'



(१)

आजभन्दा १ सय ७१ वर्षपहिले कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले साम्यवादी दलको घोषणापत्र प्रकाशन गर्नुभएको थियो। यो घोषणापत्र ती लाखौं मजदुर, किसान आन्दोलन, हजारौंको बलिदान, साम्यवादी चिन्तकहरूको योगदान, न्यायप्रिय सङ्घ र कम्युनिस्ट लिगका नेता तथा कार्यकर्ताहरूको कठोर त्याग, तपस्या, यातना र बलिदानको संश्लेषण हो। यही कारणले गर्दा मार्क्स-एङ्गेल्सले श्रमजीवी तथा सर्वहारावर्गमा भौतिक हतियार भेट्टाउनुभयो भने श्रमजीवी तथा सर्वहारावर्गले उहाँहरूको दर्शनशास्त्रमा बौद्धिक हतियार भेट्टायो। उहाँहरूले आफ्नो समयसम्म मानव जातिले हासिल गरेको ज्ञानको समग्र विश्लेषण गरेर बौद्धिक सारतत्व निकाल्नुभयो। त्यसैले उहाँहरूको दर्शन सर्वशक्तिमान र सार्वभौम भएको छ।

हेगेलको आदर्शवादी द्वन्द्ववाद, फायरबाखको अधिभूतवादी भौतिकवाद, कान्टको अज्ञेयवादी आदर्शवाद र प्रुँधो-बाकुनिनको अराजकतावादी व्यक्तिवादविरुद्ध भीषण सङ्घर्षका बीचबाट द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणको संश्लेषण गरेपछि मात्र उहाँहरूले यसलाई जीवन-व्यवहारमा लैजान विश्व-साम्यवादी दलको घोषणापत्र जारी गर्नुभएको थियो। यहाँ भन्न खोजिएको के हो भने विश्वदृष्टिकोणमा स्पष्ट भएपछि मात्र उहाँहरूले कम्युनिस्ट लिगका तर्फबाट उक्त घोषणापत्र लेख्नुभएको थियो। मार्क्सले आफ्नो विद्यावारिधि नै 'एपिक्युरियन र डेमोक्रिटियन दर्शनबीच भिन्नता' लेखेर गर्नुभएको थियो। त्यसपछि धर्म र दर्शनबारे बहस चलाउनुभएको थियो। १८४४ मा उहाँले हेगेलको कानुन दर्शनमा आलोचनामा योगदान शीर्षकको प्रसिद्ध आलेखमा धर्मको आलोचना गर्दै संश्लेषण गर्नुभएको छ, 'धर्म जनताका लागि अफिम नै हो।' उक्त आलेखमा के पनि भनिएको छ भने ईश्वरले मानिसको सृष्टि गरेको होइन, बरु मानिसले ईश्वरको सृष्टि गरेको हो। त्यसरी नै उक्त कृतिमा उहाँले धर्म भनेको भ्रम भएकाले भ्रमको आवश्यकता पर्ने राज्यकै अन्त्य गर्ने घोषणा गर्नुभएको थियो। धर्मको आलोचना गर्दै उहाँ यस्तो निष्कर्षमा पुग्नुभयो, 'निश्चय नै आलोचनाको हतियारले हतियारको आलोचनालाई ढाल्न सक्दैन। भौतिक शक्तिलाई ...बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# दोरम्बा हत्याकाण्ड र सहिदका सपना

नेकपा (माओवादी) को नेतृत्वमा सञ्चालित जनयुद्ध उत्कर्षमा पुग्दै गर्दा २०६० साल साउन ३२ गते रामेछाप जिल्लाको दोरम्बा-डाँडाकटेरीमा माओवादी नेताहरूको सामूहिक रूपमा क्रूर हत्या भएको १६ वर्ष पुगेर १७ वर्ष लागेको छ। जनयुद्धको राप र तापले गालेको शाहीसत्ता टिकाउने अन्तिम प्रयासस्वरूप ज्ञानेन्द्र शाहीको चाकरका रूपमा प्रधानमन्त्रीमा नियुक्त गरिएका सूर्यबहादुर थापाको निर्देशन र शाही अमेरिकी सेनाको योजनामा उक्त कुख्यात हत्याकाण्ड मच्चाइएको थियो। पञ्चायती शासनसत्ता टिकाउन खोकु छिन्ताङमा नरसंहार गर्ने थापालाई नै उक्त हत्याकाण्डका लागि असल पात्रका रूपमा अघि सारिएको बुझ्न कुनै कठिनाइ पर्दैन।

अन्तर्राष्ट्रिय रूपमै कुख्यात अपराधका रूपमा बदमान उक्त हत्याकाण्डको १६ वर्ष बितिसक्दा पनि अपराधीहरूमाथि कारबाही हुनु त परै जाओस्, तिनलाई प्रोत्साहन गरिएको छ । विडम्बनाको कुरा त के छ भने त्यतिबेला जनयुद्ध सञ्चालन गर्ने मुख्य कमान्डर पुष्पकमल दाहाल नै यतिबेला सरकार सञ्चालन गरिरहेका छन् । जनयुद्धका अधुरा सपनाहरू पूरा गर्न नेकपाले सञ्चालन गरेको एकीकृत जनक्रान्तिमा लामबद्ध योद्धाहरूलाई दाहाल नै सत्ता र सरकारको पनि हर्ताकर्ता भएको समयमा दोरम्बा हत्याकाण्डकै शैलीमा हत्या गर्ने फासिवादी हर्कतको पुनरावृत्ति भएको छ। यो घोर निन्दनीय कार्य हो। हिजो दोरम्बालगायत देशैभर गैरन्यायिक हत्या गर्ने अपराधीहरू र आज सर्लाही, खोटाङ, भोजपुरलगायत स्थानमा गैरन्यायिक हत्या गर्ने अपराधी सबैलाई कारबाही हुनुपर्छ।

कुख्यात दोरम्बा हत्याकाण्डको समयमा नेकपा (माओवादी) र तत्कालीन शाहीसत्ताका बीचमा घमासान लडाइँ थियो। शाहीसत्ताका मतियारहरू अर्थात् तत्कालीन दरबारिया शक्तिहरू, राप्रपा, एमाले र नेपाली काङ्ग्रेसहरू कुनै न कुनै नामको राजतन्त्र टिकाएर नेपाली जनतामाथि शासन गरिरहन चाहन्थे। उनीहरूको उद्देश्य सत्तामा राजतन्त्र नै रहिरहोस् तर आफू सरकारमा पुग्नुपर्छ भन्ने थियो भने जनयुद्धरत नेकपा (माओवादी) जनयुद्धको बलमा न्यूनतम् संविधानसभाको चुनाव गराएर राजतन्त्रको अन्त्य गर्न चाहन्थ्यो। राजतन्त्रको अन्त्यसँगै नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवादमा फड्को मार्न चाहन्थ्यो तर तत्कालीन शासकहरू माओवादीलाई आतङ्ककारी करार गरिरहेका थिए। जनयुद्धको बलमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल दुवै पराजित भइसकेपछि शाहीसत्ताले राज्यको सुरक्षाका लागि स्थापित सेनालाई माओवादीविरुद्ध दुरुपयोग गरेको थियो। देशभर जनमुक्ति सेना र शाहीसेनाका बीच घमासान लडाइँ हुने र माओवादीको विजयशृङ्खला अद्भुत रूपले अघि बढिरहेको अवस्था थियो। शाहीसेना पनि पराजयको अन्तिम अवस्थातिर पुगेपछि अमेरिकी साम्राज्यवादको योजना र उपस्थितिमा शाहीसेनाको नयाँ किल्लाबन्दी (फोर्टिफिकेसन) गरिएको थियो। युद्धको चाप र माओवादीको विजयअभियानकै बीचमा शाही सरकार वार्ताका लागि बाध्य भएको थियो भने राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिक्रान्तिकारी, प्रतिगामी र यथास्थितिवादी शक्तिहरू कसैगरी पनि माओवादीलाई जित्न दिनु नहुने, बरु युद्ध भड्काउनुपर्ने षड्यन्त्रमा थिए। दाङको हापुरेमा वार्ता भइरहेको समयमा दोरम्बामा निहत्था अवस्थामा पार्टी बैठक बस्ने तयारी गरिरहेका नेकपा माओवादीका क्षेत्रीय स्तरका २१ जना नेताहरूलाई मेजर राममणि पोखरेल नेतृत्वको शाहीफौजले घेराबन्दी गरी दोरम्बा बजारबाट डाँडाकटेरीमा पुर्‍याएर लाम लगाई क्रूर ढङ्गले बीभत्स रूपमा हत्या गरेको थियो। संविधानसभासम्म दिन नमान्ने सत्ता पक्ष र संविधानसभासम्म पनि जान तयार नहुने संसदीय दलहरूको अकर्मण्यता, षड्यन्त्र र योजनाका कारण दोरम्बाको कुख्यात हत्याकाण्ड मच्चाइएको थियो। उक्त हत्याकाण्डपछि माओवादी वार्ता भङ्ग गरेर युद्ध सञ्चालन गर्नुपर्ने बाध्यतामा पुगेको थियो। तत्कालीन राष्ट्रिय मानवअधिकार आयोगले समेत उक्त हत्याकाण्ड नियोजित भएको ठहर गर्दै दोषीमाथि कारबाही गर्नुपर्ने सिफारिस गरेको थियो तर तत्कालीन शाही सरकार त परै जाओस्, २०६२/०६३ पछि गठित आफूलाई लोकतान्त्रिक भन्न रुचाउने सरकारहरूले समेत हत्याराहरूलाई कारबाही गर्नतिर कुनै चासो दिएनन् र सत्ताको हत्यासंस्कृतिलाई प्रोत्साहन दिइराखे। विडम्बनाको कुरा जनयुद्ध सञ्चालन गर्ने पुष्पकमल दहाल र बाबुराम भट्टराई नै प्रधानमन्त्री हुँदा पनि जनयुद्धकालका कुनै अपराधीमाथि कारबाही भएन। उल्टै शाहीसेनाबाट विद्रोह गरी जनमुक्ति सेनामा सामेल भएर शाहीसत्ताविरुद्ध लड्ने योद्धाहरुलाई खोजीखोजी अहिले काराबास सजाय भइरहेको विडम्बनापूर्ण स्थिति छ। जनयुद्धका नायकहरुकै अकर्मण्यताका कारण आजसम्म सत्ता, सत्ताको चरित्र फासिवादी नै रहेको छ, तात्विक रूपले भिन्न हुन सकेको छैन।

दोरम्बा हत्याकाण्ड इतिहास बने पनि घटनाका दुष्परिणामहरू नेपालको राजनीतिक आन्दोलनका लागि गतिलो पाठ साबित भएका छन्। दोरम्बा हत्याकाण्डपछि पुनः जनयुद्धमा फर्किएको माओवादीसहितको जनआन्दोलनबाट राजतन्त्रात्मक संसदीय व्यवस्थाको अन्त्य भयो। राजतन्त्रको अन्त्य भएर गणतन्त्र घोषणा भयो तर सत्ताको चरित्र बदलिएन। माओवादीको मागअनुसार नै संविधानसभाको चुनाव पनि भयो तर सक्कली संविधानसभाको हत्या गरेर नक्कली संविधानसभाको बुख्याँचा तयार गर्दै परिवर्तनकारीहरूलाई पाखा लगाइयो। यसको प्रमुख कारण जनयुद्धको मूल नेतृत्वको दलाली, गद्दारी र पलायन थियो। हजारौँ सहिदको बलिदानको जगमा अघि बढेको जनयुद्धको अन्त्य देश र जनताको आवश्यकतामा नभएर पार्टीको शीर्ष नेताको सनक र लहडको भरमा गरियो। जनताको त्याग, शौर्य र बलिदानमा निर्मित जनसत्ता, जनसेना, हतियार, न्यायालय सबै पुष्पकमल दाहाल एन्ड बाबुराम कम्पनीले यथास्थितिवादी सत्तासँग साटे। परिणाम देशको आवश्यकता र जनताको अपेक्षाको ठीक उल्टो भयो। सत्ता यथास्थितिवादी मात्र होइन, प्रतिक्रियावादी बन्दै गयो। गणतन्त्र र सङ्घीयता नाम मात्रका 'बिहारी शैली' का भए। हिजो जनयुद्धका नायक आज दलाल संसदीय व्यवस्थाका रक्षक र कमान्डर बने। हिजो जनयुद्धमा भविष्य देख्ने जनमुक्ति सेनाको विघटनपछि उनीहरूको दिनचर्या कष्टपूर्ण र अपमानपूर्ण बन्यो। महान् सहिद परिवार, बेपत्ता योद्धा परिवार र घाइते-अपाङ्ग योद्धाहरूका सपना भताभुङ्ग भए। जसको शक्तिका कारण प्रचण्ड-बाबुरामहरू नेता भएका थिए, आज उनीहरूले सहिद, बेपत्ता र घाइते अपाङ्गहरूलाई बिर्सिए, अपमान गरे।

इतिहास निर्मम ढङ्गले अघि बढिरहेको छ। प्रचण्ड-बाबुरामहरूले धुलोमा मिल्काएको क्रान्तिको रातो झन्डा उठाएर नेकपाले एकीकृत जनक्रान्तिको अभियानमा फर्फराएको छ। दोरम्बालगायत जनयुद्धका महान् सहिदहरूको सपना साकार पार्ने अभियानमा १० जना वीरवीराङ्गनाहरूले एकीकृत जनक्रान्तिको महान् सहिदमा नाम लेखाइसकेका छन्। एकीकृत जनक्रान्तिको सफलताबाट स्थापना हुने वैज्ञानिक समाजवादी सत्ताले मात्र दोरम्बालगायत महान् जनयुद्ध, एकीकृत जनक्रान्ति र इतिहासका खासखास क्षणहरूमा आमूल परिवर्तनका लागि त्याग, शौर्य र बलिदान गर्ने महान् सहिदहरूको सपना साकार पार्नेछ। त्यतिबेला सबै किसिमका प्रतिगामी, प्रतिक्रियावादी र यथास्थितिवादी दलाल र गद्दारहरूका सपना भताभुङ्ग हुनेछन्।

# सहिद कमरेड निरकुमार राई 'प्रशान्त' : एक शब्दचित्र


अमर झाँक्री 'सञ्जीव'

*दुवै हात पछिल्तिर फर्काएर बाँधिएको अवस्था, कञ्चटमा हानिएको गोलीका कारण रगतको आहालमा घोप्टो परेर ढलेको शरीर। कस्तो भयावह र दर्दनाक हत्याकाण्ड! एकछिन आफूलाई सम्हाल्न गाह्रो भयो। फेरि एकचोटि गहिरो गरी फोटो हेरेँ। अब भने विश्वास गर्नैपर्ने भयो। आँखाभरि बलिन्द्रधारा आँसुसँगै एक्लै मौणधारण गरेँ।*

२५ असार २०७६ को दिन सामाजिक सञ्जाल तथा विभिन्न सञ्चार माध्यमहरूमा भोजपुर जिल्लाको सदरमुकाममा प्रहरी र विप्लवका कार्यकर्ताबीच भिडन्तका क्रममा प्रहरीतर्फ प्रहरी जवान सञ्जीव राईको मृत्यु, प्रहरी जवान सोमनाथ भटराई घाइते भएको र विप्लव कार्यकर्तातर्फ ओखलढुङ्गा इन्चार्ज निरकुमार राईको मृत्यु एवम् एक कार्यकर्ता प्रहरीको नियन्त्रणमा रहेको कुरा व्यापक हल्ला चलाइयो। एकजना कमरेडले फेसबुकमा पोस्ट गरेको एउटा फोटो देखाउँदै भन्नुभयो- कमरेड निरकुमार राई उहाँ नै हो सर। एकछिन हेरेँ। दुवै हात पछिल्तिर फर्काएर बाँधिएको अवस्था, कञ्चटमा हानिएको गोलीका कारण रगतको आहालमा घोप्टो परेर ढलेको शरीर। कस्तो भयावह र दर्दनाक हत्याकाण्ड! एकछिन आफूलाई समाल्न गाह्रो भयो। फेरि एकचोटि गहिरो गरी फोटो हेरेँ। अब भने विश्वास गर्नैपर्ने भयो। आँखाभरि बलिन्द्रधारा आँसुसँगै एक्लै मौणधारण गरेँ। पार्टी केन्द्रीय समितिद्वारा सञ्चालन गरिएको ३ महिने सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ अन्तर्गत उदयपुर जिल्लामा उहाँसँग बिताएका दिनहरूको गहिरो स्मरण भयो। अति मिलनसार, हँसिलो, होनहार, भर्भराउँदो क्रान्तिकारी युवा, जनयुद्धमा बटालियन कमान्डरसम्मको भूमिकामा दुई दर्जनभन्दा बढी युद्धमोर्चाका अनुभवहरू सँगालेको, कुशल कमान्डर, जनतासँग एकाकार हुनसक्ने बहु प्रतिभाशाली कमरेड निरकुमार राई 'प्रशान्त' एकीकृत जनक्रान्तिको एउटा कहिल्यै ननिभ्ने तारा बन्नुभएको छ। उहाँ नेपाल कम्युनिस्ट पार्टीका सगरमाथा ब्युरो सदस्य तथा ओखलढुङ्गा जिल्ला समितिको सचिव हुनुहुन्थ्यो। त्यस समयमा पारिवारिक भेटघाटका क्रममा भोजपुर सदरमुकाममा जानुभएको थियो (जहाँ उहाँका श्रीमती र छोरा कोठा भाडामा लिएर बस्नुभएको थियो)। एउटा होटेलमा चिया खाइरहेको अवस्थामा कथित दोहोरो मुठभेडका नाममा उहाँमाथि सामाजिक दलाल सत्ताका केही पहरेदार प्रहरीहरूद्वारा गरिएको दुर्व्यवहार र प्रतिरोधका दौरानमा जुन घटनाक्रम सतहमा देखापर्‍यो त्यसले वर्तमान सरकारको सामाजिक फासिवादी हर्कतलाई स्पष्ट गर्दछ। देशव्यापी नक्कली मुठभेडको बहानामा भइरहेका हत्याकाण्डका शृङ्खलाको निरन्तरतामा गराइएको यो पछिल्लो भोजपुर घटना निकै क्रूर, अमानवीय, घोर भर्त्सनापूर्ण र निन्दनीय छ।

वास्तवमा जीवन र मृत्यु प्रकृति विज्ञानको एउटा अनिवार्य नियम हो। जुन वस्तुको जन्म हुन्छ, त्यसको मृत्यु अनिवार्य छ। यसलाई हेर्ने र बुझ्ने मानवीय स्वभाव विश्वदृष्टिकोणमा निर्भर रहन्छ। सर्वहारावर्गीय विश्वदृष्टिकोणका अनुसार कुनै पनि वस्तुको जन्मपछि मृत्यु अनिवार्य हुन्छ भने पुँजीवादी दृष्टिकोणअनुसार पूर्वजन्मको फलका आधारमा जन्म र मृत्यु हुने कुरा अर्थ्याइन्छ। सर्वहारावर्गीय विश्वदृष्टिकोणले पुँजीवादी राज्यसत्ताको दासताको बन्धनबाट मुक्ति पाउन क्रान्तिमा सहभागी हुनुपर्छ जहाँ मृत्यु, जेल, देश निकाला एउटा अनिवार्य परिणति हुने कुरालाई स्वीकार गर्दछ भने पुँजीवादी विश्वदृष्टिकोणले जिन्दगी भगवान्ले बनाएको एउटा फूल भएकाले जसरी हुन्छ कमाउनुपर्छ र मोजमस्ती गर्नुपर्छ भन्ने मान्यता अगाडि सार्छ। यसप्रकारको परस्पर विरोधी विश्वदृष्टिकोणका बीचमा मानव समाजमा आदिकालदेखि सङ्घर्ष चल्दै आइरहेको छ। हो, कमरेड प्रशान्त सर्वहारावर्गीय विश्वदृष्टिकोणका पक्षपाती एवम् प्रतिबद्ध र समर्पित एउटा क्रान्तिकारी योद्धा हुनुहुन्थ्यो जसले राष्ट्र र जनताका लागि सञ्चालित एकीकृत जनक्रान्तिमा आफूलाई होम्नुभयो र पार्टी एवम् क्रान्तिमा आबद्ध नेता-कार्यकर्तालाई मार्गदर्शन गर्ने एउटा महान् सपूतका रूपमा आफूलाई उभ्याउन सफल हुनुभयो।

२०३८ साल फागुनमा बुबा रेखबहादुर राई र आमा गङ्गामाया राईको सन्तानका रूपमा भोजपुर जिल्लाको साबिक गोया गाविस वडा नं. ८ र हाल षडानन्द नगरपालिका वार्ड नं. १३ गोयामा जन्मनुभएका कमरेड प्रशान्त २०५८ देखि पूर्णकालीन रूपमा तत्कालीन नेकपा (माओवादी) मा आबद्ध हुनुभएको थियो। सोही वर्षदेखि जनमुक्ति सेनाको नियमित शक्तिमा सहभागी हुनुभएका कमरेड प्रशान्तले दुई दर्जनभन्दा बढी ठूल्ठूला ऐतिहासिक युद्धमोर्चामा सफलतापूर्वक भूमिका निर्वाह गर्नुभएको थियो। जनयुद्धका तत्कालीन मुख्य नेतृत्वहरूमा देखापरेको विचलन र धोकाको पृष्ठभूमिमा सञ्चालन गरिएको राजनीतिक तथा विचारधारात्मक सङ्घर्षमा उहाँले क्रान्तिकारी नेतृत्व र विचारका पक्षमा आफूलाई उभ्याउनुभयो। निरन्तर क्रान्तिका पक्षधर सहिद प्रशान्त बहुप्रतिभाशाली नेता तथा कुशल कमान्डर हुनुहुन्थ्यो। उहाँबाट एकीकृत जनक्रान्तिमा लामबद्ध नेता-कार्यकर्ताहरूले सिक्नु आवश्यक छ-

१) कुशल सङ्गठक र असल नेता

वास्तवमा कमरेड प्रशान्तसँग मेरो त्यति लामो सहकार्य नभए पनि गएको सङ्गठन विस्तार तथा सुदृढीकरण अभियान २ का क्रममा उहाँसँग करिब ३ महिना सँगै रहेर काम गर्ने अवसर प्राप्त भयो। अभियानका क्रममा प्रचारप्रसार, राजनीतिक, वैचारिक, जनश्रम, ध्रुवीकरणका अतिरिक्त करिब ३५० वटा पार्टी तथा जनसङ्गठनहरू निर्माण गरिए जुन काममा उहाँको निर्णायक भूमिका रहेको थियो। जनश्रमद्वारा जनतासँग एकाकार हुने, पार्टीको विचार, योजना र कार्यदिशाको स्पष्ट व्याख्या गर्ने, जनताका समस्याहरूलाई सूत्रबद्ध गर्ने र जनतालाई प्रभावमा राख्न सक्ने क्षमताका




कारण अभियानका लक्ष्यहरू हासिल गर्न सम्भव भएको थियो। कुशल सङ्गठक र असल नेताको मुख्य विशेषता समाजका अन्तरविरोधहरूको सही पहिचान र परिचालनसहित त्यसको वस्तुनिष्ठ ढङ्गले समाधान गर्न सक्नु हो। उपरोक्त मामिलालाई प्रयोग गर्न सकिएन भने राजनीतिक पार्टीहरू आफ्नो उद्देश्यमा पुग्न सक्दैनन्। सहिद कमरेड प्रशान्तले समाजका अन्तरविरोधहरूको सही पहिचान र परिचालनसहित त्यसको वस्तुनिष्ठ ढङ्गले समाधान गर्नसक्ने क्षमता राख्नुहुन्थ्यो। उहाँबाट सिक्नुपर्ने पहिलो गुण कुशल सङ्गठक र असल नेतामा हुनुपर्ने गुण हो।

२) हरेक प्रतिकूलतालाई अनुकूलतामा बदल्नु

एउटा क्रान्तिकारी पार्टीका हरेक नेता-कार्यकर्ताहरूले प्रतिकूलताभित्र अनुकूलता, चुनौतीभित्र अवसर, हारभित्र जित तथा नकारात्मकभित्र सकारात्मक पक्ष विद्यमान रहेको हुन्छ भन्ने द्वन्द्वात्मक भौतिकवादी नियमलाई गहिरो गरी आत्मसात गर्नुपर्छ। यो मामिलालाई सहिद कमरेड प्रशान्तले गहिरो गरी बुझ्ने र व्यवहारतः प्रयोग गर्नुहुन्थ्यो। अभियानका क्रममा थुप्रै प्रतिकूलताहरू, बाधाअड्चनहरू तथा समस्याहरू आइपुगे। सामाजिक दलाल सत्ताका स्थानीय पहरेदारहरूद्वारा हाम्रो अभियानका विरुद्ध विभिन्न षड्यन्त्र र अवरोधहरू उत्पन्न गरिए। त्यसप्रकारको वस्तुगत परिस्थितिको पृष्ठभूमिमा पनि कमरेड प्रशान्तमा प्रतिकूल परिस्थितिको दृढतापूर्वक सामना गर्ने र अगाडि बढ्ने क्षमताका कारण अंशगत क्षति हुँदाहुँदै हाम्रो अभियान सफलतापूर्वक सम्पन्न भएको थियो। वस्तुगत परिस्थिति अर्थात् वर्गसङ्घर्षको समस्या होस् वा आन्तरिक सङ्गठनात्मक जीवनको मामिला वा त्यहाँ उपस्थित प्रतिकूलता होस्। हरेक समस्या र प्रतिकूलताहरूलाई अनुकूलतामा बदल्ने कमरेड प्रशान्तको चारित्रिक विशेषता थियो जो क्रान्तिकारी पार्टीका लागि अनिवार्य सर्त हुने गर्दछ। कमरेड प्रशान्तबाट सिक्नुपर्ने यो दोस्रो गुण हो।

३) अनेक कठिनाइहरूमा खेल्ने आँट र हिम्मत गर्नु

कम्युनिस्ट पार्टीका सम्पूर्ण नेता-कार्यकर्ताहरूले वर्गसङ्घर्षले पैदा गरेका सबैखाले आन्तरिक र बाह्य चुनौतीहरूसँग खेल्ने हिम्मत गर्नै पर्दछ। अन्यथा क्रान्तिकारीहरूले वर्गसङ्घर्षमा आफ्ना विरोधी शक्तिमाथि श्रेष्ठता हासिल गर्न सम्भव हुँदैन। कमरेड प्रशान्त त्यस्तै एउटा हिम्मत र आँट भएको नेता तथा कमान्डर हो जसले हरेक कठिनाइहरूमा साहसपूर्वक अगाडि बढ्ने हिम्मत गर्नुहुन्थ्यो। सिद्धान्तमा क्रान्तिकारी व्यवहारमा अवसरवादी चरित्रको पर्दाफास गर्दै सिद्धान्त र व्यवहारको उचित तालमेलद्वारा क्रान्तिको समुचित विकासका लागि आफूलाई समर्पित गर्ने, अप्ठ्यारो कामका लागि आफूलाई अग्रस्थानमा राख्ने तथा सिङ्गो पार्टी, नेतृत्व र क्रान्तिको रक्षाका लागि जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्ने कमरेड प्रशान्तबाट सिक्नैपर्ने गुण हो।

४) नेतृत्व र कार्यकर्ताबीचको सम्बन्धलाई सजीव बनाउनु

सहिद प्रशान्तको चौथो गुण भनेको नेतृत्व र कार्यकर्ताबीचको सम्बन्धलाई सजीव र जीवन्त बनाइराख्नु हो। एउटा कम्युनिस्ट कार्यकर्ता त्यतिखेरसम्म जीवित रहन्छ जतिखेरसम्म त्यसको वैज्ञानिक विचार, राजनीति र कार्यदिशाका अतिरिक्त सङ्गठनात्मक रूपले आफ्नो नेतृत्व र कार्यकर्तासँगको सम्बन्ध जीवन्त र सजीव रहन्छ। अर्को भाषामा नेता-कार्यकर्ता र जनताबीचको सजीव सम्बन्धद्वारा नै एउटा शक्तिशाली, सुदृढ र एकताबद्ध पार्टी निर्माण सम्भव हुन्छ। क्रान्तिको विजय र पराजयमा मुख्यतः पार्टीको विचार, राजनीति र कार्यदिशाले निर्धारण गर्दछ तर त्यसलाई प्रयोगको तहमा पुर्‍याउन लाल र निपुर्णताको गुणले भरिपूर्ण हजारौँ नेता-कार्यकर्ताको आवश्यकता पर्दछ जो इतिहासको अनुभव र पार्टीको विचार, राजनीति र कार्यदिशाले प्रशिक्षित भएका होऊन्। त्यसका लागि सबै तहका पार्टी समितिहरूमा नियमित बैठक, प्रशिक्षण, अन्तरक्रिया, गोष्ठी तथा भेला-सम्मेलन गरिनु पर्दछ जसबाट सबै स्तरका नेता-कार्यकर्ताहरूका बीचमा सजीव सम्बन्ध कायम गर्न सकियोस्। कमरेड प्रशान्त उल्लिखित विधिहरूको प्रयोगको अतिरिक्त नेतृत्वलाई आदर गर्ने र कार्यकर्तालाई माया गर्नुहुन्थ्यो। उहाँको यो विशेषताले पार्टी आन्दोलनमा यदाकदा देखापर्ने गैरमार्क्सवादी प्रवृत्तिमाथि फर्कंदा अराजक र तल फर्कंदा नोकरशाही बन्ने प्रवृत्तिलाई रोक्ने र नेता-कार्यकर्ताबीचको सम्बन्धलाई सजीव बनाउन हरेक क्रान्तिकारीहरूका लागि निरन्तर प्रेरणा बनिरहनेछ। कमरेड प्रशान्तका यी केही मूलभूत गुणहरू हुन्। यसका अलावा युद्धकौशल, साहित्यिक तथा सांस्कृतिक चेतना, कम्युनिस्ट नैतिकता तथा राजनीतिक, आर्थिक एवम् सङ्गठनात्मक अनुशासनका धनी कमरेड निरकुमार राई 'प्रशान्त' सँग रहेका केही महत्वपूर्ण विशेषता र गुणहरू हुन्।

राजनीतिक विज्ञान समाज विज्ञान पनि हो। यसले समाज रूपान्तरणका लागि निर्णायक भूमिका निर्वाह गर्छ। मानवसमाजको उत्पत्तिदेखि हालसम्म विश्वव्यापी रूपमा जेजति खोज, अनुसन्धान र विकास भएका छन् त्यसका पछाडि राजनीतिक विज्ञानकै भूमिका मुख्य रहेको छ। राजनीतिक विज्ञानको सही प्रयोग र सफलताका लागि समाजको उत्पादन सम्बन्ध र वर्गचरित्रका आधारमा त्यहाँ उपस्थित अन्तरविरोधको समाधानका लागि वैज्ञानिक विचार, राजनीति र कार्यदिशाको मार्गनिर्देशनमा निर्मित जनउत्तरदायी साधन र विधिको निर्माण अनिवार्य सर्त हो जसको नेतृत्वमा हजारौँ र लाखौँ कार्यकर्ता र जनसमुदाय पुरानो राज्यसत्ताका विरुद्ध सङ्गठित रूपमा विद्रोहमा संलग्न हुन्छन् र पुरानो राज्यसत्ताको तख्ता पल्टाउन सफल हुन्छन्। पुरानो राज्यसत्ताका विरुद्ध सङ्गठित गरिने विद्रोह वा सङ्घर्षको प्रक्रियामा ठूल्ठूला बलिदान र क्षतिहरू पनि अनिवार्य रूपमा बेहोर्नु पर्दछ। आज हाम्रो पार्टीले एकीकृत जनक्रान्तिमार्फत नेपालको दलाल संसदीय राजनीतिक व्यवस्था फालेर वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्थाको स्थापना गर्ने अभियानको नेतृत्व गरिरहेको छ। क्रान्तिको यो प्रक्रियामा हाम्रो पार्टीले थुप्रै बलिदान र क्षतिहरू बेहोर्दै अघि बढिरहेको छ। यसै सिलसिलामा हामीले पछिल्लोपटक कुशल कमान्डर तथा जननेता कमरेड प्रशान्तलाई गुमाएका छौँ। योद्धाहरूको बलिदानलेले क्रान्तिलाई कमजोर होइन, अझ शक्तिशाली बनाउँदै विजयको सुनिश्चितता गर्दछ। कमरेड प्रशान्तलगायत सहिदहरूको रगतले संसदीय व्यवस्थाको अन्त्य गर्दै वैज्ञानिक समाजवादको दिग्विजयलाई सुनिश्चित गर्नेछ। सहिद कमरेड निरकुमार राई अमर रहून्। एकीकृत जनक्रान्ति जिन्दावाद ! वैज्ञानिक समाजवाद जिन्दावाद !!

पृष्ठ १ बाट क्रमशः

# दार्शनिक घोषणापत्र

ढाल्न भौतिक शक्ति नै चाहिन्छ । तर विचारले पनि जति छिटो जनताको हृदयमा ठाउँ लिन्छ, त्यति छिटो यो भौतिक शक्तिमा रूपान्तरण हुन्छ ।' यसको अर्थ धर्मको सहारासहित बन्दुकको आडमा बाँचेको पुरानो राज्यसत्ताको धर्मप्रति आलोचना गरेर मात्र त्यो ढल्दैन । यसका लागि वैज्ञानिक विचारधारालाई जनबलमा रूपान्तरण गर्नुपर्दछ ।

कार्ल मार्क्सका सर्वश्रेष्ठ उत्तराधिकारी लेनिनले धर्मलाई 'फलहीन फूल' भन्नुभएको छ तर उहाँकै भनाइअनुसार यो फलहीन फूलका जराहरू उर्वर धर्तीमा गाडिएकाले शक्तिशाली छ । यसलाई सजिलै ढाल्न सकिँदैन । यो वास्तवमा अधिभूतवादी आदर्शवाद एवम् अध्यात्मवादको आधार बनेको छ । उहाँले के पनि भन्नुभएको छ भने साम्यवादी दलमा धार्मिक सदस्य हुन सक्दैन । द्वन्द्वात्मक भौतिकवादी मात्र त्यसका सदस्य हुन्छन् । साम्यवादी दललाई समर्थन गर्ने जनता विभिन्न धर्ममा आस्थावान् हुनसक्छन् । ती जनता वैज्ञानिक समाजवादी क्रान्तिको प्रक्रियामा धार्मिक रूढिवादबाट मुक्त हुँदै जानेछन् । उहाँका अनुसार विज्ञानको ज्ञानले धार्मिक रूढिवादको बादल हट्दै जानेछ । जब अधिभूतवादी आदर्शवादका आचार्यहरू विज्ञानको विकास र आविष्कारलाई नै भ्रमित पार्न पैतालादेखि टुप्पीसम्मको बल लगाउन थाले तब लेनिनले सन् १९०८ मा 'भौतिकवाद र आनुभविक आलोचनावाद' नामक प्रसिद्ध कृति रचना गर्नुभयो । अस्ट्रियाली आदर्शवादी दार्शनिक अर्नेस्ट्रो माख र रुसी माखवादीहरूले आधुनिक विज्ञानको बढाइचढाइ चर्चा गर्दै 'पदार्थ लोप भएको' भन्दै घुमाएर भौतिकवादमाथि प्रहार गरे र आदर्शवादको रक्षा गरे । अणु र परमाणु मात्र होइन, बरु इलेक्ट्रोन, प्रोटोन, न्युट्रोनलगायत सूक्ष्म वस्तुहरू पत्ता लागे । यसका साथै पछि प्रतिइलेक्ट्रोन, प्रतिप्रोटोन र प्रतिन्युटनको आविष्कारले द्वन्द्ववादको नियमलाई नै सिद्ध गरेका थिए । माख र माखवादीहरूले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई गलत साबित गर्न ' पदार्थ लोप भएको' घोषणा गरे । उनीहरू त फेरि १७ औं शताब्दीका ह्युम र वर्कले अनि कान्टकै 'वस्तु-आफैं-भित्र' को पश्चगमनमा पुगे । यो संसार जान्न सकिँदैन भन्दै अज्ञेयवादको अन्धकारमा पुगे । देख्न, सुन्न र अनुभूति गर्न नसकिने पदार्थ हुँदैन भन्न थाले उनीहरूले । लेनिनले उनीहरू 'आनुभविक आलोचनावादी' हुन् भनी न्वारान गर्नुभयो भने ' पदार्थ लोप भयो' भन्नेहरूलाई 'पदार्थ लोप भएको होइन, हाम्रो ज्ञानको सीमा लोप भएको हो' भनी जबाफ दिनुभएको थियो । दर्शनशास्त्र निष्पक्ष हुन्छ भन्नेहरूलाई मुखभरिको जबाफ दिँदै उहाँले भन्नुभएको छ, 'दुई हजार वर्षपूर्व जसरी दर्शनशास्त्र पक्षधर थियो, आज पनि उत्तिकै पक्षधर छ ।'

यसरी लेनिनले द्वन्द्वात्मक भौतिकवादको विकास गर्नुभयो र नयाँ रूपमा देखापरेको अधिभूतवादी आदर्शवादको भण्डाफोर गर्नुभयो । लेनिनले भौतिकवादलाई अझ बढी जुझारु र धारिलो बनाउनुभयो । भँडुवा विकासवादको धज्जी उडाउनुभयो उहाँले । उहाँले द्वन्द्ववादको विकास गर्ने समय नै पाउनुभएन । तथापि उहाँले यसको विकासका लागि दार्शनिक नोटबुक तयार पार्नुभएको थियो । दार्शनिक नोटबुकमा नोट गर्दै उहाँले भन्नुभएको छ, 'विपरीतहरूको एकता र सङ्घर्ष नै द्वन्द्ववादको सारतत्व हो...तर यसको व्याख्या र विकासको आवश्यकता छ ।'

उक्त व्याख्या र विकासको कार्यभार माओले आफ्नो काँधमा लिनुभयो । द्वन्द्वात्मक भौतिकवादमा रहने यान्त्रिक भौतिकवादी र अधिभूतवादी समस्या समाधान गर्न उहाँले ' व्यवहारबारे' लेख्नुभयो भने भौतिकवादी द्वन्द्ववादको विकास गर्न 'अन्तरविरोधबारे' जस्ता प्रसिद्ध रचना गर्नुभयो । मार्क्स-एङ्गेल्सले द्वन्द्ववादका तीन नियम : विपरीतहरूको एकता र सङ्घर्ष, मात्राको गुणमा परिवर्तन र गुणको मात्रामा परिवर्तन अनि निषेधको निषेधको व्याख्या र विकास गर्नुभएको थियो । माओले लेनिनकै निष्कर्षअनुसार विपरीतहरूको एकता र सङ्घर्षलाई मुख्य नियम बताउँदै मात्रा र गुण यही नियमअन्तर्गतका विपरीतहरू हुन् भनी संश्लेषण गर्नुभयो भने निषेधको निषेधलाई सच्याउँदै विकासप्रक्रिया सकार-नकार-सकारबाट अघि बढ्ने बताउनुभएको छ । हामीले यी तीन नियमलाई समानान्तरमा आमनेसामने राख्यौं भने अद्वैतवाद होइन, बरु त्रैतवाद हुन्छ भन्ने संश्लेषण उहाँले गर्नुभएको छ । उहाँले यी तीनै नियमलाई एउटै 'अन्तरविरोध' को नियममा संश्लेषण गर्नुभएको छ । प्रकृति, समाज र मानवचिन्तनमा रहेका हजारौँ अन्तरविरोधमा प्रधान अन्तरविरोध पत्ता लगाउने, प्रधान र सहायक अन्तरविरोधको द्वन्द्वात्मक सम्बन्ध तथा प्रधान पहलु पत्ता लगाउने, अन्तरविरोधको मैत्रीपूर्ण र शत्रुतापूर्ण स्थितिको पहिचान गर्ने द्वन्द्ववादको विकास उहाँले गर्नुभयो । यही सिद्धान्तअन्तर्गत 'एक दुईमा विभाजन' को विकास पनि उहाँले गर्नुभयो । यसले गर्दा 'कालो बिरालो होस् वा सेतो, बिरालोको काम मुसा मार्ने हो' भन्ने वर्गसमन्वयवादी सिद्धान्त ध्वस्त भयो । उहाँले धर्मका सम्बन्धमा पनि आफ्नो कृति 'द्वन्द्वात्मक भौतिकवाद' मा विश्लेषण गर्नुभएको छ । धर्म र देवताहरूको उत्पत्ति मानिसको प्रकृति र मानव समाजसम्बन्धी अज्ञानताबाट भएको हो । अध्यात्मवाद र भौतिकवादको लडाइँमा अन्ततः भौतिकवादकै विजय हुनेछ किनभने विज्ञान र सत्यको जित हुनैपर्दछ । त्यसकारण वस्तुगत संसारको विकाससँगै विचारधाराको द्रुत विकास गर्न आवश्यक छ । माओले एक ठाउँमा धर्मबारे कार्यकर्ता र नेतालाई भन्नुभएको छ, 'धनुषलाई तानेर खिच तर नहान ।' नेता र कार्यकर्ताहरूले धार्मिक रूढिवादबारे ऐतिहासिक भौतिकवादी दृष्टिकोणले जनतालाई सचेत बनाउनुपर्दछ । उनीहरू सचेत र विश्वस्त भइसकेपछि धार्मिक रूढिवादका विरुद्धको कार्यक्रममा स्वयम् जनता उत्रिन्छन् । यसले गर्दा जनताको दिलदिमागमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद बलियो भौतिक शक्तिमा रूपान्तरण हुनेछ । यसले उनीहरूको विचारधारात्मक शक्तिको विकास गर्दछ । आजका पुँजीवादी साम्राज्यवादका शासकहरूले आफ्नो शोषण, दमन र उत्पीडन गर्ने माध्यम धर्मलाई बनाएका छन् । धर्मको मुकुन्डो लगाएर उनीहरूले संसारमा हत्या, आतङ्क र प्रभुत्व जमाएर प्राकृतिक साधन-स्रोतको दोहन गरिरहेका छन् ।

त्यसकारण साम्यवादको दोसल्ला ओढेर धार्मिक रूढिवादको पक्षपोषण गर्दै जनताको शोषण, दमन, लुट-खसौट मच्चाउनेहरूलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका शत्रु घोषणा गर्नुपर्दछ । उनीहरू साधारण गोलीभन्दा दस गुणा विध्वंसक चिनीले बेरिएका गोलीहरू; साधारण ब्वाँसोभन्दा दस गुणा खतरनाक भेडाको छाला ओढेका ब्वाँसाहरू; दारा र नङ्ग्रा देखाएका बाघभन्दा दस गुणा डरलाग्दा बाघहरू; सेतो झन्डा बोकेका दुस्मनभन्दा दस गुणा षड्यन्त्रकारी रातो झन्डा बोकेका दुस्मनहरू; सामान्य सर्पभन्दा दस गुणा विषालु हरियो घाँसभित्र लुकेको हरियो सर्प; चर्च, मस्जिद, मन्दिर र गुम्बामा बसेका धर्मभीरुहरूभन्दा दस गुणा भ्रान्तिकारी घोषणा गर्नुपर्दछ । आज हामीले यो खुसी पनि व्यक्त गर्नुपर्दछ- द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको दोसल्ला ओढेका धार्मिक रूढिवादीहरूको जनताका बीचमा शीघ्रतापूर्वक भण्डाफोर भएको छ । उनीहरूको धार्मिक खोल नराम्रोसँग च्यातिएको छ ।

(२)

विश्व साम्यवादी आन्दोलनको मूल समस्या भनेको विश्वदृष्टिकोणको समस्या हो । विश्वदृष्टिकोणको समस्याले गर्दा नै सोभियत सङ्घ, पूर्वीयुरोप र पूर्वीएसियामा प्रतिक्रान्ति भएको हो । यही कारणले गर्दा नै टर्की, फिलिपिन्स, चिली, इन्डोनेसिया, निकारागुवा, पेरू र नेपालमा विजयको सन्निकट पुगेका क्रान्तिहरू असफल भएका हुन् । मार्क्सवाद भनेको कुनै जीवनहीन जडसूत्र होइन, बरु यो परिस्थितिको विकाससहित जीवनशैलीमा जीवन्त ढङ्गले अभिव्यक्त हुने दर्शन हो । सिद्धान्तमाा भौतिकवादको वकालत र जीवनशैलीमा अध्यात्मवाद मार्क्सवाद होइन । यही समस्याको समाधान गर्न माओले चीनमा महान् सर्वहारा सांस्कृतिक क्रान्ति सञ्चालन गर्नुभएको थियो । दर्शनलाई जीवनमा लागू नगर्नु र जीवनमा आएको निरन्तर विकासको गतिलाई दर्शनमा नसमेट्नु नै प्रतिक्रान्तिको कारक हो ।

साम्यवादी समाज व्यवस्था एकैपटक आकाशबाट खस्ने अथवा धर्तीबाट उम्रने कुरा होइन । म साम्यवादी दलको सदस्य भैसकेको छु भने मैले आजै र अहिल्यैदेखि त्यस व्यवस्थाका लागि न्यूनतम् आचरणको नमुना बन्दै जानुपर्दछ । परिवारलाई समाजवाद र साम्यवादको एकाइमा विकास गर्ने कोसिस गर्नुपर्दछ । प्रथमतः मभित्र र द्वितीयतः परिवारभित्र प्रतिक्रान्तिका बीजहरू रहने भएकाले त्यहाँबाटै सांस्कृतिक क्रान्ति चलाउनु पर्दछ । विश्वदृष्टिकोणसम्बन्धी स्कुलिङ चलाउनुपर्दछ । हाम्रा भूतपूर्व कमरेडहरूले सधैँभरि बत्तीमुनि अँध्यारो पारिराख्नुभयो । जीवनसाथीले जीवनसंगिनीलाई र जीवनसंगिनीले जीवनसाथीलाई सचेत बनाउने, दर्शनशास्त्र सिकाउने काम भएन । आमाबाबाले छोराछोरीलाई र छोराछोरीले आमाबाबालाई विश्वदृष्टिकोणमा पढाउने काम भएन । हामी बसेको घर र हाम्रो खेतबारी सामूहिक श्रमको उत्पादन हो भन्नेतिर हामीले कुरै गरेनौँ । पहिले जनवादी क्रान्ति गर्नुपर्दछ र यसलाई वैज्ञानिक समाजवादमा विकास गर्नुपर्दछ । संसारका अधिकांश देशहरूमा वैज्ञानिक समाजवाद आएपछि साम्यवाद आउँछ भनेर ठूलाठूला कुरा त हामीले गर्‍यौँ तर समाजवाद र साम्यवाद मबाट र हाम्रै परिवारबाट लागू गर्नुपर्दछ भन्ने कुरा हामीले बुझेनौँ र अरूलाई बुझाएनौँ । अरूलाई मार्क्सवाद पढायौँ तर आफूले पढेनौँ । अरूका छोराछोरीलाई त हामीले मार्क्सवाद पढायौँ तर आफ्नै छोराछोरीलाई पढाएनौँ । अरूका छोराछोरीलाई बलिदान गर्न सिकायौँ भने आफ्नै छोराछोरीलाई सिकाएनौँ । हामीले द्वन्द्ववादका कुरा गर्‍यौँ तर स्वयम् द्वन्द्ववादी भएनौँ । यही कारणले गर्दा हामीले जितिसकेको संसार गुमायौँ । यही कारणले गर्दा हामीले नेपालमा जितिसकेको क्रान्ति गुमायौँ । मार्क्सले निजी सम्पत्तिको अन्त्य गरेर सामूहिक सम्पत्ति बनाउनु नै साम्यवाद हो भन्नुभयो । हामी निजी सम्पत्ति जोड्दै गयौँ । हाम्रा भूतपूर्व कमरेडहरू त जनताको रगतपसिनाबाट अर्बपति भइसकेका छन् । उनीहरूले त विकल्पमा प्रस्तुत भएको कमरेड विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई पनि आफ्नै सती लैजाने षड्यन्त्र गरिरहेका छन् । यसमा क्रान्तिकारीहरू सतर्क हुनुपर्दछ । अहिलेसम्म प्रतिक्रान्ति नेताहरूबाट भएको छ, कार्यकर्ता र जनताबाट होइन ।

विश्व कम्युनिस्ट आन्दोलनको इतिहासमा प्रतिक्रान्ति नेताहरूका जीवनसाथी तथा जीवनसँगिनी र परिवारका अन्य सदस्यहरूबाट घुस्ने कोसिस गर्दछ । हाम्रो क्रान्तिको जीवनले पनि यही पुष्टि गरेको छ । इतिहासको समीक्षा गरेर हामी सचेत हुन जरुरी छ । रुसमा पहिलो समाजवादी क्रान्ति गर्ने लेनिन र स्टालिन महान् हुनुहुन्थ्यो । रुसमा क्रान्ति भएको एक वर्षपछि आफूलाई समाजवादी भन्ने एसेर सङ्गठनकी काप्लान नामकी महिलाले लेनिनमाथि गोली हानी । उहाँ झन्डैले बच्नुभयो तर गम्भीर घाइते हुनुभयो । उपचारपछि पनि गम्भीर असर हुँदाहुँदै १९२२ सम्म सोभियत सङ्घ कम्युनिस्ट पार्टी (बोल्सेभिक) को महासचिव र सोभियत समाजवादी गणतन्त्र सङ्घको राष्ट्रप्रमुख भएर काम गर्नुभयो । उहाँको स्वास्थ्य खराब हुँदै गएपछि पार्टीको महासचिव र सत्ता प्रमुख स्टालिन हुनुभयो । लेनिनकी जीवनसंगिनी क्रुप्सकाया केन्द्रीय नेता नै हुनुहुन्थ्यो । स्टालिन सो.सं.क.पा. (बोल्सेभिक) को महासचिव भएकोमा पार्टीभित्रै रहेका केही मानिसलाई मन परेको थिएन । ती थिए जिनोवेभ र कामेनेभ । उनीहरूले स्टालिनप्रति लेनिनको मनोविज्ञान बिगार्न क्रुप्सकायालाई प्रभावित पार्न थाले । लेनिन बिरामी हुनुहुन्थ्यो तर समाजवादको रक्षा र विकासका लागि चिन्तित पनि । क्रुप्सकायाको लाइँनी सुनेर लेनिनले बोल्सेभिक केन्द्रीय समितिलाई चिठी लेख्नुभयो । लेनिनले स्टालिन धेरै रुखो भएकाले महासचिव परिवर्तन गर्नुपर्ने कुरा चिठीमा लेख्नुभयो । १९१७ को अक्टोबर क्रान्तिको पोल खोलेकाले जिनोवेभ र कामेनेभलाई बारम्बार फाँसीमा झुन्ड्याउनुपर्ने भनी लेनिनले नै भन्नुभएको थियो । स्टालिनबिना अक्टोबर क्रान्ति सम्भव थिएन । फाँसीमा लड्काउनुपर्ने गद्दारहरू लेनिनका प्रियपात्र र ज्यानलाई जोखिममा राखेर लेनिनवाद लागू गर्ने अनन्य कमरेड कसरी रुखो पात्र भए ? प्रतिक्रान्तिकारीहरूले कसरी प्रतिक्रान्तिकारी उद्देश्य पूरा गर्न परिवारभित्र पनि षड्यन्त्र गर्दछन् भन्ने कुराको उदाहरण हो यो । बिरामी लेनिनलाई आफ्नो उद्देश्यमा प्रयोग गर्न उनीहरू क्रुप्सकायाको भावना जित्न सफल भए । तर यस्तो समस्या समाल्न सक्ने पनि स्टालिन नै हुनुहुन्थ्यो । षड्यन्त्रबारे लेनिनलाई र केन्द्रीय समितिलाई बुझाउनुभयो । अरू ३० वर्षसम्म सो.सं.क.पा.(बोल्सेभिक) र सोभियत समाजवादी गणतन्त्र सङ्घलाई कुशलतपूर्वक सञ्चालन मात्र गर्नुभएन, बरु ३०० वर्ष लगाएर अमेरिकामा भएका विकास र समृद्धिलाई ३० वर्षमै उछिन्नुभयो ।

यहाँ लेनिनलाई उहाँको महान् उचाइबाट कहीँ पनि होच्याउन खोजिएको होइन तर पार्टीभित्रका अवसरवादी र घुसपैठियाहरूले कति खतरनाक भूमिका निर्वाह गर्छन् भनी इतिहासबाट शिक्षा लिइएको हो । आज कतिपय नेपाली कम्युनिस्ट आन्दोलनका गद्दारहरूले हचुवा तरिकाले स्टालिनमाथि एकमनावादी र अधिभूतवादीको आरोप लगाउँदा भष्मास्त्र नै उठाऊँजस्तो लाग्छ । स्टालिनबारे अनुसन्धान नगरी बोल्ने तिनको अधिकार छैन । माओले उहाँको मुख्यतः रक्षा गर्नुभएको थियो भने काम गर्दा कमजोरी पनि हुन्छन्, त्यसको आलोचना गर्नुभएको थियो ।

माओले यही विश्वदृष्टिकोणको समस्या समाधान गर्न सांस्कृतिक क्रान्ति सञ्चालन गर्नुभएको थियो भन्ने कुरा माथि पनि उल्लेख गरिएको छ । यसलाई सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्ति पनि भनिन्छ । वैज्ञानिक समाजवादी क्रान्तिलाई मार्क्सले स्थायी क्रान्तिको उद्घोष भन्नुभएको थियो । सांस्कृतिक क्रान्ति भनेको हजारौँ वर्ष पुराना र विषालु विचारधारा, संस्कृति, विरासत, चालचलन, रीतिरिवाजको विस्थापन गरी क्रान्तिकारी विचारधारा, संस्कृति, विरासत, चालचलन र रीतिरिवाजको स्थापना गर्नु हो । माओले ऐतिहासिक सांस्कृतिक क्रान्तिमा दर्शनशास्त्रलाई कक्षाकोठाबाट र दार्शनिकहरूबाट जनताहरूको बीचमा लैजानुभएको थियो । हजारौँ वर्षसम्म जनताको दिमागमा घर गरी बसेको पुरानो विचारधारालाई विस्थापन गर्न दस वर्ष पर्याप्त थिएन । त्यो सांस्कृतिक क्रान्ति स्थगित भएको छ । त्यसको समीक्षा र विकाससहित हामीले अहिलेदेखि राजनीतिक क्रान्तिसँगै एकीकृत गरेर अघि बढाउनुपर्छ । माओले १९४९ मा राजनीतिक क्रान्ति गर्नुभयो र १९६६ देखि सांस्कृतिक क्रान्ति गर्नुभएकाले हामी पनि त्यसै गरौँला भनी पर्खनु हुँदैन । १९६६ मा त यो क्रान्तिको विधि पत्ता लाग्यो । मार्क्सले वैज्ञानिक समाजवादको चरण नै स्थायी क्रान्तिको उद्घोष हो भनेर १८५१ तिरै भनिसक्नुभएको छ । माओले यही क्रान्तिलाई कार्यरूप दिनुभएको थियो ।

यहाँ के कुरा राम्रोसँग बुझ्नुपर्दछ भने द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको विश्वदृष्टिकोण विज्ञान हो । यसलाई लागू गर्ने माओको कला पनि हुनुपर्दछ । चीनमा अघि बढिरहेको सांस्कृतिक क्रान्तिमा माओले मुठीभर प्रतिक्रान्तिकारीहरूलाई निशानामा राख्दै पार्टीभित्र क्रान्तिकारीहरू र मध्यमार्गीहरूलाई सँगै लिन सफल हुनुभएको थियो । जीवनको अन्तिम समयमा उहाँले मध्यमार्गी हुआको फेङलाई नेतृत्व दिनुभयो । यहाँनेर सांस्कृतिक क्रान्तिमा माओका क्रान्तिकारी उत्तराधिकारीहरूको पार्टी सञ्चालनको कला र धैर्य पुगेन । चाङ चुङ चियाओ, चियाङ चिङ, वाङ हुङ वेन र याओ वेन युआन दुई लाइन सङ्घर्षमा मध्यमार्गीमाथि पनि दक्षिणपन्थीलाई जस्तै प्रहार गरे । उनीहरूले माओवाद बुझेनन् । परिणामस्वरूप प्रतिक्रान्ति भयो र उहाँहरूलाई प्रतिक्रान्तिकारीहरूले जेलमा सडाएर मारे । सांस्कृतिक क्रान्ति अधुरै रह्यो । त्यो क्रान्ति आजका क्रान्तिकारीहरूले पूरा गर्नुपर्दछ । यसलाई आफ्नै जीवन, परिवार र पार्टीमा सुरु गर्नुपर्दछ ।

अतः आज हामीले यो दार्शनिक घोषणा गर्नुपर्दछ- महान् सर्वहारा सांस्कृतिक क्रान्ति अथवा सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्ति अस्वीकार गर्नेहरू द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी होइनन्, बरु आजको अधिभूतवादी आदर्शवाद नवउदारवादका हिमायतीहरू हुन् । नवउदारवादलाई साम्यवादको विकल्पका रूपमा अमेरिकालगायत पश्चिमाहरूले पेस गरेका छन् । प्रजातन्त्र एवम् लोकतन्त्र, मानवअधिकार र खुला बजार यसका विशेषताहरू हुन् । नवउदारवाद कति फासिस्ट, तानाशाही र मानवअधिकारवादविरोधी छ भन्ने कुरा अमेरिकाको व्यवहारलाई हेरे हुन्छ । आफूले चिनियाँ सामानमा चर्को कर लगाउँदा न्यायोचित र चीनले अमेरिकाको सामानमा कर लगाउँदा अनुचित, अमेरिकाले नेटो र हिन्द प्रशान्त रणनीति बनाउँदा ठीक र चीन तथा अरू देशले ब्रिक्स र बीआरआई परियोजना बनाउँदा 'ऋणको पासो' इत्यादि । अमेरिकाली नवउदारवादका प्रवक्ता एवम् 'इतिहासको अन्त्य र अन्तिम मान्छे' का लेखक फ्रान्सिस फुकुयामा साम्यवादीहरूलाई सर्वसत्तावादी र तानाशाहीको आरोप लगाउँछन् तर आफ्नो ' अन्तिम मान्छे' नवउदारवादी प्रजातन्त्रको प्रयोगकर्ता अमेरिकाले रुवान्डामा हुतु र तुत्सीको झगडा पारेर आफ्नो कारखानाका हतियार बेच्दै नरसंहार गर्दा, सिरियामा ६ लाखभन्दा बढी मानिसहरूको हत्या गर्दा, प्यालेस्टाइनको भूभाग जेरुसेलमलाई जबर्जस्ती इजरायलको राजधानी बनाइदिँदा, अर्काको देशको राष्ट्रपति सद्दाम हुसेनलाई लखेटीलखेटी झुन्ड्याउँदा, लिबियाका नेता कर्णेल गद्दाफीलाई हत्या गर्दा, अफगानिस्तानमा तालिवान नेता ओसामा बिन लादेनलाई खोजीखाजी मारेर लासै अमेरिका पुर्‍याउँदा, ट्रम्पले आफ्नै देशबाट आप्रवासीहरूलाई धपाउँदा आफ्नो छिमेकी मेक्सिकोलाई उसकै बजेट खर्च गरी सिमानामा पर्खाल हाल भनी आदेश गर्दाचाहिँ के भयो महाशय फुकुयामा ? यही हो असली प्रजातन्त्र र मानवअधिकार ? नेपालमा पनि नवउदारवादका दलालहरूले साम्यवादी क्रान्तिकारीहरूलाई 'लुटेरा समूह', 'आतङ्ककारी' र 'अपराधी' भनिरहेका छन् भने तीर्थराज घिमिरे, कुमार पौडेललगायत युवाहरूलाई हत्या गरिरहेका छन् र सयौँ नेता तथा कार्यकर्ताहरूलाई काराबासमा जाकिरहेका छन् । खुला बजार अर्थतन्त्रले गरिबको ढाड सेकिरहेको छ र जसको लाठी उसको भैँसी साबित भएको छ । फेरि पनि साम्यवादको विकल्प छैन ।

त्यसकारण विश्वदृष्टिकोणको समस्या समाधान गर्न र विश्वदृष्टिकोणको रूपान्तरण गर्न हामीले मार्क्सवादको मूल पाठ अध्ययन गर्ने र मार्क्सवादको विकास गर्ने ठोस योजना बनाउनु पर्दछ । अध्ययन साम्यवादी पार्टीका सदस्यहरूको अनिवार्य कार्यभार बन्नुपर्दछ । साम्यवादी संस्कृतिको विकासलाई पनि सँगसँगै लैजानुपर्दछ ।

*(नेकपा स्थायी समिति सदस्य सुदर्शनको प्रकाशोन्मुख 'विश्वदृष्टिकोणमा रूपान्तरण' पुस्तकको एक अंश ।)*

# सहिदहरूको सम्मानमा स्मारक, प्रतीक्षालय र धारा निर्माण

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीले चितवनमा सहिदहरूको सम्मानमा स्मारक, प्रतीक्षालय खानेपानी धारालगायत जनसेवाका कामहरूलाई तीव्रता दिएको छ । त्यसक्रममा राप्ती नगरपालिका १० स्थित समिटारमा ५० घरधुरीका लागि खानेपानीको धारा निर्माण भएको छ । स्थानीय जनताको श्रमदानसहित उक्त पक्कि धारा निर्माण गरिएको हो ।

जनयुद्धकालमा सोही स्थानमा पूर्वी चितवनका नेता ईश्वरीप्रसाद खनाल 'प्रतीक', गमबहादुर तामाङ र हरिबाबु सेढाईंलाई शाहीसेनाले नियन्त्रणमा लिएर बर्बरतापूर्वक हत्या गरेको थियो । निर्माणकार्यमा स्थानीय विद्यालयका शिक्षक र विद्यार्थी पनि सहभागी भएको नगर सेक्रेटरी जगदीशले बताए । मङ्सिरदेखि फागुनसम्ममा निर्माण सम्पन्न भएको उक्त खानेपानी धारा निर्माणकार्य तीनजना सहिदको स्मृतिमा निर्माण भएको र यस्ता सिर्जनात्मक तथा जनसेवा कार्यलाई निरन्तरता दिने सोही पार्टीका जिल्ला सेक्रेटरी ध्रुवले बताएका छन् । समीटारमा नै त्यसअघि राप्ती नगरपालिकाले सहिद स्मृति प्रतीक्षालय निर्माण गरेको थियो ।

# अधिकारी नेकपाको कारबाहीमा

नेकपा सप्तरीका इन्चार्ज हिमालले नेकपा सप्तरीका जिल्ला सदस्य तथा अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष सुमन अधिकारीले पार्टीविरोधी गतिविधि गरेकाले पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको जनाएका छन् । हिमालले सोमबार विज्ञप्ति जारी गर्दै उक्त जानकारी गराएका हुन् ।

# बोहोराको गिरफ्तारीको विरोध

नेकपा रामेछापले जिल्ला पार्टीका शुभचिन्तक बद्री बोहोरालाई प्रहरीले बिनाकारण गिरफ्तार गरेको भन्दै तत्काल रिहा गर्न माग गरेको छ । जिल्लाका इन्चार्ज तथा सेक्रेटरी चैतन्यले काठमाडौँ न्युरोडमा होटेल सञ्चालन गरी जीविकोपार्जन गरिरहेका बोहोरालाई प्रहरीले बिनाकारण आस्थाकै आधारमा गिरफ्तार गरेको भन्दै रिहाइको माग गरेका हुन् । उनले नेकपाका शुभचिन्तक र समर्थकसमेत बिनाकारण गिरफ्तार गर्नु केपी सरकारको फासिवादी कदम भन्दै रिहा नगरिए प्रतिरोध गर्ने चेतावनीसमेत दिएका छन् ।

# पुँजीको गति र त्यसमा अन्तर्निहित अन्तरविरोध



अनुवाद : भेषराज भुसाल

पुँजीको चलन प्रक्रिया अतिरिक्त मूल्यको शोषण र असुलीको प्रक्रिया हो।

पुँजीको चक्रीय प्रवाह, पुँजीको कारोबार र सामाजिक पुँजीको पुनरुत्पादन।


पुँजीलाई पुँजी नै बनाइरहनका निम्ति त्यसलाई निरन्तर गतिशील बनाइराख्नु आवश्यक हुन्छ । पुनरावृत्तिहरूको एउटा अन्त्यहीन सिलसिलामा विनिमय प्रक्रियाबाट उत्पादन प्रक्रिया र फेरि उत्पादन प्रक्रियाबाट विनियम प्रक्रियाका बीचमा आउने-जाने गरिरहन्छ। पछिल्ला दुईवटा अध्यायमा हामीले विनिमय प्रक्रियालाई केही समयका निम्ति नदेखेजस्तो गरी उत्पादन प्रक्रियामा पुँजीमाथि ध्यान केन्द्रित गरेका थियौँ। यस अध्यायमा हामी पुँजीको गति र त्यसमा अन्तर्निहित अन्तरविरोधहरूलाई विनिमयको दृष्टिकोणबाट विश्लेषण गर्नेछौँ।

पुँजीको परिचालनले तीन चरणहरू पार गर्दछ र तीनवटा रूप अख्तियार गर्दछ :

पुँजी परिचालनका तीनवटा चरणले उत्पादन प्रक्रिया र विनिमय प्रक्रियाको एकतालाई प्रदर्शित गर्दछन्।

आफ्नो गतिका क्रममा पुँजी क्रमशः तीन चरणहरूबाट पार हुने गर्दछ र त्यहीअनुरूप तीनवटा रूप अख्तियार गर्दछ।

पुँजीको गतिको प्रथम चरणमा पुँजीपतिलाई बजारबाट उत्पादनका साधन र श्रमशक्ति खरिद गर्नका निम्ति निश्चित मात्रामा मुद्रा निकाल्नु पर्दछ। मुद्रालाई G, मालहरूलाई W, श्रम शक्तिलाई A र उत्पादनका साधनहरूलाई PM द्वारा प्रदर्शित गर्‍यौं भने यस प्रक्रियालाई निम्नरूपमा देखाउन सकिन्छ :





यस चरणमा पुँजीपतिलाई मुद्राले खरिद र भुक्तानको साधनको काम गर्दछ। यसका साथै त्यसले पुँजीको पनि काम गर्दछ किनभने पुँजीपतिले जुन वस्तु खरिद गर्दछ त्यो हो श्रमशक्ति र उत्पादनका साधन जसको प्रयोग मजदुरबाट अतिरिक्त मूल्य असूल गर्नका निम्ति गरिन्छ । यहाँ मुद्रा-पुँजी बन्न जान्छ। उत्पादनका साधनहरू र श्रमशक्तिको खरिदको माध्यमबाट मुद्रा पुँजी उत्पादन पुँजीमा बदलिन जान्छ। मुद्रा पुँजीको कार्य अतिरिक्त मूल्य सिर्जनाको तयारी गर्नु हो।

पुँजीको गतिको दोस्रो चरणमा पुँजीपतिले उत्पादनका साधनहरू र श्रम शक्तिको मेलबाट उत्पादन सुरु गर्दछ । यसप्रकार पुँजीको विनिमय प्रक्रियाको अन्त्य हुन जान्छ र उत्पादन प्रक्रिया सुरु हुन थाल्छ । यस प्रक्रियाका क्रममा श्रमशक्ति खर्च हुने गर्दछ, कच्चा पदार्थहरूको प्रशोधन हुन जान्छ । उपकरणहरू खिइन्छन् र एउटा निश्चित मात्रामा मालहरूको उत्पादन हुन पुग्छ। उत्पादन पुँजी माल-पुँजीमा बदलिन जान्छ।

यस चरणमा माल-पुँजीमा मजदुरद्वारा सिर्जित अतिरिक्त मूल्य सम्मिलित हुने गर्दछ । यो पहिले खरिद गरिएका मालहरूभन्दा भिन्न मात्र देखिँदैन, त्यसको मूल्य पनि मूल पुँजीभन्दा धेरै हुन जान्छ।

> kF]hLsf tLgj6f r/0f / tLgj6f ¿kn]of] b]vfpFg kF]hLn]x/]s r/0f / ¿kdf Pp6f :jtGq sfdnfO{k'/f ul/lbG5 . o;n]Pp6f sfd k'/f ul/;s]kl5 bf];f]r/0fdf k|j]z ub{5 / csf]{ ¿k lng kU5 . oL qmlds ¿kfGt/0faf6 kf/ xg]To:tf]kF]hLnfO{cf}Bf]lus kF]hL elgG5 .

यस प्रक्रियालाई यसरी पनि देखाउन सकिन्छ -




यहाँ P ले उत्पादन प्रक्रियामा उत्पादन पुँजीको प्रतिनिधित्व गर्दछ। P अगाडि र पछाडिका बिन्दुहरूले देखाउँछन् । W ले मालहरूको प्रतिनिधित्व गर्दछ जसमा अतिरिक्त मूल्य समावेश भइसकेको हुन्छ।


यस चरणमा उत्पादनका साधन र श्रमशक्ति उत्पादनका कारक मात्रै होइन, पुँजीको पनि भूमिका निर्वाह गर्छन् किनभने पुँजीपतिले ती उत्पादनका साधनहरू र श्रमशक्तिको मेलबाट अतिरिक्त मूल्य उत्पादन गर्दछन् । यसप्रकार उत्पादन पुँजीको कार्य अतिरिक्त मूल्यको उत्पादन गर्नु हो।

पुँजीको गतिको तेस्रो चरणमा पुँजीपतिले उत्पादित मालहरूलाई बिक्रीका निम्ति बजारमा लैजान्छन्। मालहरूको बिक्रीको माध्यमबाट माल पुँजी फेरि मुद्रा-मुद्रामा बदलिन पुग्छ । यसप्रकार पुँजी फिर्ता भएर मुद्राका रूपमा आउने गर्दछ। यस प्रक्रियालाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

$$W' - G'$$

यहाँ G ले मुद्रा-पुँजीलाई दर्साउँछ जसको मूल्यमा वृद्धि भइसकेको छ। यसमा पुँजीपतिद्वारा लगाइएको पुँजी र उत्पादित अतिरिक्त मूल्य- दुवै मूल्य समाहित भएको हुन्छ। यसप्रकार W, .... G न त केवल माल र मुद्राका बीचको रूपान्तरणको प्रक्रिया हो बरु त्यसभन्दा पनि बढी महत्वपूर्ण रूपबाट त्यो यस्तो प्रक्रिया हो जसमा मालहरूमा समाहित र पुँजीपतिद्वारा विनियोजित अतिरिक्त मूल्यको असुली हुने गर्दछ। माल पुँजीको कार्य अतिरिक्त मूल्यको असुली गर्नु हो।


पुँजीका तीनवटा चरण र तीनवटा रूपले यो देखाउँछन् पुँजीले हरेक चरण र रूपमा एउटा स्वतन्त्र कामलाई पूरा गरिदिन्छ। यसले एउटा काम पूरा गरिसकेपछि दोस्रो चरणमा प्रवेश गर्दछ र अर्को रूप लिन पुग्छ। यी क्रमिक रूपान्तरणबाट पार हुने त्यस्तो पुँजीलाई औद्योगिक पुँजी भनिन्छ । यस औद्योगिक पुँजीमा केवल उत्पादन पुँजी मात्र हुँदैन कृषि र निर्माणजस्ता अन्य उत्पादन क्षेत्रका पुँजी पनि समावेश हुने गर्दछ। यस पुँजीले क्रमशः आफ्नो रूप बदलिरहन्छ र तीनवटा चरणहरू पार गरेर आफ्नो मूल्य बढाउँछ र पुनः प्रारम्भिक बिन्दुमा फर्केर आउँछ। यो गति पुँजीको परिचलन हो। त्यसको सम्पूर्ण प्रक्रियालाई यसप्रकारले पनि देखाउन सकिन्छ :




औद्योगिक पुँजीको परिचालनमा पहिलो र तेस्रो चरण विनिमय प्रक्रिया हुने गर्दछ जब दोस्रो चरण उत्पादन प्रक्रिया हुने गर्दछ। यी तीनवटा चरणहरूमा उत्पादन प्रक्रियाको निर्णायक भूमिका हुने गर्दछ किनभने यही प्रक्रियामा अतिरिक्त मूल्य उत्पादित हुने गर्दछ। पहिलो र तेस्रो चरणमा पुँजीले केवल रूप मात्र बदल्छ। त्यसको मूल्य स्थिर रहन्छ। यद्यपि औद्योगिक पुँजी परिचलनका निम्ति पहिलो र तेस्रो प्रक्रिया अनिवार्य छन् । विनिमय प्रक्रियाहरूबिना पुँजीपतिले अतिरिक्त मूल्यको उत्पादन र असुली गर्न सक्दैन। त्यसकारण औद्योगिक पुँजीको चक्रीय प्रवाह उत्पादन र विनिमय प्रक्रियाहरूको एकता हो । अतएवः औद्योगिक पुँजीका तीनवटा चरण अन्तरसम्बन्धित हुनुपर्छ र पुँजी एउटा चरणबाट अर्को चरणमा पार भइरहनुपर्छ । पुँजीको पहिलो चरणमा नै G-W रोकिन्छ भने त त्यो सञ्चय गरेर राखेको धन बन्न पुग्छ र पुँजीको भूमिका विवाह गर्न सक्दैन । त्यसको परिचलन दोस्रो चरणमा रोकिन्छ भने अतिरिक्त मूल्यको उत्पादन हुन सक्दैन। त्यसको परिचलन तेस्रो चरणमा रोकिन्छ भने त अतिरिक्त मूल्यको असुली हुन सक्दैन।

औद्योगिक पुँजीको परिचलनका तीनवटा चक्रीय प्रवाहहरूका बीचमा एकताको प्रतिनिधित्व गर्दछ।

निरन्तर अतिरिक्त मूल्यको असुली गरिरहनका निम्ति पुँजीपतिले सुनिश्चित गर्नुपर्दछ- पुँजीको परिचलन लगातार जारी रहोस्। यसप्रकार औद्योगिक पुँजीको परिचलनको सूत्र अन्त्यहीन हुन्छ :




उपरोक्त सूत्रले के देखाउँछ भने औद्योगिक पुँजीको निरन्तर गतिमा एउटा होइन, तीनवटा चक्रीय प्रवाह हुने गर्दछन् : (१) मुद्रा-पुँजीको परिचलन G....G (२) उत्पादन पुँजीको परिचलन : P...P (३) माल-पुँजीको परिचलन W...W, पुँजी परिचलनलाई निरन्तर जारी राख्नका निम्ति पुँजीपतिले के सुनिश्चित गर्नुपर्दछ भने उसको पुँजी एकैसाथ उपरोक्त तीनवटै रूपहरूमा बनिरहोस् र त्यसको चक्रीय प्रवाह जारी रहोस्। उदाहरणका निम्ति मानौँ एउटा पुँजीपतिसँग ६०,००० युआनबराबर पुँजी छ । त्यसलाई उसले तीन भागमा बाँड्छ- २०,००० युआन मुद्रा-पुँजी, २०,००० युआन उत्पादन पुँजी र २०,००० युआनको माल पुँजीका रूपमा राख्छ । यस तरिकाले जुन समयमा पुँजीपतिले २०,००० युआनको माल-पुँजीलाई मुद्रा पुँजीमा बदल्छ त्यसै समयमा २०,००० युआनको उत्पादन पुँजी माल पुँजीमा र २०,००० युआन मुद्रा पुँजीलाई उत्पादन पुँजीमा बदलिरहेको हुन्छ। ६०,००० युआनको सम्पूर्ण पुँजीलाई एउटै रूपमा राखिन्छ भने उत्पादन निरन्तर होइन, रोकीरोकी मात्रै चलाउन सकिने थियो। यी तीनवटा रूपमध्ये कुनै पनि रूपमा पुँजी परिचलनको गति यसप्रकार रोकिन्छ- परिचलन अवरुद्ध हुन पुग्छ। उदाहरणका निम्ति मालहरूको बिक्री हुन सकेन र मालपुँजीलाई मुद्रा पुँजीमा बदल्न सकिएन भने त समस्त पुँजी परिचलन अस्तव्यस्त हुन जान्छ र पुँजीको गति अवरुद्ध हुन जान्छ। पुँजीपतिले उद्योग नै बन्द गर्नुपर्ने हुन्छ।

पुँजीको कारोबार (टर्नओभर) अतिरिक्त मूल्यको निरन्तर उत्पादन र असुली हो।

उत्पादन र विनिमयमा लाग्ने समयले पुँजीको कारोबारको गति तय गर्दछ।

पुँजी परिचलन अन्त्यहीन पुनरावृत्तिहरू हुँदै जारी रहन्छ । पुँजीको यस निरन्तर परिचलनलाई पुँजीको कारोबार (टर्नओभर) भनिन्छ । मार्क्सले भन्नुभएको छ, ‘जब पुँजी परिचलनलाई अलग-अलग घटनाहरूभन्दा एउटा आवर्ती प्रक्रियाका रूपमा देखिन्छ तब त्यसलाई पुँजीको कारोबार भन्ने गरिन्छ।’१

पुँजीको कारोबार उत्पादन र विनिमयका क्षेत्रहरूबाट पार हुने गर्दछ। जति समयसम्म पुँजी उत्पादन क्षेत्रमा रहन्छ त्यसलाई पुँजीको उत्पादन अवधि भनिन्छ। जति समय पुँजी विनिमयका क्षेत्रमा रहन्छ त्यसलाई पुँजीको विनिमय अवधि भनिन्छ। यी दुवैको योग पुँजीको कारोबार अवधि हुने गर्दछ।

पुँजीको उत्पादन अवधिमा निम्नलिखित तीनवटा हिस्सा हुन्छन् : पहिलो त्यो अवधि जब उत्पादनका साधन उत्पादनमा आफ्नो काम पूरा गर्दछन्। मुख्यतः यो त्यस्तो श्रमकाल हुने गर्दछ जुन मजदुरले उत्पादनका निम्ति लगाउने गर्दछ। यसमा श्रमको अवधि कति होला- यो दुईवटा कुराबाट निर्धारित हुन्छ।

## नेकपाका जिल्ला सेक्रेटरीसहित ६ जना गिरफ्तार

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका पूर्वी रुकुम जिल्ला सेक्रेटरी देवीलाल पुनसहित ६ जना जिल्लास्तरीय नेतालाई प्रहरीले गिरफ्तार गरेको छ । उनीहरूलाई मङ्गलबार प्रहरीले गिरफ्तार गरेको हो। पक्राउ पर्नेहरूमा लीलाराम बुढा, मोहनलाल सार्की, रामकुमार बुढा, राजु थापा र धनबहादुर विक रहेका छन्।

## त्रिविमा माफिया नियुक्त भए बहिष्कार गर्छौं : अखिल क्रान्तिकारी

**काठमाडौँ** : अखिल क्रान्तिकारीले त्रिभुवन विश्वविद्यालयका पदाधिकारी खुला प्रतिस्पर्धाबाट विज्ञहरूलाई नियुक्त गर्न माग गरेको छ । नेपाल कम्युनिस्ट पार्टी निकट अखिल क्रान्तिकारीले विज्ञप्ति जारी गरेर विगतमा झैं राजनीतिक भागबण्डाका आधारमा राजनीतिक दलका कार्यकर्ता नियुक्त भए बहिष्कार गर्ने चेतवानी दिएको छ।

त्रिवि एकाइ अध्यक्ष मदन चापागाईंले विज्ञप्ति जारी गरेर त्रिविका पदाधिकारी नियुक्तिमा विगतमा झैं भागबण्डाका आधारमा सरकारी दलका कार्यकर्ता भर्तीकेन्द्र बनाउन नहुने भन्दै त्यस्तो गरिए आफ्नो सङ्गठन मूकदर्शक बनेर नबस्ने चेतावनीसमेत दिएका छन्।

‘विशुद्ध प्राज्ञिक क्षेत्रमा सरकारको नाङ्गो हस्तक्षेप हुनु र पदाधिकारी नियुक्तिमा सरकारी दलका माफिया र राजनीतिक दलको भागबण्डाका कुरूप बिम्बहरू बाहिर आउँदासम्म अखिल क्रान्तिकारी मूकदर्शक बनेर बस्न सक्दैन’, विज्ञप्तिमा भनिएको छ । चापागाईंले खुला प्रतिस्पर्धा र विज्ञताका आधारमा पदाधिकारी नियुक्त गर्न जोडदार माग गरेका छन्।

यसैबीच अखिल क्रान्तिकारीको कैलाली जिल्ला सम्मेलन आयोजक समितिले सरकारद्वारा विद्यार्थी सङ्गठनका नेता-कार्यकर्तामाथि गरिएको गिरफ्तारी, दमन, धरपकड, अपरहण, बेपत्ताजस्ता क्रियाकलापको भण्डाफोर गर्ने भएको छ। नेपालका लाखौं विद्यार्थीको हकहितका लागि महान् सहिदहरूले देखाएको बाटोमा बलिदानी दिने प्रतिबद्धता व्यक्त गर्दै क्रान्तिकारीले सरकारी दमनको भण्डाफोर गर्दै सङ्घर्ष सञ्चालन गर्ने क्रान्तिकारीले जनाएको छ।

अखिल क्रान्तिकारीका जिल्ला सम्मेलन आयोजक समितिका संयोजक बबरजङ्ग सिंहले आइतबार विज्ञप्ति जारी गरी कैलाली जिल्ला सङ्गठन समितिको हालसालै सम्पन्न बैठकले विद्यार्थी आन्दोलनलाई नयाँ उचाइ प्रदान गर्न ‘कम्युनिस्ट अभियान २’ कैलाली बहुमुखी क्याम्पसलाई सुदूरपश्चिम विश्वविद्यालयमा समायोजनका लागि सङ्घर्ष, यातायातमा विद्यार्थीले पाउनुपर्ने ४५ प्रतिशत छूट, निजी शैक्षिक संस्थाहरूको मनपरी शुल्क असुली, सरकारी विद्यालयहरूमा असुली भइरहेको शुल्क, ऋत्भ्ख्त का शैक्षिक संस्थाहरूमा नियमविपरीत लिइने शुल्कका विरुद्ध र सिमानामा हुने भारतीय हस्तक्षेपका विरुद्ध जागरण अभियानलगायत निर्णय सार्वजनिक गरेका छन्।

## थपलियाको रिटमाथिको बहस सकियो

**काठमाडौँ** : पत्रकार एवम् लेखक खेम थपलियाको रिहाइको माग गर्दै सर्वोच्च अदालतमा दायर रिट निवेदनमाथिको बहस सकिएको छ। अदालतले लेखक थपलियालाई पक्राउ गर्नुको लिखित जबाफसहित बन्दीलाई उपस्थित गराउन आदेश जारी गरेको छ।

सर्वोच्च अदालतमा ९ नम्बर बेन्च प्रकाशमानसिंह रावतको एकल इजलासमा थपलियाको रिटउपर बहस भएको हो । उक्त रिटमा वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ताहरू कपिलचन्द्र पोखरेल, भक्तिराम घिमिरे र चूडाबहादुर निरौलाले बहस गरेका थिए। थपलियाका तर्फबाट नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य जन्मदेव जैसीले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण रिट दायर गरेका थिए । थपलियालाई साउन २५ गते काठमाडौँ बागबजारबाट गिरफ्तार गरिएको थियो।

**थपलीयालाई रिहा गर्न महासङ्घको माग**

नेपाल पत्रकार महासङ्घले पत्रकार तथा लेखक खेम थपलियालाई तत्काल रिहा गर्न माग गरेको छ। महासङ्घका केन्द्रीय महासचिब रमेश बिष्टले बिहीबार विज्ञप्ति जारी गर्दै थपलियालाई पक्राउ गरिएको घटनाप्रति महासङ्घको गम्भीर ध्यानाकर्षण भएको जनाएका छन्। उनले थपलियालाई तत्काल रिहा गरी उनको कार्यालयबाट लगिएका कम्प्युटर, पुस्तकलगायत सामग्री फिर्ता गर्न पनि माग गरेका छन्।

बिष्टले विज्ञप्तिमा भनेका छन्, ‘नेपाल पत्रकार महासङ्घका सदस्य, लेखक तथा साहित्यकार खेम थपलियालाई यही साउन २५ गते बागबजारस्थित जलजला मासिकको कार्यालयबाट पक्राउ गरी हालसम्म पनि रिहा नगरिएकोमा महासङ्घको गम्भीर ध्यानाकर्षण भएको छ। पत्रकार तथा साहित्यकारका रूपमा क्रियाशील थपलियालाई आफ्नो आस्था र विचार प्रकट गरेकै आधारमा पक्राउ गरी झूट्टा मुद्दा लगाउन खोज्नुले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता उल्लङ्घन हुन पुगेको महासङ्घको ठहर छ। प्रहरी परिसर टेकुमा राखिएका थपलियाको तत्काल रिहा गरी उहाँको कार्यालयबाट लगिएका कम्प्युटर, पुस्तकलगायत सामग्री फिर्ता गर्न महासङ्घ जोडदार माग गर्दछ।’

## विनायकवासीद्वारा पक्राउ पुर्जी बोकेका प्रहरीको प्रतिकार

**विनायक** : विद्यार्थी नेता हर्कबहादुर विकलाई पक्राउ गर्ने पुर्जी टाँस्न घरमा पुगेका प्रहरी टोलीलाई स्थानीय बासिन्दाले प्रतिकार गरेका छन् । प्रहरी पुर्जी बोकेर सोमबार दिउँसो पञ्चदेवल विनायक नगरपालिका २ धाउखानीस्थित विकको घरमा पुगेको थियो।

नेपाल कम्युनिस्ट पार्टी निकट अखिल क्रान्तिकारीका केन्द्रीय सचिवालय सदस्य विकको घरमा प्रहरीले पक्राउ पुर्जी टाँस्न खोज्दा स्थानीयले प्रतिकार गरेको समाचारमा जनाइएको छ। पुर्जी बुझ्न र टाँस्न नदिएर स्थानीयले प्रहरीलाई तुरुन्त नफर्किए नराम्रो हुने बताएका थिए।

प्रहरी टोली घरमा पुगेर पुर्जी टाँस्न तयारी गर्दैगर्दा स्थानीय भेला भएर सामूहिक रुपमा प्रतिकार गरेका थिए। स्थानीयको अवरोध तथा प्रतिकारका कारण पुर्जी नटाँसीकनै प्रहरी फिर्ता भएको थियो। प्रहरीले पुर्जी बुझ्न र हस्ताक्षर गर्न आग्रह गरेको भए पनि स्थानीय बासिन्दा तयार नभएपछि प्रहरी फिर्ता भएको बताइएको छ।

जिल्ला अदालत मङ्गलसेनको ३५ दिने म्याद टाँस्न प्रहरी विकको घरमा पुगेको स्थानीयले बताएका छन्।

यसअघि तत्कालीन नेकपा-माओवादीले २०७० सालमा दोस्रो संविधानसभाको चुनाव बहिष्कार गर्न आह्वान गरेसँगै उक्त गाउँमा शून्य मतदान भएको थियो।

## विनेसामको नेपाल शाखामा जिज्ञासु

‘विश्वभरका साहित्यकारहरू एकजुट होऔँ, नेपाली साहित्यलाई समृद्ध बनाऔं’ भन्ने मूल नाराका साथ स्थापना भएको विश्व नेपाली साहित्य महासङ्घको नेपाल शाखा साहिरतयकार कल्पना पौडेल ‘जिज्ञासु’ को अध्यक्षतामा पुनर्गठन भएको छ।

संस्थाको वरिष्ठ उपाध्यक्षमा केबी पौडेल, उपाध्यक्षमा केशु पोखरेल खनाल, महासचिवमा अम्बिका चाम्फू, सचिवमा सञ्जाल शर्मा, कोषाध्यक्षमा बसु श्रेष्ठ, सहसचिवमा दीपा नेपाल, सहकोषाध्यक्षमा नवीन रावत चयन भएका छन् । सदस्यहरूमा दामोदर ढकाल, ढुण्डीराज ढकाल, लोकेश जलन, सीता बिष्ट कार्की, सुभद्रा घिमिरे, कृष्णबहादुर केसी, विमला अधिकारी देवकोटा, मोहन कार्की र कल्पना चाम्लिङ राई चयन भएका छन्।

नेपाली साहित्यको श्रीवृद्धिका लागि स्वदेश तथा विदेशमा रहेका नेपाली साहित्यकारहरू आबद्ध यो संस्था सन् २०१० मा स्थापना भएको जानकारी नवनिर्वाचित अध्यक्ष जिज्ञासुले दिइन् । संस्थाले विभिन्न देशमा २४ भन्दा बढी शाखा स्थापना गरिसकेको छ। विश्व केन्द्रीय समितिको निर्वाचन भएको एक महिनापछि विश्व केन्द्रीय समितिका महासचिव केदार सङ्केतको उपस्थितिमा नेपाल शाखा पुनर्गठन गरिएको हो।

विश्व नेपाली साहित्य महासङ्घका सबै शाखाहरूलाई सक्रिय गराएर नेपालमा पनि यसका उप शाखाहरू खोल्दै अगाडि बढ्ने र नेपाली भाषा-साहित्यलाई विदेशी साहित्यकारहरूमाझ पुर्‍याउन आवश्यक रहेको महासचिव सङ्केतले बताए।

# दोरम्बा हत्याकाण्डबारे राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन

## (राष्ट्रिय मानवअधिकार आयोगलाई प्रतिवेदन बुझाएको मिति २०६०।५।१९)

**१. समितिको गठन**

राष्ट्रिय मानवअधिकार आयोगगले रामेछाप दोरम्बामा भएको भनिएको सुरक्षा फौज र नेकपा( माओवादी) बीचको भिडन्तको स्थलगत यर्थाथता छानबिन गर्ने प्रयोजनको लागि मिति २०६० भाद्र ९ गते एक समितिको गठन गरेको सम्बन्धमा यस समितिका समितिहरूलाई मिति २०६०।५।९ मा दिइएको पत्र बाट जानकारी प्राप्त भयो । प्राप्त पत्रानुसार समितिको नामावली यसप्रकारको छ ।

१ कृष्ण जङ्ग रायमाझी, संयोजक (भूपू न्यायधिस, सर्वोच्च अदालत), २. प्रेम बहादुर विष्ट , सदस्य (भूपू महान्यायाधिवक्ता), ३. कनकमणि दिक्षित, सदस्य पत्रकार, ४.डा. हरिहर वस्ती सदस्य, (चिकित्सक, फरेन्सिक विज्ञ), ५.हरि फुयाल प्रतिनिधी, (राष्ट्रिय मानवअधिकार आयोग)

समितिको गठनको तात्पर्यता र क्षेत्राधिकार तथा मानवअधिकार र मानवीय कानुनको अनुगमनका सम्बन्धमा आयोगका सम्मानीय अध्यक्ष र माननीय सदस्यज्यूहरूले मिति २०६० भाद्र ९ मा जानकारी गराउनुभयो । आयोगले समितिलाई २०६० भाद्र १० मा रामेछापको दोरम्बा प्रस्थान गर्नुभन्दा पहिले शाही नेपाली सेनाको कार्यरथी विभाग (प्राड विभाग) को पत्रसङ्ख्या २१२८ (प्राड) ०६०/६१/२१९ द्वारा राष्ट्रिय मानवअधिकार आयोगलाई पठाएको 'दोरम्बा घटनाबारेको जानकारी विषयक' पत्र प्राप्त भएको जानकारी गरायो । समितिले दोरम्बा घटनाको सम्बन्धमा पत्रपत्रिकामा प्रकाशित समाचारहरूको अध्ययन र दोरम्बा क्षेत्रका बारेमा जानकारी राख्ने काठमाडौँमा उपलब्ध व्यक्तिहरूबाट जानकारी लियो । मिति २०६० भाद्र १० मा दिनको करिब १:१० बजे समिति एयरपोर्टबाट हेलिकप्टरद्वारा रामेछाप जिल्लाको दोरम्बा प्रस्थान गऱ्यो ।

यय समितिलाई स्थलगत निरीक्षणका लागि आयोगले अनुगमन कार्यदेश उपलब्ध गराएको थियो । कार्यदेशमा मूलतः घटनाको तथ्यबारे जानकारी लिने क्रममा समितिका सदस्यहरूले विवादमा संलग्न भएका पक्षहरू, स्थानीय प्रत्यक्षदर्शीहरू र घटनाका बारेमा सुनेर जान्ने व्यक्तिहरूको बयानका आधारमा सूचनाहरू ग्रहण गर्नुपर्ने, घटनाका बारेमा बयान लिँदा पीडित व्यक्तिको मानसिक तनाव, सुरक्षा र अनुसन्धानका आधारभूत सिद्धान्तहरूलाई सम्मान गरिनुपर्ने, सम्भव भएसम्म घटना घटेको ठाउँको स्थलगत भ्रमण गर्नुपर्ने, घटनास्थल प्रकृति झल्कने कागजात तयार गर्नुपर्ने, मानिसहरू मरेको भए सम्भव भएसम्म जिउमा गोली लागेको ठाउँ र दोहोरो भिडन्त भएनभएको सम्बन्धमा तथ्यहरूले प्रमाणित गर्ने गरी प्रतिवेदन तयार पार्नुपर्ने र घटनाको अनुगमन गर्दा भिडन्त भएको अवस्थामा महासन्धिको साझा धारा ३ को पालना भएनभएको निरीक्षण गर्नुपर्नेजस्ता कुराहरू समावेश गरिएका थिए ।

**२.समितिको कार्यपद्धति**

घटनाको छानबिन सम्बन्धमा समितिले तथ्यहरू सङ्कलन गर्ने प्रयोजनका निमित्त वारदात भएका स्थानहरूको स्थलगत अवलोकन गर्ने, वारदातलाई प्रत्यक्ष रूपले देख्ने व्यक्तिहरूको बयान लिने, गाडिएको भनिएका खाडलबाट लासहरू निकाली अवलोकन गर्ने, मारिएको ठाउँको घटनाको प्रत्यक्षदर्शीको बयान लिने, फिल्म र भिडियो क्यामेराबाट तस्बिर लिने, घटनास्थलमा भेटिएका गोलीका खोका, चप्पल, हात बाँधिएको भनिएको डोरी, जलाइएका झोला र अन्य सामग्रीहरूको सङ्कलन गर्ने र तिनीहरूको तस्बिर खिच्ने कार्यहरू गर्ने, त्यस्तै घटनाबाट उम्कन सफल भएका भनिएका नेकपा (माओवादी) का कार्यकर्ताहरूको भनाइ र घटनाका सम्बन्धमा सरोकारवाला व्यक्तिहरूका भनाइहरूलाई छुट्टाछुट्टै सुनुवाइ गर्ने, वारदात भएका घटनास्थलहरूको प्रकृति मुचुल्का, लासहरू गाडिएको ठाउँको प्रकृति मुचुल्का, लासहरू निकाल्न आफन्तहरूको मन्जुरी र घटनास्थलमा समितिको रोहवरमा फेलापरेका सामग्रीहरू स्थानीय व्यक्तिहरूसमक्ष बुझाएको मुचुल्का तयार गर्ने कार्यहरू गऱ्यो ।

**३. रामेछापको दोरम्बामा समितिको उपस्थिति**

मिति २०६०/५/१० गते करिब १:३० बजे काठमाडौँबाट हेलिकोप्टरद्वारा रामेछापको दोरम्बा बजारभन्दा पश्चिमपट्टि करिब २ कि.मि पर र कम उचाइको एउटा कान्लामा हेलिकोप्टर अवतरण गर्न सफल भयो । बाक्लो कुहिरोका कारण दोरम्बा बजारमा हेलिकोप्टर बस्न सकेन । स्थानीय व्यक्तिहरूको सहयोगसमेतबाट समितिका सदस्यहरू दोरम्बा बजार पुगी काकलिङ्ग मावि दोरम्बामा... समेतको सहायताबाट स्थानीय स्वास्थ्यचौकीको आवासगृहमा समितिका सदस्यहरूको बसोबासको व्यवस्था गरियो । सम्पूर्ण स्थानीय व्यक्तिहरूलाई समितिको कार्यमा कुनै पनि तवरले हस्तक्षेप र असर नपार्न तथा तथ्यहरूलाई प्रभाव नपार्न समितिले अनुरोध गऱ्यो । समितिलाई अनुसन्धानमा आवश्यक पर्ने श्रम, चिजवस्तु र सेवा स्थानीय व्यक्तिहरूबाट उपलब्ध गराइयो । श्रम, वस्तु र सेवाको मूल्य भुक्तानी गरियो । निरीक्षण र अनुगमनका क्रममा कुनै पनि पक्षबाट अवरोध सिर्जना गरिएन । स्थानीय व्यक्तिहरूले आफ्नो सुरक्षाको चासो राख्दै समितिलाई भरपूर सहयोग गरे ।

**४.दोरम्बा घटनाको तथ्यगत विवरण**

दोरम्बा घटना छानबिन गर्न गठित अनुसन्धान समिति (जसलाई कतिपय संलग्न कागजातहरूमा 'छानबिन टोली' समेत भनिएको छ) ले सङ्कलन गरेका घटनाको तथ्यगत विवरण निम्नअनुसार छ :

**४.१ दोरम्बा परिचय**

रामेछाप जिल्लाको दोरम्बा गाविस सदरमुकाम मन्थलीदेखि हवाइमार्गबाट १९ कि.मि. उत्तरपश्चिममा र मन्थलीबाट एक दिनको कठिन हिँडाइमा अवस्थित छ । करिब ६५०० देखि ७००० फिटको उचाइमा रहेको दोरम्बा गाविसका बासिन्दाहरूमध्ये करिब ८५ प्रतिशत तामाङ, १० प्रतिशत मगर, ३ प्रतिशत दलित र २ प्रतिशत क्षेत्रीबाहुनहरू रहेको स्थानीय व्यक्तिहरूले बताए ।

शैलुङ लेकको जङ्गलको दक्षिणमा रहेको दोरम्बा गाउँ दक्षिणतर्फ सिन्धुली, उत्तरतर्फ दोलखाको क्षेत्रहरूको बीचमा पर्दछ । मोटरबाटोको सुविधा नभए पनि राजनीतिक चेतना भएको यस क्षेत्रमा माओवादीको प्रभाव रहेको बुझियो ।

दोरम्बा बजारस्थित गाविस भवन, प्रहरी चौकी 'मार्स' टेलिफोन लाइन, इलाका बन कार्यालय र हुलाक कार्यालय माओवादीद्वारा पूर्ण रूपमा भत्काइएका छन् भने दोरम्बा स्वयम् तनावग्रस्त अवस्थामा भएको पाइयो । स्वास्थ्यचौकी र विद्यालयका कर्मचारी र शिक्षकहरू प्रायः दोरम्बा वा रामेछापबाहिरका भएको बुझियो । गाउँका सोतसाधन भएका युवाहरू र राजनीतिक दलका कार्यकर्ताहरू काठमाडौँ र अन्यत्र विस्थापित भएको बुझियो भने कतिपय युवायुवतीहरू माओवादीमा संलग्न भई गाउँबाट बाहिर गएका भन्ने बुझियो । त्यस्तै कतिपय युवाहरू शाहीसेना र प्रहरीमा भर्ना भएको भन्ने बुझियो । उत्पादनका रूपमा धान कम, मकै र कोदो ज्यादा र आलुको बिउ उत्पादन हुने यस क्षेत्रमा नेकपा माओवादीबाहेक अन्य राजनीतिक दलका कार्यक्रम र बैठकहरू हुने नगरेको बुझियो ।

**४.२ दोरम्बामा ने.क.पा (माओवादी) का गतिविधिहरू**

दोरम्बा गाविसको विगतको स्थानीय निर्वाचनमा प्रायःजसो पदहरू नेपाली काङ्ग्रेसले जितेको बुझियो । नेकपा (एमाले) को पनि नेपाली काङ्ग्रेसकै हाराहारीमा समर्थन रहेको बुझियो । रामेछाप निर्वाचन क्षेत्र नं. २ मा पर्ने यो गाविसमा पहिलेदेखि नै संयुक्त जनमोर्चाका कार्यकर्ताहरू सक्रिय थिए भन्ने बुझियो । २०४८ सालको आमनिर्वाचनमा यस निर्वाचन क्षेत्रबाट संयुक्त जनमोर्चाका कमल चौलागाईंले निर्वाचन जितेका रहेछन् । पछिल्ला निर्वाचनहरूमा क्रमशः पद्मशङ्कर अधिकारी (नेपाली काङ्ग्रेस) र रामहरि ढुङ्गेल (नेपाली काङ्ग्रेस) ले निर्वाचन जितेका रहेछन् । २०५५ सालदेखि आफ्ना गतिविधि तीव्र पारेको ने.क.पा (माओवादी) ले २०५९ सालदेखि दोरम्बा गाउँलाई आफ्नो 'नियन्त्रण क्षेत्र' घोषणा गरी 'जिल्ला जनसरकार' अन्तर्गत 'गाउँ जनसरकार' को 'नियन्त्रण' मा राखेको भन्ने पाइयो । दोरम्बा गाउँमा ने.क.पा. (माओवादी) का दुईवटा ठूलाठूला आमसभा आयोजना गरिएको थियो भन्ने बुझियो । हालसम्म पनि ने.क.पा. (माओवादी) का राजनीतिक कार्यकर्ताको प्रायः उपस्थिति रहने र कहिलेकहीँ सानो वा ठूलो समूहमा सशस्त्र माओवादीहरू हिँड्ने गरेको यस ठाउँका जनसमुदाय पनि मनोवैज्ञानिक रूपमा ने.क.पा. (माओवादी) को प्रभावमा रहेको भन्ने बुझियो । ने.क.पा. (माओवादी) ले आफ्ना राजनीतिक विरोधीलाई गाउँबाट बाहिर विस्थापित गर्ने प्रवृत्ति रहेको बुझियो । सेना ५/६ महिनामा एकचोटि गाउँमा आउने र 'सर्च' एवम् गिरफ्तारी गर्ने गरेको बुझियो ।

**४.३ दोरम्बा घटनाको विवरण**

दोरम्बा घटना अनुसन्धान समितिद्वारा सङ्कलित सूचना, बयान र अनुसन्धानका आधारमा यस घटनाको विवरण निम्नानुसार रहेको छ । घटनासम्बन्धि विस्तृत जानकारी संलग्न अनुसूचीहरूमा उपलब्ध छ ।

माओवादीहरूले बैठक बस्ने घर आफैँले चयन गर्दा रहेछन् र घरधनीहरूले त्यसमा सहमति जनाउनुपर्ने बाध्यता रहेको बुझियो । मिति २०६० श्रावण ३१ गते बेलुका ४ बजेतिर ने.क.पा. (माओवादी) का गाउँ आसपास र अन्ततिरका कार्यकर्ताहरू दोरम्बा बजारबाट १ कि.मि पूर्वमा रहेको युवराज मोक्तानको घरमा जम्मा हुन थालेछन् । युवराज मोक्तान डडुवा गाविसमा पर्ने निजको घरभन्दा पारिपट्टिको डाँडाको एक प्राथमिक विद्यालयका शिक्षक रहेछन् । उनी विद्यालयको पुस्तक लिन काठमाडौँ गएका रहेछन् । घटनापूर्वको वस्तुस्थितिको सम्बन्धमा युवराज मोक्तानकी श्रीमतीको भनाइ सारांशमा यस्तो रहेको छ : 'म र मेरो २० वर्षीय जेठा छोरा लीला मोक्तान खेतमा काम गर्न गएका थियौँ । घर फर्किंदा माओवादीहरू घरभित्र पसिसकेका रहेछन् । अन्तबाट आएका माओवादीहरू राती त्यहीँ बसे । उनीहरूले खाने सामल आफैँ ल्याएका रहेछन् र पकाएर खाए । राती अबेरसम्म वार्तालाप गरिरहेका थिए । मिति २०६० श्रावण ३२ को बिहानैदेखि गाउँ र अन्यत्रका अरू माओवादी कार्यकर्ताहरू आउने क्रम जारी थियो । बिहान करिब ९:३० बजे झाडापखालाले ग्रसित भएका मेरा श्रीमान् युवराज मोक्तान काठमाडौँबाट दोलखाको मुडेमा बास बसी पैदल बाटोबाट सोही दिन घर आइपुगे । घरमा आएपछि उनले माओवादीको बैठक हुँदै गरेको थाहा पाए र उनी केही नबोली आराम गर्न माथिल्लो तलाको कोठाको ओछ्यानमा ढल्किए । मैले श्रीमान्‌लाई पानी खान र आराम गरिराख भनी खेतको काममा बाहिर निस्किएँ । म घरबाट बाहिर निस्कँदा करिब १८/२० जना माओवादीहरू घरभित्र थिए र करिब १०/१२ जना माओवादीहरू घरबाहिर आँगन र डिलमा कुरा गरिरहेका थिए । घरभित्र भएकाहरूमध्ये कतिपय भान्सामा खाना पकाइरहेका थिए । उनीहरूले आफैँले ल्याएका खसी काटी मासु बनाउने र पकाउने क्रममा लागेका थिए ।'

त्यस दिन बिहानैदेखि गाउँमा बाक्लो कुहिरो लागेको र सिमसिम पानी परिरहेको भन्ने स्थानीय व्यक्तिहरूले बताए । मन्थलीबाट गाल्बा आई सेना बास बसेको भन्ने बुझियो । दोरम्बाबाट करिब २ घण्टा दक्षिणतिरको हिँडाइमा रहेको गाल्वा गाउँबाट सेनाहरू सिभिल ड्रेसमा कसैले गन्जी र हाफपेन्ट, हाप ज्याकेट र रेनकोट लगाई हतियार लुकाई दोरम्बा बजारतिर आएको भन्ने बुझियो । दोरम्बा क्षेत्रमा करिब ८० जना सेनाहरू प्रवेश गरेपछि कोही स्वास्थ्य चौकीभन्दा माथिको डाँडामा, कोही विद्यालयछेउको डाँडामा, कोही बजार क्षेत्रमा, कोही बजारभन्दा पूर्वतिरको गाउँमा र दुई टोली सेना स्वास्थ्य चौकीभन्दा पूर्वतिर रहेको युवराज मोक्तानको घरतिर विभाजित भएको बुझियो । सेनाहरू विभिन्न टोलीमा भएकाले गाउँमा निजहरूका विभिन्न क्रियाकलाप एकै समयमा भइरहेको बुझियो । गाउँमा एक माओवादी कार्यकर्ता 'रामकुमार' को 'सङ्गीता' सँग विवाह हुँदैछ भन्ने प्रायः सबैलाई थाहा रहेछ । सेनाले गाउँलेलाई 'रामकुमारको विवाह कहाँ हुँदैछ भन' भनेर सोधेको बुझियो । बजारमा भएका सेनाले पसलमा दालभोठ चिउरा मागी खाएका रहेछन् भने बजारभन्दा पूर्वतिरको गाउँमा रहेको सेनाको एक टोलीले जाँडरक्सी पनि खाएको भन्ने बुझियो । पानी परेको चिसोमा बर्सादी लगाएका सेनाले बजारमा पहरा दिइरहेको बुझियो । विद्यालयछेउमा भएको सेनाको टोलीले विद्यालयमा गई '...र... सर कहाँ छन्' भनी सोधेछन् । शिक्षक... विद्यालयमा नभएकाले शिक्षक...लाई 'क्याप्टेन साब' भएको ठाउँमा ल्याई आफू माओवादी भएनभएको, चन्दा दिएनदिएको सम्बन्धमा सोधीखोजी गरेछन् र केहीबेरपछि धम्क्याएर छाडिदिएछन् । निज...लाई छाडिदिँदा युवराज मोक्तानको घरबाट पक्राउ गरेका व्यक्तिहरूलाई ल्याइसकिएको भन्ने बुझियो । (अनसूची २,...को बयान)

यसैबीचमा सेनाले बजार क्षेत्रमा कतिपय व्यक्तिहरूलाई माओवादीलाई रासन खुवाएको र विभिन्न सरसहयोग गरेको भनी केरकार गरेको बुझियो भने गाल्बातिरबाट दोरम्बा बजार आउने बाटोमा भएको माओवादीको स्वागतद्वार सेनाले भत्काइदिएका रहेछन् । गाउँलेहरूको आवागमन र चहलपहललाई ठाउँठाउँमा बसेका सेनाहरूले निषेध गरेको बुझियो । स्थानीय व्यक्तिहरूको भनाइअनुसार उक्त सुरक्षा फौजको टोलीको नेतृत्व एक मेजर र एक क्याप्टेनले गरेको भन्ने बुझियो ।

करिब १०:३० बजेतिर बन्दुक पड्किएको आवाज सुनिएछ । सेनाले युवराज मोक्तानको घर 'सी' आकारमा घेरेको भन्ने बुझियो । पल्लो पाखाको डडुवा गाउँबाट बैठकमा भाग लिन पूर्वतिरबाट आउँदै गरेका 'विवेक' भनिने टेकबहादुर थापामगर युवराजको घरनजिकैको डिलबाट सेनाको गोली लागेर ढलेछन् । निजसँग आउँदै गरेका 'राजन' भन्ने एक व्यक्ति र अर्को एकजना नाम खुल्न नसकेको व्यक्ति भाग्न सफल भएछन् । यसैबीचमा घरबाहिर भएका माओवादी कायकर्ताहरू सेना आएको देखी कान्लाबाट हामफाल्दै भाग्न सफल भएछन् । घरभित्र भएकाहरूमध्ये '...' भनिने एक व्यक्ति माथिल्लो तलाको ग्रिल नभएको झ्यालबाट हमफाली भागेछन् । तलामुनि भएका २० जनामध्ये 'ललित' भनिने एक व्यक्ति ढोकामा भएका सेनालाई धक्का लगाउँदै चर्पीतिरबाट कान्लामुनि हामफाली उम्कन सफल भएछन् । यी सबै घटनाहरू भइरहँदा सेनाका तर्फबाट धेरै राउन्ड गोली चलिसकेको भनिन्छ । घरका बाहिरी भित्तामा, छानामा र घरभित्र भएको स्वर्गीय राजारानीको तस्बिरमा गोली लागेको देखियो । (अनुसूची १, घटनास्थल प्रकृति मुचुल्का)

युवराज मोक्तान र निजका छोरा लीला मोक्तानसहित १९ जनालाई सेनाले घरभित्र प्रवेश गरी हात माथि उठाउन लगाई क्रमशः बाहिर निकालेको बुझियो । बाहिर निकालिएका प्रत्येक व्यक्तिहरूको हात पछिल्तिर बाँधी घरभन्दा माथिको डिलमा लडाइएको बुझियो । सेनाले घर खानतलासी गरेछन् । माओवादीहरूले पकाएको खाना सेनाले पोखिदिएको, दहीको ठेकी फुटाई दही छरपस्ट पारिदिएको, घरभित्रको ऐना फुटाइदिएको भन्ने बुझियो । घरभित्र भएका माओवादीहरूका झोला, एउटा थ्री-नट-थ्री बन्दुक, दुईवटा पेस्तोल, १४ वटा सकेट बम सेनाले कब्जामा लिएछन् । घरधनी, निजकी छोरी र छोराहरूका लत्ताकपडा र कागजात घरबाहिर आँगनमा निकाली सेनाले जलाइदिएको र भाँडाकुडा फुटाइदिएका रहेछन् । विभिन्न सामग्रीहरू जलाइएको ठाउँ समितिले अवलोकन गऱ्यो । जलाइएका कागजहरूमध्ये दुईवटा नागरिकताका प्रमाणपत्रहरू ...बाट प्राप्त भयो । युवराज मोक्तानको घरमा भइरहेका घटनाहरू निजको घरभन्दा केही तल जम्मा भएका गाउँलेहरूले हेरिरहेका रहेछन् । तर उनीहरू घटना भएको ठाउँमा आउन सकेनछन् र सेनाहरू पनि गाउँले भएको ठाउँतिर गएछन् । (अनुसूची १, घटनास्थल प्रकृति मुचुल्का)

उल्लिखित घटनाको करिब १ घण्टापछि अन्दाजी ११:३० बजेतिर सेनाहरूले पक्राउ परेका व्यक्तिहरूलाई हात पछिल्तिर बाँधी कसैलाई अघि र पछि एउटा-एउटा झोला र कसैलाई एउटा मात्र झोला बोकाई ५/७, ५/७ जनाको समूह बनाई स्वास्थ्य चौकी भएतिर अघि बढाएछन् । केही गाउँलेहरूले तीनजना सेनाले एक महिलालाई युवराज मोक्तानको घरबाट जबर्जस्ती उकालो लाँदै गरेको देखेछन् । सेनाहरू युवराज मोक्तानको घरबाट गएको केहीबेरपछि गाउँलेहरू सो घरमा जम्मा भएछन् । घरनजिकै "विवेक" भनिने टेकबहादुर थापामगरको लास छाती र पेटमा गोली लागी ढलेको अवस्थामा भेटिएको र निजको लासकै छेउमा मट्टीतेलको जरकिन पनि भेटिएको गाउँलेहरूले बताए । युवराज मोक्तानको घरमाथि डिलमा "कोही महिला" को फ्रक र सल गाउँलेले फेला पारेको बताए । निज "उषा" नाम गरेकी १८ वर्षकी महिला भएकी र निजको स्थिति हालसम्म अज्ञात रहेको बुझियो । निज "विवेक" भनिने टेकबहादुर थापामगरको लास २०६० भाद्र १ गते निजको आफन्त र गाउँलेहरूले युवराज मोक्तानको घरभन्दा करिब १५० मिटर दक्षिण-पश्चिम तिरको चिहानडाँडा भन्ने ठाउँमा ल्याई गाडिदिएको बताई ठाउँसमेत समितिलाई देखाइदिए ।

पक्राउ परेका व्यक्तिहरूलाई स्वास्थ्यचौकी र विद्यालयको बाटो हुँदै दोरम्बाबजारबाट उकालो लगाइएछन् । बजारबासीहरूलाई सेनाले सबै "घर, पसल बन्द गरी घरभित्र पसी बस" भनेपछि झ्यालबाट चिहाएर हेर्दा गालीगलौज गर्दै पछिल्तिर हरियो कपडाले हात बाँधी झोला बोकाएर लाइनमा मानिसहरू लगेको देखिछन् । उनीहरूले युवराज मोक्तान, निजको छोरा लीला, ठूलोराम, सानोराम, लक्ष्मण, "ललिका", विष्णुमाया थापामगर, चतुरमान थामी आदिलाई चिन्न सके तर सबैलाई ठम्याउन सकेनछन् । शैलुङ हुँदै दोलखाको मुडे जाने बाटो दोरम्बा बजारको उत्तरपट्टि छेवैको उकालो हुँदै सेनाको लस्कर र समातिएका व्यक्तिहरू हिँडेछन् । उकालोको आधी जतिमा रहेको बाँसबाट बनाएको माओवादीको स्वागत द्वारलाई भत्काउँदै सैनिकसहितको सो जमात शैलुङतिर बढेछ । कुहिरोले बाटो परसम्म नदेखिने भए पनि बजारको छेवैबाट बाटो छुट्टिने भएकाले त्यतातिरबाट लगेको देख्न सकिने र सेनाले बजार छोडेपछि गाउँले बजारको सिरानमा जम्मा भएका कताबाट लग्दो रहेछ भनेर हेरिरहेको बुझियो ।

तेर्सो बाटोबाट देउरालीसम्म पुऱ्याएपछि मुडे जाने शैलुङको बाटो नलगी केही कारणवश एक्कासि लक्ष्य फेरबदल गर्ने निर्णय गरेजस्तो गरी सेनाले "बाहुनचुरा" जाने बाटो सोधे भनी स्थानीय...ले समितिलाई बताइन् । त्यहाँबाट डाँडाकटेरीतिर जाँदै गरेको र हात बाँधेका व्यक्तिहरू देखेको भनी स्थानीय गोठाला वर्ष...का...ले समितिलाई बताए । निजले करिब एक घण्टापछि एकोहोरो रूपमा बन्दुक पड्केको आवाज सुनेको भनी बताए । केही सेनाले बाटोमा काँक्रा मागेर खाई २:१५ तिर पूरै डफ्फा डाँडाकटेरी पुगेका भन्ने बुझियो । डाँडाकटेरीमा समातिएका मानिसहरूलाई उभ्याएर धेरैजसो सेनाहरू अघि बढे भनी स्थानीय...ले समितिलाई बताए । स्थानीय वर्ष...का...ले दिएको बयानअनुसार : "थोरै सेना मात्र (लाम लगाइएको) को ठाउँमा बसे । सेनाले पक्राउ परेका व्यक्तिहरूलाई लाम लगाउँदै थियो । आफूहरू आएको दिशातिर फर्केर एउटा सेनाले बन्दुक ताकिरहेको थियो । म...कोमा बोका लिन जाँदै थिए । लाम लगाएको ठाउँमा खलबल थियो । ठूलाराम चिच्याउँदै थियो । एउटी महिला 'मान्यो नि ! मान्यो' भन्दै निकै बेरसम्म कराइरहिन् । मैले लाम लगाएको देखेँ । लाम लगाउने ४/५ जना सिभिल ड्रेसका सिपाही थिए र मलाई बन्दुक बोकेको सेनाले 'तिमी गइहाल बुढा, गइहाल' भन्यो । म करिब २० कदम मात्र हिँडेको थिएँ, मेरो कानै उछिट्टिने गरी बन्दुक पड्क्यो र कराउँदै गरेकी महिलाको आवाज पनि रोकियो । त्यस ठाउँमा भिडन्त भएको होइन लाइन लगाई बिजोगले मारेको हो ।" (अनुसूची ४, ...को बयान)

निज व्यक्तिहरूको हत्या भएपछि सेना निलागपानी हुँदै सुर्केतिरबाट मन्थली लागेको सुर्केमा पढ्ने विद्यालयका विद्यार्थीहरूले देखेको बुझियो । त्यही दिन विद्यालय छुट्टी भएपछि सुर्के देउरालीमा पढाउने दोरम्बाका शिक्षकहरू ...घर फर्कंदा निजहरूले सिभिल ड्रेसमा हतियार बोक्ने मानिसहरू सुर्केमा देखेको र निगालपानी आइपुग्दा स्थानीय व्यक्तिहरूले डाँडाकटेरीमा धेरै गोली चलेको सुन्यौँ भनेपछि डराउँदै आएको र करिब ५ बजे त्यहाँ आइपुग्दा बाटोभरि रगत, गिदी, खोपडीका टुक्राहरू देखेको र तल भीरमा ९/१० वटा जति लासहरू देखेपछि हामीलाई पनि खतरा हुन सक्छ भनी छिटोछिटो घर (दोरम्बा) तिर आउँदा बजारका मानिसहरूलाई घटना बताएपछि बजार रुवाबासी र कोलाहलमा परिणत भएको भन्ने जानकारी समितिसमक्ष प्राप्त भयो । (अनुसूची ५,...को बयान)

**४.४ समितिका सदस्यहरूद्वारा घटनास्थलको जाँच**

२०६०।५।११ मा अनुसन्धान समितिका सदस्यहरू घटना भएको स्थानमा पुग्दा स्थानीय डाँडाकटेरी, डडुवा, निगालपानी र दोरम्बाका गरी करिब ६०/७० जनाजति व्यक्तिहरू जम्मा भएका थिए । समितिका सदस्यहरूद्वारा घटना भएको ठाउँको अवलोकन गरियो । घटना घटेको ठाउँमा अघिल्लो रातको भीषण वर्षाको कारण सानो पहिरो गएकाले एक समूह लासहरू खसाइएको भनिएको ठाउँको केही अंश पुरिएको पाइयो । पहिरो नगएको भागमा १७ वटा गोलीका खोकाहरू भेटिए, त्यस्तै पुरुष र महिलाको गरी ७ थान चप्पल, हात बाँधेको भनिएका हरियो र अन्य रङ्का डोरीका रूपमा प्रयोग गरिएको कपडाका टुक्रा, दुईवटा पकेट काइँयो, एउटा दाँत माझ्ने ब्रस, एउटा ढाकाको टोपी, बाटाको दायाँबायाँ तरिएको टाउकोका हड्डीका टुक्राहरू भेटिए (अनुसूची १०, सामान बुझाएको मुचुल्का) घटना भएको ठाउँको बाटोका भित्तामा बन्दुकका गोली लागेर ठाउँठाउँमा खोप्चिएको देखियो । घटना करिब ४ फिट चौडाको गोरेटो बाटोमा भएको बुझियो । गोरेटोको उत्तरतिर पाखो र दक्षिणतिर ४०० मिटर पाखा भएको देखियो । निगालपानी हुँदै सुर्के देउराली जाने त्यो बाटोको करिब १५० मिटर पर गएपछि झोला, कागज, कपडा, स्ट्याम्प प्याड र दैनिक प्रयोगमा आउने सामानहरू जलाइएको थुप्रो पाइयो । गाउँलेहरूले दिएको विवरणअनुसार १९ वटा लास त्यहीँ पाखामा खसालिएको अवस्थामा पाइयो । ११ वटा लासहरू खप्टिएको अवस्थामा एकै ठाउँमा र अन्य लासहरू तलतलसम्म छरिएका थिए भन्ने बुझियो । घटनास्थलबाट करिब ३० मिटर तेर्सो माथि पाखामा माथिल्लो लाइनमा ७ वटा, बीचको लाइनमा ८ वटा र तल्लो लाइनमा ३ वटा लासहरू स्थानीय व्यक्तिहरूले गाडेको ठाउँ देखियो । स्थानीय व्यक्तिहरूको भनाइअनुसार घटना भएको तेस्रो दिन नेकपा (माओवादी) का कार्यकर्ताहरूसहितको उपस्थितिमा गाउँलेहरूले लास गाडेका रहेछन् ।

घटना डाँडाकटेरीमा पुगेपछि समितिले अनुसन्धानका लागि गाडिएका लासहरू जाँच गर्न उपयुक्त सम्झ्यो । डाँडाकटेरीमा त्यस दिन उपस्थित भएकाहरूमध्ये ७ जना मृतकका आफन्तहरू पनि थिए । मृतक व्यक्तिहरूको केकस्तो ठाउँमा लागेको रहेछ जाँच गर्ने मन्जुरी दिनुहोस् भनी सोधनी गर्दा मृतकका परिवार र उपस्थित सदस्य तथा उपस्थित स्थानीय व्यक्तिहरूले मन्जुरीनामा लेखिदिए । (अनुसूची ६, मन्जुरीनामा लेखी दिए । (अनुसूची ६, मन्जुरीनामा) लासहरू ककसका हुन्, चिनाइदिनुस् भनी सोधनी गरियो । स्थानीय व्यक्तिहरूको सहयोगमा सम्पूर्ण १८ वटा लासहरू शवोत्खनन गरी जाँच गरियो । एकजना चतुरमान थामीको लास निजका परिवारजनहरूले लगी आफ्नो रीतअनुसार जलाएको थाहा पाइयो ।

४.५ डाँडाकटेरीमा गाडिएका १८ वटा मृतकहरूको नामावली यसप्रकार छ : बाबुराम तामाङ 'पुष्प', अम्बिका दाहाल 'ललिका', प्रदीप दोङ 'रक्तिम', नाम नखुलेकी 'सङ्गीता' डडुवा-४,रामेछाप, कर्बहादुर तामाङ 'यथार्थ', रवि चौहान 'समीर', उमा कार्की 'सहारा', श्याम तामा 'इन्क्लाब', पदमराज गिरी 'असल', विष्णुमाया थापामगर 'बिमा', ठूलोराम तामाङ 'छोक्पा', सानोराम तामाङ 'तारा', लक्ष्मण तामाङ 'छाया', नाम नखुलेका 'जमिन' धनुषा, नाम नखुलेका 'सोम' काभ्रेपलाञ्चोक, चौवास, नाम नखुलेकी 'विमला' सोलुखुम्बु, युवराज मोक्तान (बाबु दोरम्बा-२), लीला मोक्तान, अन्य मृतकहरू टेकबहादुर थापामगर 'विवेक', चतुरमान थामी 'समर', बेपत्ता भएको भनिएकी महिला 'उषा' सिन्धुपाल्चोक ।

## ५ लास अवलोकन प्रतिवेदन

मिति २०६०।५।११ गते बिहीबार दिनको १ बजे रामेछापको दोरम्बा गाविस-९ डाँडाकटेरीमा मूलबाटोको नजिकै चउरमा भर्खरै खनेको जस्तो देखिने डोबहरू भएको ठाउँमा १८ वटा लासहरू गाडेको भनी मृतकका नातेदार तथा अन्य गाउँलेहरूको भनाइअनुसार शवोत्खनन (भहजगफबतष्यल० गरी लासहरूमा केकस्ता चोटहरू छन् सोको अवलोकन गर्न उपयुक्त सम्झी समितिले करिब ६०-७० जना स्थानीय बासिन्दाहरूको सहमति तथा सहभागितामा सबै लासको अवलोकन, फोटो लिने, भिडियो खिच्ने र अभिलेख गर्ने काम गऱ्यो । उक्त स्थानमा आलो डोबहरू भएका १८ वटा लाइन थिए जसमा माथिबाट पहिलोमा ७ वटा, दोस्रोमा ८ वटा र तेस्रोमा ३ वटा लास गाडिएको ठाउँ देखिन्थे । माथिबाट दायाँतर्फ सुरु गरी डोबहरूलाई १ देखि ७, ८-१५ र १६-१८ सम्म नम्बरहरू दिइयो र एक-एक गर्दै माटो निकाली लासमा भएका चोटहरूको अवलोकन, फोटो खिच्ने तथा टिपोट गर्ने काम गरियो जसमा प्राप्त भएका विवरण अनुसूचीमा दिएको छ । (अनुसूची ८, लास जाँच प्रतिवेदनहरू)

१८ वटामध्ये ५ वटा (नं ८, ९, ११, १३ र १४ महिलाहरूको लास थिए भने बाँकी १३ वटा पुरुषहरूका थिए । सबै मृतकहरूले विभिन्न प्रकारका सामान्य लुगा लगाएका देखिन्थे र बाहिरबाट सेतो कपडा र सो माथि हँसियाहथौडा अङ्कित झण्डाको कपडाले ढाकिएको थियो । सबै लासहरू डिकम्पोजिसनले गर्दा दुर्गन्धित थिए । लासमा भएका चोटपटकहरू राइफल फायरआर्म (चषभि ाघ्चभबच) हतियारबाट भएकासँग मिल्दाजुल्दा थिए । १८ मध्ये १५ वटा लासहरूका टाउकोमा चोटहरू थिए । (सबै महिलाहरूको शवका टाउकाका माथिल्लो भाग उडेका चोटहरू पाइयो ।) टाउकोका चोटहरू भएका प्रायः सबै लासहरूमा गिदी नभएको र अधिकांश हड्डीका टुक्राहरूसमेत हराएका थिए । टाउकोमा चोट लागेका १५ वटा लासहरूमध्ये ४ वटा लासका टाउकोमा पूर्ण रूपले खप्पर नभएको हुँदा गोली पसेको ठाउँ (भलतचथ) तथा निस्केको (भहतष) छुट्टै ठाउँ भेटिएनन् । केही लासमा भलतचथ मा पनि भहष्त मा जस्तै ठूलो चोट पाइयो ।

१८ वटा लासहरूमध्ये १० वटा लासहरूमा अगाडिबाट गोली लागेको देखियो भने २ वटामा पछाडिबाट र अन्यमा साइडबाट लागेको भेटियो । २ वटा लासमा मात्र एकभन्दा बढी गोली लागेका छन् जसमा एउटामा टाउको तथा छाती र अर्कोमा घाँटी तथा छातीमा चोट लागेको छ ।

बाँकी पृष्ठ ७ मा

# सहिदको समाधिमा जनक्रान्तिको कासन

संस्मरण



अशोक सुवेदी

एकखाले मानिसहरू जनयुद्धका क्रममा, युद्धमैदान र अनुभूतिको चापका बीचमा गरिएका सिर्जनालाई दुत्कार्ने प्रयास गरिरहेका थिए तर हामी भने बम र बारुदसँगै जन्मिएको सुन्दर सहित्य र त्यसका सर्जकहरूलाई खोज्दै सम्मान गर्दै दौडाहामा लागेका थियौँ अभियान बनाएर। जनयुद्धलाई नै दुत्कार्नेहरूलाई टीका लगाएर चोखिएकाहरूका लागि, जस्केलाबाट छिरेकाहरूका लागि जनयुद्ध र त्यस महासमरमा युद्ध लड्दालड्दै बमबारुद र रगतबाट सिर्जित महागाथाहरूका बारेमा थहा नहुनु पनि स्वाभाविकै थियो। त्यसैले तिनीहरू मुलुकमा महान् वर्गसङ्घर्ष घनीभूत भइरहेको समयमा पनि सहरका कोठामा बसेर युद्धलाई आतङ्क भनेर सत्तोपराप गरिरहेका थिए। दुस्मन कित्ताकाहरूले त आफ्नो समाप्त हुन लागेको वर्गस्वार्थको रक्षाका लागि जनयुद्ध र त्यसको नयाँ प्राप्तिलाई नस्वीकार्नु तिनको वर्गचरित्रअनुसार नै थियो तर आफूलाई वर्गसङ्घर्षको ठेकेदार सम्झने अनि आफ्नै आँखाअघिल्तिर भएको भीषण वर्गयुद्धलाई तिरस्कार गरेर दुस्मन वर्गलाई सघाउनेहरूले पनि लोलीमा बोली मिलाएर जनयुद्धलाई, जनयुद्धबाट निर्मित नयाँ संस्कृति र साहित्यलाई अस्वीकार गरिरहेका थिए।

तिनले जनयुद्धका उपलब्धि र नयाँ साहित्यलाई स्वीकारेनन् र एउटा हातमा बन्दुक र अर्को हातमा कलम बोकेर सिर्जना गरेको साहित्य र सङ्गीतको भावना र स्पिरिट बुझेनन् भनेर चिन्ता मान्नु ठीक छैन जस्तो लाग्छ मलाई। जनयुद्धको समयमा दुस्मनमाथि आक्रमणयोजना, भीषण मोर्चा र मृत्युसँग पलपल पौँठेजोरी र लुकामारी खेल्दै गरेका पलहरूलाई प्रतिध्रुवीयहरूले त कल्पना गर्नसक्ने कुरा पनि भएन। सहरमा बसेर रमिता हेर्नेहरूले पनि बुझून् नै कसरी ? कर्मी माहुरीले जम्मा पारेको मह चाट्न भेला भएकाहरूले, हजारौँ सहिदको बलिदानीपछि तर मार्न टीका लगाएर भित्रिएकाहरूले वर्गयुद्धको त्यो पीडा र आनन्दको अनुभूति गर्नसक्ने कुरा पनि भएन। त्यस्तो आशा गर्नु मरुभूमिमा पानीबिनै बगैँचा बनाउन सकिएला भनेर गरिएको चिन्ताभन्दा फरक हुने थिएन।

हामी अधुरो वर्गसङ्घर्ष वा जनयुद्धलाई पूर्णतामा लैजान आह्वान गर्दै सहरका गल्लीदेखि दुर्गम गाउँसम्म पुग्यौँ– रामेछाप साहित्य प्रतिष्ठान र मार्क्सवादी साहित्य प्रतिष्ठानको ब्यानरमा 'जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जनाअभियान' लिएर। हामी कमरेड ऋषि देवकोटा 'आजाद' को क्रान्तिकारी आदर्शलाई पछ्याउँदै आजादको चिहान उधिन्न सिन्धुलीको आजादबस्ती (खुर्कोट) पुग्यौँ। अङ्ग्रेज साम्राज्यवाद र सामन्ती राजतन्त्रका विरुद्ध धावा बोलेको ऐतिहासिक सिन्धुलीगढी पुग्यौँ। हामीले सिन्धुलीका झन्डै तीन सय सहिदका चिहान उधिन्दै र गोरखाका सयौँ सहिदको सपनालाई रातो झन्डा बनाउँदै त्यसको सन्देश तीन लाल (कृष्णलाल-गङ्गालाल-पुष्पलाल) को जिल्लाको नामले चिनिने रामेछापसम्म पुऱ्यायौँ। गङ्गालाल र पुष्पलाल जन्मिएको भूमिबाट फैलिएको हाम्रो विद्रोहको कासन कवि हितप्रसाद उपाध्यायको सालिक अनावरणसम्म पुग्दा अन्तर्राष्ट्रियकरण भइसकेको थियो। हामी विद्रोहका लागि दुन्दुभी बजाउँदै देशका २०-३० जिल्लासम्म पुग्यौँ। सहिद परिवारलाई भेट्यौँ र उनीहरूको आँसु र आक्रोशमा अन्तर्घुलित भयौँ।

यसैक्रममा दोरम्बाको डाँडाकटेरी र बेथानको पानीघाटमा आततायी सत्ताबाट पुरिएका सहिदको चिहान खोतल्दै त्यही चिहानमाथि उभिएर कविताबाट जनक्रान्तिको आह्वान गर्ने र जनयुद्धलाई झन् उचाइमा निरन्तरता दिने हाम्रो योजना पहिले नै बनिसकेको थियो। हामी सिन्धुलीयात्रामा पुग्न बाँकी रहेको सहिदबस्ती अमले बस्तीपुरको अधुरो सपना पनि पूरा गर्न चाहन्छौँ। एउटै योजना बन्न नसके पनि यसपटक दोरम्बा र बेथानका चिहानमा उभिएर दुष्टहरूलाई ललकार्ने र क्रान्तिकारीहरूमा ऊर्जा थप्ने हाम्रो पहिलेदेखिकै योजनाले साउन महिनामै मूर्त रूप पाउने भएपछि हामी अझ आह्लादित बनेका थियौँ। बेथान- दोरम्बा यात्रा हाम्रो उपत्यकाबाहिरको चौथो यात्रा बन्दै थियो। हामी रामेछापका तीन लाल र कवि उपाध्यायको सालिक स्थापनापछि बेथान र दोरम्बाको रक्तिम भूमि टेक्न पाइने खुसीले फुर्फुर बनिरहेका थियौँ।

नेकपा (माओवादी) केन्द्रीय समितिको बैठकले तेस्रो जनआन्दोलनमार्फत जनगणतन्त्र स्थापनाका लागि विद्रोहको तयारीको रणनीति र त्यसैअनुरूपको कार्यनीति तय गरेपछि रामेछाप साहित्य प्रतिष्ठान र मार्क्सवादी साहित्य प्रतिष्ठानको ब्यानरमा दुई वर्षदेखि निरन्तर सञ्चालित जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जनाअभियानमा अझै ठूलो त्राण भएको अनुभूति भइरहेको थियो। अभियान सञ्चालकका नाताले पनि कुनै अभियान सुरु हुनुभन्दा अघि अलि बढी नै उद्वेलित हुन्छ म। कुनै एउटा अभियान सफलतापूर्वक सकिएपछि मन धेरै हलुङ्गो हुन्छ र ऊर्जा पनि त्यसैअनुसार थपिएको महसुस हुन्छ। रामेछाप आफू जन्मिएको जिल्ला भएर मात्र होइन, नेपालको साहित्यिक तथा राजनीतिक आन्दोलनमा अग्रणी स्थानमा रहेको म अलि बढी नै रोमाञ्चित बनिरहेको थिएँ।

पार्टी नेता एवम् प्रगतिवादी स्रष्टा अनिल शर्मा, एक सयौँ शृङ्खलामा प्रतिष्ठानको संरक्षक बन्ने घोषणा गरेका ऋषिराज बराल, बलराम बिष्ट, शोभा दुलाल, गौरी दाहाल, प्रोल्लास सिन्धुलीयलगायत अभियानका सहकर्मीहरू दोरम्बा र बेथानयात्राका लागि तयार भएपछि मन झनै हौसिरहेको थियो। त्यसैले छैटौँ दोरम्बा हत्याकाण्ड स्मृति दिवसको अवसर पारी रामेछाप पार्टीको अतिथि बनेर हामी रामेछाप जाने तयारीमा लाग्यौँ। एक साताअघिदेखि नै मन दोरम्बा र बेथान





क. अम्बिका दाहाल 'ललिका'



क. प्रदीप दोङ 'रक्तिम'



क. टेकबहादुर थापामगर 'विवेक'



क. चतुरमान थामी 'समर'



क. हर्क घिसिङ 'यथार्थ'





क. विष्णुमाया मगर 'विमा'



क. रवि चौहान 'समिर'



क. ठूलाराम तामाङ 'छोप्पा'



क. सानाराम तामाङ 'तारा'



क. लक्ष्मण तामाङ 'छायाँ'

पुगिरहेको थियो। दोरम्बा र बेथानका सहिदका अनुहार मनमा घुमिरहेका थिए। एकातिर बेथानले जनयुद्धको पहिलो सफल मोर्चाका रूपमा, पहिलो छापामार महिला सांस्कृतिक योद्धा दिलमाया बम्जनको बलिदानका रूपमा उत्कर्ष प्राप्त गरिरहेको थियो भने अर्कातिर दोरम्बाले आततायी सत्ताहरूबाट क्रान्तिकारी पार्टी र नेता जहिले पनि सावधान रहनुपर्छ भन्ने पाठ दिँदै अनायास ठूलो रगत बगेको दुःखद् इतिहास झल्झली सम्झाइरहेको थियो। यी दुवै मोर्चाले जनयुद्धलाई थप अर्को उचाइमा उठाएका थिए, सामन्ती राजतन्त्र ढाल्दै तिनका मतियारलाई आछुआछु पारेका थिए र रामेछापलाई वर्गयुद्धको ऐतिहासिक किल्लाका रूपमा स्थापित गरेका थिए। त्यसैले यी दुवै स्थान राजनीतिक र सांस्कृतिक दृष्टिले पनि अन्यन्त महत्वपूर्ण थिए, यात्रा गर्न लायक र उत्साहवर्द्धक थिए।

हिँड्ने बेलासम्ममा हाम्रो अभियानको संस्थागत योजना केही बदलियो। यसअघिका सिन्धुली, गोरखा र रामेछापको सफल अभियान मार्क्सवादी साहित्य प्रतिष्ठानले नै आयोजना गरेकाले त्यसमा कुनै अन्योल भएन। तयारी र खर्चबर्चको रट्ठबट्ठ पनि आफैँले मिलाइयो तर यसपटकको यात्रामा पार्टीको अतिथि बनेर सहिदको समाधिमाथि कविताको कासन गर्न र नयाँ विद्रोहको तयारी गर्न जाँदै थियौँ हामी। मार्क्सवादी साहित्य प्रतिष्ठान पनि निम्तालु बनेको थियो। भर्खरै पार्टी केन्द्रीय समितिको बैठक सकिएकाले कतिपय अग्रज र समकालीनहरू बैठकमा व्यस्त हुनुपरेकाले दोरम्बा-बेथान अभियानमा अनिल शर्मा, शोभा दुलाल मैले साहित्यिक यात्राको मोर्चा समाल्नुपर्ने स्थिति उत्पन्न भयो। हामीले यस परिस्थितिलाई सहजताका साथ स्वीकार्‍यौँ।

एउटै यात्रामा सबै सधैँ सँगै रहन सक्तैनन् र मानिसहरूको कथनी र करनीलाई जाँच्ने कसी व्यवहार नै हो भन्ने कुरा पनि हामीलाई थाहा थियो। कतिपय अवस्थामा परिस्थितिलाई अलि नकारात्मक रूपले हेर्नेहरू ताक पर्नासाथ एक सय असी डिग्री फन्को मार्न सक्छन् वा मार्छन् भन्ने कुराको अनुभूति हामीले सिन्धुली र गोरखाअभियान (मोर्चा) पछि रामेछापको अभियानमा सहसुस गरिसकेका थियौँ। स्थितिलाई आफूअनुकूल व्याख्या गर्ने र आफू नभए संसार घुम्दैन भन्ने सोचाइ हाम्रो अभियानमा घुसेर सिङ्गो अभियानलाई नै तहसनहस पार्दैछन् भन्ने कुराको अनुभूति पनि हामीले गरिरहेका थियौँ। अभियान, आन्दोलन र मोर्चाको योजना जोकसैले बनाउन सक्तैनन् र त्यसलाई हाँक्नु पनि जोकसैको बुताको कुरा होइन भन्ने कुराका साक्षी पनि हाम्रा अघिल्तिर बग्रेल्ती देखिइसकेका थिए। हामीले बेथान-दोरम्बा अभियान पनि मार्क्सवादी साहित्य प्रतिष्ठानकै अर्को कडीका रूपमा विकास वा विस्तार हुने कुरा सोचिरहेका थियौँ।

तर पनि हामी एक्लै थिएनौँ। हाम्रो साथमा सिङ्गो ताम्सालिङ राज्यसमिति थियो। राज्य समितिका इन्चार्ज कञ्चनदेखि सेक्रेटरी शमशेर, सहइन्चार्जहरू पथिक, विश्व, सन्तोष, सागर, दोरम्बा मोर्चामा दुस्मनलाई चक्मा देखाउँदै घेरा तोड्न सफल ललित अनि झन्डै ३० जना सहिदका परिवार, सभासद् र सिङ्गो जिल्ला पार्टी हाम्रो साथमा थियो। आफ्नो अभियानमा प्रत्यक्ष रूपमासंलग्न नभएको नेतृत्वलाई पनि साथमा पाउँदा हामी अझै प्रफुल्लित थियौँ।



साउन ३१ गते बिहान ६ बजेबाट सुरु भएको हाम्रो दोरम्बा-बेथान यात्राले झन्डै साढे सात बजे मात्र कोटेश्वरबाट गति लियो। कतिपय साथीहरू सात बजेअघि नै बनेपा पुगिसकेकाले हामी उहाँहरूलाई भेट्न हत्तारिइरहेका थियौँ। हतारैहतारमा हाम्रो अभियानका पाका साथी बलराम बिष्ट बाटैमा छुटेको कुराले हामीलाई यात्राभरि चिन्तित बनाइरह्यो। पार्टीनेतृत्व बनेपामा पुगेर हामी अभियानकर्मी र सञ्चारकर्मीको प्रतीक्षामा थियो।

रिजर्भ माइक्रोबसहरूमा हाँसो र ठट्टा गर्दै हामी नेपालथोकतिर हान्निरहेका थियौँ। बाहिरबाट हामी ठट्टामा रमाए पनि हाम्रो मनमा भने आँधीतुफान चलिरहेको थियो। हामी जनयुद्धकै पहिलो सफल बेथान मोर्चा लडेको पानीघाटको भूमि र त्यहीँ नजिक गाडिएका महान् सहिद तीफदिको चिहान पार गरेर दोरम्बातिर लम्किँदै थियौँ। तीनवटा भरुवा बन्दुक, केही ग्रिनेड र ढुङ्गाका भरमा जितेको बेथान मोर्चाको ऐतिहासिकता अनि तीफदिको वीरतालाई यात्राअघि हामीले काभ्रे र सिन्धुलीको नेपालथोकमा भीषण गर्मीमा काटेका कष्टपूर्ण क्षणहरको पनि वास्ता गर्न भ्याएनौँ। हाम्रो ध्याउन्न बेथान र दोरम्बा पुग्नतिर संकेन्द्रित थियो।

काभ्रे र रामेछापलाई छुट्याउने लुभुघाट तरेपछि पहाडी भूभागमा चल्ने ससाना जिपहरू हामीलाई बोक्न तयार भएर बसेको पायौँ हामीले। भीषण वर्षा नभएमा हामीलाई ती जिपले गाल्बा भन्ज्याङसम्मको पहाडी कच्ची बाटोमा कुदाउने पक्का थियो।

अत्यन्त कहालीलाग्दा उकाला र घुम्तीहरू पार गर्दै जिपहरू खनियापानी, डहु हुँदै बेथानतिर दुगुरिरहेका थिए। दोरम्बामा बलिदान गर्ने तत्कालीन जनसरकार प्रमुख क. पुष्प, त्यसपछिका जनसरकार प्रमुख क. विश्वका जीवनसंगिनीलगायत सयौँ बेथानबासीको लाम लागिरहेको थियो हातहातमा खादा र माला लिएर स्वागत गर्न। सहिदका सपना पूरा नभएको अवस्थामा हामीलाई सहिद परिवारले स्वागत गर्नुको अर्थ अधुरो क्रान्ति पूरा गर्न अर्को क्रान्किा लागि तयार रहनु हुन्थ्यो। हाम्रो अभियानको उद्देश्य पनि त्यही थियो। दोरम्बामै बलिदान गर्ने स्रष्टा सहिद रक्तिमकी जीवनसंगिनी दीपा पनि उता आयोजक र यता अतिथि बनेर यात्रामा लामबद्ध भइरहेको पाउँदा हामी भाबी विद्रोह/क्रान्तिप्रति अझै बढी विश्वस्त बनिरहेका थियौँ।

उकालोमा पानी पऱ्यो भने हाम्रो पहिलो सेल्टर गाल्बा भन्ज्याङसम्मको सातआठ घन्टाको उकालो बाटो पैदलै हिँड्नुपर्ने भयले हामी पानीघाटका सहिदहरूलाई मनमनले मात्र श्रद्धासुमन अर्पण गरी माथितिर हुइँकियौँ। पर्सिपल्ट फर्कँदा पानीघाटमा विशेष साहित्यिक कार्यक्रम सञ्चालन गर्ने हाम्रो पूर्वयोजना अधिकांशलाई थाहा थियो।

ठाउँठाउँमै हामीलाई स्थानीय बासिन्दा र सहिद परिवारले गरेको सम्मान र स्वागतले हुनसम्म गौरवान्वित भयौँ हामी। स्रष्टा, सञ्चारकर्मी र पार्टीनेतृत्वको एकीकृत कमान्डलाई आफ्नो घरआँगनमै पाउँदा बेथान र हिलेदेवीका बासिन्दा पनि खुसी देखिन्थे। कहीँ गाडी ठेल्दै र कहीँ पहिरो पन्छाउँदै हामी कुहिरो र हुस्सु छिचोल्दै साँझ अबेर मात्र गाल्बा भन्ज्याङ पुग्यौँ। लुभुघाटको प्रचण्ड गर्मीलाई गाल्बाको चिसो सिरेटोले जिस्क्याइरहेको थियो। स्थानीय पार्टी हाम्रो स्वागत र व्यवस्थापनका लागि भएभरको बल लगाएर खटिरहेको थियो। १५ वर्षपछि गाल्बा पुग्दा मलाई आफूले त्यतिबेला जिल्ला नेता भएर भाषण गरेको स्मरण भइरह्यो। संयोगले त्यतिबेलाका मेरा दौँतरी धावा लामा माओवादी र एकताकेन्द्रबीचको एकतासँगै पार्टी केन्द्रीय सदस्य र जिल्ला इन्चार्ज बन्नुभएको थियो भने पेमा, अमरलगायत साथीहरूले जिल्ला र राज्य समितिको जिम्मा लिइरहनुभएको थियो। हामीले यात्रामा ती कुरा पनि सम्झियौँ।

गाल्बा भन्ज्याङ त्यतिबेला राता र ताता मानिसहरूको खचाखच उपस्थितिले फुलेल देखिन्थ्यो। माओवादी नेतादेखि कविहरूसम्मको उपस्थितिले गाल्बा भन्ज्याङ शक्तिशाली बनिरहेको थियो। सबै आफ्ना विधा र हैसियतअनुसार बेग्लबेग्लै सेल्टरतिर लाग्यौँ भोलि बिहानै दोरम्बा र डाँडाकटेरी पुग्ने सपना मनभरि सजाउँदै। गाल्बाडाँडाकी कुमारी बहिनी, उहाँका ससाना दुईवटा छोरा दिनेश र कविन्द्र अनि उहाँकी नन्द उर्मिलाको आतिथ्यमा हामी केही स्रष्टा र सञ्चारकर्मी लुट्पुटियौँ।

बिहान सिमसिम पानी परिरहेको थियो। काई र लेउ जमेको चिप्लो उकालो बाटो र प्रकृतिलाई चुनौती दिँदै हामी लाग्यौँ दोरम्बाका लागि ठाडो उकालो बाटो। कञ्चनको नेतृत्वमा अनिल शर्मा, शोभा दुलाल र ताम्सालिङ राज्य समितिका सहइन्चार्जसमेतको टोली हामीलाई पछि पारेर अघि लागिसकेको थियो। अग्लेश्वरीको उकालोमा स्वाँऽस्वाँऽ र फ्वाँऽफ्वाँऽऽ गर्दै स्रष्टा र सञ्चारकर्मीको समूह सबैभन्दा पछि घिस्रिरह्यो।

बाँकी पृष्ठ ७ मा

## गीत/कविता



■ रचना/संगीत
**माइला लामा**

### साथी म बन्दी छु

फलामे ढोका पर्खालभित्र साथी म बन्दी छु
न्यायको गीत गाउँदै हिँड्दा साथी म बन्दी छु।

विदेश हैन, युवाको पौरख देशभित्रै पोख्न देऊ
प्यारीको साथमा पसिनाधारा माटोमा रोप्न देऊ
दिदी र बहिनी पराईको देशमा बेचिन नदेऊ
भनेर युवा आवाज बोल्दा साथी म बन्दी छु।

ढुकुटीमाथि त्यो लामो हात, देश भो बर्बाद
मटोको माया गर्छु भन्नेलाई छैन क्यै पर्बाह
भ्रष्टको धन जफत गर, राज्यको बनाऊ
भनेर देशको हितमा बोल्दा साथी म बन्दी छु।

दक्षिणको साँढे डुक्रिन्छ सधैँ हामीलाई हेप्दछ
चोरेर लान्छ त्यो जङ्गे पिलर सिमाना मिच्दछ
घरभित्रका मतियार तिनका लघारौँ एक भै
भनेर देशको स्वाभिमान गाउँदा साथी म बन्दी छु।

मान्छेले मान्छे ठगेर खाने चलन मेटाइदिऊँ
विभेदका पर्खाल ढालेर सबै समान बनाइदिऊँ
सुखले जिऊन् नेपालीजन शान्तिले बाँच्न देऊ
भनेर देशको समृद्धि गाउँदा साथी म बन्दी छु।
नख्खु कारागार, न्यु बिल्डिङ, बल्खु

सहिद सिर्जना

### एक बिहान मसँग



*सहीद प्रदीप दोङ 'रक्तिम'*

चिसोचिसो समीरका नानीहरूसँगै
पहाड फोरी मैदान बनाएका
राता, उत्सावर्द्धक कोसेली बोकेर
मेरी जलजला बहिनी
माइती घरको दैलो टेक्न आइपुगिन्
एक बिहान मसँग।

खोरियाहरू फोरी खेत बनाइरहेका
काँडाघारीहरू फोडी पथ बनाइरहेका
निहत्था प्राणीहरूको हत्यासँग भोक मेटाइरहेका
भुसतिघ्रे चितुवा र भालुहरू
झुसिलो डकारसँगै
भोको बिरालोले मुसा खेलाएझैँ खेलाएर
सुतेरै अवसानका घण्टी बजाएका
जोशवर्द्धक खुसीका राता कोसेली बोकेर
मेरी सिस्ने दिदीसँग
जोडी बन्दै
माइतीघरको दैलो टेक्न आइपुगिन्।

एक बिहान मसँग
सपना-विपनाको दोसाँधमा
काँडाहरूलाई झुक्याएर
इतिहासलाई बाटो देखाउन आएका फूलहरू
काँडाहरूलाई झुक्याएर
इतिहासलाई बाटो देखाउन आएका फूलहरू
काँडाहरूलाई प्रलयको धमाका दिएर
कालिमाको साम्राज्यभित्र ज्योतिपुञ्ज लिएर
निस्किइन्
र बन्धनका सिक्रीहरू चुँडालेर आजाद भै बाँच्न
संसार बनाउन निस्किइन्
र आस्थाका अनुपम फूलहरू
हतारहतार उमङ्गका गाथाहरू सुनाउँदै
त्यो गोरखाली कान्छा
एक बिहान मसँग
तीन तारा तीफदि आदर्श क्रान्तिसँगै
सगरमाथाको आदर्शसँगै
मातृभूमिको आँसु बोकेर
स्वाभिमानका तपस्वी फूलहरू
जोडाथाङका सारणीहरू भेट्ने
अभिलाशामा
खोकु-छिन्ताङसँगै बेथानलाई साथ लिएर
पहाड भत्काउने र खेत बनाउने
चट्टान फोरेर बाटो बनाउने
जोसिला प्रयत्नका कदम चालिरहेका खबर
इतिहास निर्माणको नवीन चालसँगै
सगरमाथा चढ्ने अठोट
सङ्कल्पहरू मौलाएका खबर
पारिवारिक हाल सोध्नै नपाई
जोशका ओजिला भाकासँगै
सुनाइहालिन् मेरी ललिमा बहिनीले
एक बिहान मसँग।
*(स्रष्टा रक्तिमको दोरम्बा हत्याकाण्डमा बलिदान भएको हो।)*

## सहिदको समाधि...

झन्डै १५ किलो वजनको झोलामा बोझिलो शरीरलाई उकालोमा लतार्नुपर्दा कम्ती सास्ती भएन। भाइ सधुसूदन व्याङ्ग्य गर्दै हुनुहुन्थ्यो, 'यो हिँडाइले कसरी अर्को क्रान्ति हाँकिन्छ दाइ ?'

ठाडो उकालो, लेउ लागेको चिप्लो बाटो बल्ड्याङ खेल्दै हामी दोरम्बातिर ठडियौँ। आधा घन्टासम्म त हिँडाइको गति ठिकै थियो तर अग्लेश्वरीको उकालो अग्लिँदै गएपछि हिँडाइ क्रमशः मत्थर हुँदै गयो। पहाडमा हिँड्न बानी परेका अनुपलगायत साथीहरू उकालोमा पनि चितुवाले जस्तै लमकलमक पाइला चालिरहनुभएको थियो। समूहमा अलि मोटो मै थिएँ। म, एबीसीका क्यामेरा पर्सन योग शाक्य उकालो बाटोबाट अलि कम परिचितझैं बन्दै गएका थियौँ। अग्रज शक्ति लम्साल दाइकी सुपुत्री प्रज्ञा र काभ्रेकी पत्रकार बहिनी अञ्जली केही समयसम्म आसलाग्दो ढङ्गले हिँड्दै थिए तर केही समयपछि उनीहरूको अवस्था हाम्रो भन्दा झनै बिग्रिएको देखियो।

माथि उकालो चढ्दै गर्दा क्रमशः पिठ्यूँमा भिरेको झोला गह्रौं हुँदै गयो। अलि माथि पुगेपछि शरीरमा लगाएका कपडाहरू भारी हुँदै गए। हुँदाहुँदै कमरेडहरूले स्वागत गर्दा घाँटीमा पहिराइदिएका पचास-सय ग्राम वजनका खादाहरू पनि भारी हुँदै गए।

सिमसिम पानी परिरहेको छ। शरीर ओत्न बोकेको पातलो प्लास्टिक पनि हाम्रो क्षमताभन्दा बढी भइसकेको छ हामीलाई। उकालो बाटो भिरालो हुँदै जान्छ। कथम्कदाचित् खुट्टा खुस्कियो भने कता लाम्टा कता चौटा हुने हो, कुनै पत्तो छैन। प्रत्येक पाइला माथितिर होइन, तल्तिर झर्न खोजिरहेछन्। एउटै मात्र विश्वास र आशा छ, दोरम्बा पुग्ने, डाँडाकटेरी गएर महान् सहिदको चिहानमाथि विद्रोहको आह्वान गर्दै क्रान्तिकारी कविता वाचन गर्ने र क्रान्तिको निरन्तरताको सन्देश प्रवाह गर्ने।

कठै, युद्धको समयमा रातिराति कसरी हिँडे होलान् साथीहरू दुस्मनका पाइला पछ्याउँदै ? साहस र हिम्मत भएपछि मान्छेलाई न उकालोले, न झरीबादलले, न हुरीबतास र चट्याङले, केहीले पनि रोक्न सक्दा रहेनछन् बाबै। मुख्य कुरा त लक्ष्य रहेछ, सत्यप्रतिको निष्ठा र इमान रहेछ। त्यस्तो विकट बाटो, हिउँ र लेउको यात्रा पनि ठमठम हिँडेर लडे योद्धाहरूले अनि जितको मुखसम्म पुऱ्याए पहिरोजस्तो विकट युद्धलाई। जितको मुखमा पुगेको युद्धभित्र कुनै स्वार्थी कीरो सुटुक्क पसेको अनुभूति हुँदै गएको छ तर प्वाक्क मुख खोलेर बोन कोही सकिरहेको छैन भन्ने लागिरहेको छ हामीलाई। त्यसैले सिर्जनाअभियानबाट धावा बोलिरहेका छौँ हामी डरपोकहरुका विरुद्ध, स्वार्थी र आत्मरक्षवादीहरुका विरुद्ध। सहिद परिवारका आँखा ओभाएका छैनन्। बलेका छैनन् उनीहरूका रित्ता चुलाहरू। ढाकिएका छैनन् नाङ्गा आङ। तैपनि युद्ध जितिन लागेको छ भन्नुपरेको छ। साथीहरूलाई मार्ने, बेपत्ता पार्ने, अङ्गभङ्ग पार्नेहरू आफ्नै आँखाअघिल्तिर ठमठम फुली थपेर हिँडिरहेको देखेर पनि दुष्टहरू नासिए, सकिए र जित्यौँ भन्नुपरेको छ। यस्तो पचाइनसक्नु, सहिनसक्नु अवस्थाको अन्त्यका लागि अर्को विद्रोहको घोषणा गर्न हामी कष्टलाई पचाउँदै हिँडिरहेका छौँ विकट उकालो, चिप्लो र भिरपहारामा पनि सजिलो मान्दै। हाम्रा साथीहरूले भीषण वर्गयुद्धका कहालीलाग्दा क्षणहरूमा मिर्गले जस्तै उफ्रिएर कटेको बाटो हामीलाई दिउँसै कट्न पनि यतिविघ्न गाह्रो परिरहेको छ। कति भीषण र कहालीलाग्दा दिन थिए ती बाबै, सम्झँदा पनि आङ जिरिङ्ग हुन्छ तर पनि काम गरेर खाने वर्गको मुक्ति भइसकेको छैन। त्यही अधुरो क्रान्तिलाई पूरा गर्ने बाचा बाँध्न नापिरहेका छौँ हामी कहालीलाग्दो भीरको बाटो, होसहवासै गुमाउने खालको चिप्लो ...।

विकट पहाडी यात्रा छिचोल्दै पुग्छौँ हामी ऐतिहासिक स्थल दोरम्बा। ठिक्कसँग हिँड्ने हो भने त्यहाँबाट पनि डेढ घन्टा, ठ्याम्मै डेढ घन्टा लाग्छ डाँडाकटेरी पुग्न। हो, ऊः त्यही हो हाम्रा २१ जना क्रान्तिकारी नेता र कार्यकर्ताहरूलाई, सुन्दर र मुक्त संसारको सपना देखिरहेका सुन्दर मानिसलाई लाममा राखेर टाउकामा एसएलआर दागेर गिदी निकालिएको ठाउँ। केही मानिसको हत्या गर्दैमा क्रान्ति कहाँ सकिँदो रहेछ र ? हापुरेमा वार्ता भइरहेको समयमा वार्ताबाट भाग्न तत्कालीन शाही अमेरिकी सरकारले हरुवा गोरुको छेरुवा दाउ भनेजस्तै बैठक बस्दै गरेका साथीहरूको निर्मम हत्या गरेको थियो क्रूर बगरेले निर्ममतापूर्वक खसीको टाउको छिनालेजस्तै गरी, अमेरिकी साम्राज्यवादले इराक, अफगानिस्तान र संसारभर हत्याअभियान सञ्चालन गरेजस्तै गरी। तत्कालीन रामेछाप जनसरकार प्रमुख क. पुष्प, क. ललिका, स्रष्टा क. रक्तिमसम्मका ७ जिल्लाका क्रान्तिकारीहरूको रातोतातो रगत पोखिएर फेरि युद्ध सुरु भएको कहालीलाग्दो र बर्बर घटना थियो त्यो। तिनै सहिदका सपना साकार पार्ने प्रतिबद्धता व्यक्त गर्न जाँदै थियौँ हामी डाँडाकटेरी।

सुरु भयो फेरि झरीका बीच दोरम्बाबाट हाम्रो डाँडाकटेरीयात्रा। दोरम्बामा स्थानीय साथीहरू दिउँसो हुने छैटौँ दोरम्बा हत्याकाण्ड स्मृति दिवसको तयारी गरिरहनुभएको थियो। चिप्लो उकालो बाटो पानीमा रुइदै हामी ती महान् सहिदका आँखामा नाचिरहेको सुन्दर नेपाल र मुक्त संसारका सपना नियालिरहेका थियौँ। त्यसैले हामीलाई चिप्लो बाटो र निरन्तरको झरीले पनि गलाउन बसेको थिएन। शरीर गले पनि मन पटक्कै गलेको थिएन। आस्था भन्ने कुरा अब्बर हुँदो रहेछ बाबै। त्यही जब्बर आस्थाका कारण १५ हजार बीरवीराङ्गनाले हाँसीहाँसी आफूलाई विस्फोट गराएका रहेछन्, धरतीमा रोपेका रहेछन् र सुन्दर संसार निर्माण थालेका रहेछन्।

डाँडाकटेरीमा पुगेर हामीले गऱ्यौँ सहिदका चिहानमाथि उभिएर कविता र विचारको कासन। क्रान्तिकारी नेता र कार्यकर्ताहरू सहिद रक्तिमकी जीवनसङ्गिनी सभासद् दीपाको पीडाभित्रको आक्रोशसँग आक्रोश मिसाएर साथ दिइरहेका थिए। कञ्चन, अनिल, ललित, विश्व, पथिक, दिनेश, बुद्धिमान सबै बाचा बाँधिरहेका थिए सहिदका सपना पूरा गरेरै छाड्ने। हामीले पनि मार्क्सवादी साहित्य पतिष्ठान र रामेछाप साहित्य प्रतिष्ठानका तर्फबाट नयाँ विद्रोह अघि बढाउने वाचा बाँध्यौँ। डाँडाकटेरीमा क्रान्तिकारीहरू आक्रोशले थरथरी काँपिरहेको अनुभूति गऱ्यौँ हामीले। हामीले आँसुका ढिक्काहरूलाई फेरि फिस्फोटक डाइनामाइट बनाउने शपथ खायौँ सहिदका चिहानहरूलाई साक्षी राखेर, दह्रा हात मिलायौँ हामीले फेरि अर्को बलिदानीका लागि तयार छौँ र हाम्रो क्रान्तिकारी इमानदारीमा कत्ति खिया लागेको छैन भनेर। हामीले हाम्रा प्यारा साथीहरूका टाउका, छाती र शरीरभर गोली पड्काएको अवस्थाको स्मरण गऱ्यौँ र आत्मसमर्पण नगरी दुस्मनलाई ललकार्दै शौर्य, त्याग र बलिदानको बाटो रोजेको क्षण सम्झिँदै क्रान्ति पूरा गरेरै छोड्ने प्रतिबद्धता व्यक्त गऱ्यौँ। हामीले हाम्रा प्यारा साथीहरूका टाउकामा गोली पड्काएको, गिदी छरिएको, रगत बगेको र तिनका शरीर लापरबाहीपूर्वक फालिएको धरतीको माटो मुठीमा उठायौँ, सुँघ्यौँ, निधारमा लगायौँ र मुठी कस्यौँ।

बाबै, कसरी सके होलान् ती आततायी, असत्ती जल्लादहरूले जनताका प्यारा छोराछोरीहरूलाई अनाहकमा निर्मम हत्या गरेर भीरबाट गुल्ट्याउन ! के यतिबेला ती आततायीहरूका सपना खराब बन्दै गएका छन् होला ? अबको विद्रोह र क्रान्तिले तिनलाई यसैगरी सम्मान गर्ला कि हाम्रा साथीहरूलाईझैं भीरबाट गुल्ट्याउला ? हाम्रो मनमा यस्तै ज्वारभाटाहरू उठिरहे यात्राभर।

हामी डाँडाकटेरीबाट बलियो विश्वास बोकेर फेरि दोरम्बातिर फर्कियौँ र त्यहाँ पनि सहिदका तस्बिर र सहिदका परिवारलाई राक्षी राखेर कविता र विचारबाट दुष्टहरूलाई ललकाऱ्यौँ। हत्याराहरू पानीमुनि गए पनि नबच्ने विश्वास दिलायौँ दोरम्बा र डाँडाकटेरीको भूमिलाई, लालभूमि रामेछापलाई। त्यसपछि हामी फेरि हृदयभरि दोरम्बाबासीको न्यानो माया सँगालेर त्यही झरी, बादल र विकट बाटो पछ्याउँदै सेल्टरमा फर्किन लाग्यौँ साँझको समयमा।

रात पर्न लागिरहेको थियो। घनघोर वर्षा भइरहेको थियो। बिहानको अग्लेश्वरीको डरलाग्दो उकालो अहिले फेरि चिप्लो र भयङ्कर ओरालो भएर हामीलाई जिस्क्याइरहेको थियो। हामी क्रान्तिकारी विश्वासका साथ भौतिक शरीरलाई तृणबराबर नठानी चिप्लिँदै, लड्दै र ठोक्किँदै अर्को दिन पानीघाट बेथानमा क्रान्तिकारी कासन गर्ने शक्ति बटुल्दै गाल्बा झऱ्यौँ। स्थानीय कमरेड र रामेछाप मन्थलीका साथी विनोद सुवेदीले चिप्लो बाटोमा पाखुरा समाएर तातेताते गराएको क्षण कुनै युद्धमोर्चामा घाइते जनसैनिकलाई अर्को योद्धाले दिएको सहयोगभन्दा कुनै अर्थमा कम थिएन। दर्के पानीका बीचमा अत्यन्त विकट ओरालो छामछाम-छुमछुम गर्दै तीन घन्टासम्म घिस्रिएर हामीलाई गाल्बा र पानीघाटसम्म ल्याइपुऱ्याउने पनि त्यही क्रान्तिकारी आशावाद नै थियो र त्यहीँकै क्रान्तिकारी कमरेडहरू हुनुहुन्थ्यो हाम्रा पाखुरा समातेर ओरालो तातेतोते गराउने। कति लडियो, कतिका हातखुट्टा मर्किए, कति जुकाले टोके, त्यसको कुनै हिसाब थिएन। साथी योग भन्दै हुनुहुन्थ्यो, 'चौढपल्ट लरें डाइ। नेपाल आमालाई हृदय र शरीरले नै आलिंगन गर्न पाएँ।' कहिल्यै भीरपहरा नटेकेको पाटनको नेवार परिवारको योगलाई पनि त्यही क्रान्तिकारी आशावादले नै भीरमा चिप्लिने साहस भरिरहेको थियो।

हामी भोलिपल्ट बिहान फेरि चिप्लो र विकट ओरालो झऱ्यौँ बेथानतिर र सुरो मुटु बनाएर हामीले खरको चर्चुरे समाउँदै अत्यन्त डरलाग्दा पहरा छिचोल्यौँ। कञ्चन, अनिल, ललित, दीपालगायत साथीहरू पनि सँगसँगै हुनुहुन्थ्यो कहीँ पहरो छल्दै र कहीं बाढी तर्दै।

बेथान पानीघाटमा पुगेर हामीले तीफदिले बलिदान गरेको भूमिमा अझ उच्चस्तरको वाचा बाँध्यौँ– जसरी तीफदिले आफूलाई बलिदान गरेर क्रान्तिको रातो झन्डा जोगाए, हामी पनि अर्को विद्रोह र क्रान्तिमा त्यो झन्डालाई सगरमाथाको शिखरमा गाड्नेछौँ र संसारकै प्रतिक्रियावादीहरूलाई चुनौती दिएर सर्वहारावर्गको सत्ता स्थापना गरिछाड्नेछौँ। पानीघाटमा पनि हामीले तीफदिको चिहान उधिन्यौँ र मुठीभरि माटो बोकेर फेरि अर्को यात्रमा लाग्यौँ। अभियनमा संलग्न पार्टीनेतृत्वसमेतको सहमति र सल्लाहमा हामीले रामेछाप साहित्य प्रतिष्ठानले २०६३ सालमा आरम्भ गरी मार्क्सवादी साहित्य प्रतिष्ठानले अघि बढाएर एक सयौँ शृङ्खलासम्म पुऱ्याएको जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जनाअभियानकै शृङ्खलामा गाभ्दै डाँडाकटेरीको कविगोष्ठीलाई एक सय एकऔँ, दोरम्बाको गोष्ठीलाई एक सय दुईऔँ र बेथान पानीघाटको कविगोष्ठी र कासनलाई एक सय तीनऔँ शृङ्खलाका रूपमा स्थापित गर्ने निर्णय गऱ्यौँ। मेरो प्रस्तावलाई कञ्चन, मार्क्सवादी संस्कृतिकर्मी एवम् पार्टीनेता अनिल शर्मा, शोभा दुलाललगायत पचासौँ स्रष्टा र राजनीतिकर्मीले सहजै समर्थन गर्नुभयो। हाम्रो अभियानले बेथान र दोरम्बामा पनि विद्रोहको रातो झन्डा गाड्ने अवसर पायो र त्यो पनि सयौँ पार्टीनेता, कार्यकर्ता, सहिद परिवार र स्थानीय जनसमुदायको उपस्थितिमा।

यसरी हामीले तीन दिनको कठिन तर अत्यन्त रोचक बेथान-दोरम्बा यात्रा पूरा गऱ्यौँ। यो यात्राको समाप्ति थिएन, अर्को आरम्भ थियो। हाम्रो यो यात्रा नेपालमा शिथिल वर्गयुद्धलाई नयाँ उचाइ दिँदै विजयसम्म पुऱ्याउने प्रतिबद्धता थियो।

*(स्रोत : राष्ट्रियता र जनगणतन्त्रका लागि सिर्जनाअभियान २०६६)*

## दोरम्बा हत्याकाण्डबारे ...

एउटा लासमा एउटा मात्र गोली दायाँ पाखुराबाट पसेर निस्केको देखिन्छ। एउटा लासमा भने बाहिरबाट कुनै पनि चोट देखिएन। डिकम्पोजिसनको कारण र बर्सात्को पानीबाट पखालिएका जस्तो देखिने हुँदा कति टाढाबाट गोली लागेको हो सबैमा एकिन गर्न कठिन भए तापनि केही लासहरूमा भलतचथरभहष्त छुट्टै नभएको तथा अन्य केहीमा ठूलो भलतचथ समत पाइएका आधारमा नजिकबाट गोली लागेको देखिन्छ। घाउभित्र कहीँ पनि गोली अड्किएको पाइएन। लासको डिकम्पोजिसन भएको अवस्था, गहिरो गरी माटोमा गाडिएको कारण तथा भौतिक तथा मानवीय स्रोतको अभावनले गर्दा लासलाई बाहिर निकाली पूर्ण जाँच (अकउभितभ बगतयउकथ) गर्न नसकिए तापनि घाउचोट भएका ठाउँहरूको राम्रोसँग अवलोक न(यदकभचखबतष्यल) गरी टिपोट गर्न सकियो।

सबै लासहरू अनुसन्धानपश्चात् स्थानीय बासिन्दाहरूकै सहमति तथा सहयोगमा सोही स्थानमा माटोले पुरी यथाअवस्थामा छोडियो।

६. घटनास्थलहरूको अनुसन्धानबाट प्राप्त तथ्यहरू

१. गाउँमा माओवादीहरू आएका छन् र युवराज मोक्तानको घरमा बैठक र माओावादी कार्यकर्ता रामकुमार र सङ्गीताको विवाह हुँदैछ भन्ने हल्ला गाउँमा पहिलादेखि नै चलेको पाइयो।

२.मन्थलीबाट गाल्बाको बाटो हुँदै बिहान सबेरै सेना दोरम्बातिर लागेको र सिभिल ड्रेसमा हतियार लुकाई दोरम्बासम्म आइपुगेको पाइयो।

३. नेकपा (माओवादी) को बैठक युवराज मोक्तानको घरमा वसेको र त्यहाँ आफूभित्रका मनमुटाव मिलाउने र सम्भवतः 'विवाह' को कार्यक्रम पनि रहेको बुझिन आएको र यो एक माओवादी राजनीतिक कार्यकर्ताहरूको बैठक भएको पाइयो।

४.घरभित्र भएका १९ जना सबै गिरफ्तारीमा परी पछिल्तिर हात बाँधी करिब ३ घन्टाको उकालोओरालो बाटो हिँडाइएपछि गोरेटोमै लाइनमा लगाएर सबैलाई नजिकैबाट प्रायः टाउकोमा गोली हानी हत्या गरिएको पाइयो।

५.मृतकहरूको झोला, घडी र अन्य सामग्री झिकी लासहरू भिरालो पाखोबाट खसाई एकमाथि अर्को गरी धेरैजसो लासहरू थुप्रोमा भएको विश्वसनीय सूचना पाइयो। निजहरूका झोला, डायरी, कागजातहरू र अन्य वस्तु करिब १५० मिटरजति पर लगी जलाइदिएको देखियो।

६. सेनाको नेतृत्वमा भएको संयुक्त सुरक्षा फौजको टोलीको नेतृत्व एक मेजरसहित एक वा एकभन्दा बढी क्याप्टेनले गरेको हुनसक्ने बुझियो।

### ७. समितिको निष्कर्ष

दोरम्बा घटनाको अनुसन्धानका क्रममा स्थानीय वासिन्दाको बयान र अनुसन्धान समितिले सङ्कलन गरेको भौतिक प्रमाणका आधारमा १८ माओवादी कार्यकर्ता र दुई गैरमाओवादीको हत्या गरिएको र एकको स्थिति अज्ञात रहेको पाइयो (अनुसूची १४)। मर्नेहरू राजनीतिक भेलामा बसेको बेला समातिएको पाइयो। आफ्नो कब्जामा रहेका निजहरूलाई हात बाँधेकै अवस्थामा नजिकबाट गोली चलाइएको र सोही कारण मृत्यु भएको निष्कर्षमा समिति पुगेको छ। स्थानीय प्रत्यक्षदर्शीहरूको बयान र लासहरूको शवोत्खननमा देखिएका लक्षणहरू मेल खाएको पाइयो। साथै उक्त बयानहरूलाई मृतकहरूको लास गाडिनुअघिको शारीरिक अवस्थाको तस्बिर तथा शवोत्खननका क्रममा खिचिएको तस्बिर र भिडियोले पनि पुष्टि गरेको पाइयो।

छानबिन समितिको स्थलगत अनुसन्धानअनुसार एकजना 'विवेक' भनिने टेकबहादुर थापामगर युवराज मोक्तानको घरछेउमा २०६०।४।३२ मा करिब १०:३० बजे सेनाको गोली लागी मृत्यु भएको र डाँडाकटेरी भन्ने ठाउँमा सोही दिनको २:३० बजेतिर १९ जनाको मृत्यु भएको पाइयो। मारिएका जम्मा २० व्यक्तिबाहेकका एकजना 'उषा' भन्ने महिलाको स्थिति अज्ञात रहेको पाइयो। डाँडाकटेरीमा मारिएका मृतकहरू राजनीतिक बैठकको सन्दर्भमा पक्राउ परेको र दुई हात पछाडि बाँधी हिँडाएर लाँदै गर्दा गोरेटोमा लाइन लगाई मारिएको पाइयो। माथि वर्णन गरिएका बाहेक अन्य तरिकाबाट गोली चलेको बारे समितिको जानकारीमा आएन। त्यस वारदातमा सुरक्षा फौजको तर्फ कसैको मृत्यु नभएको बुझियो।

उपरोक्त निष्कर्षबाट हात पछाडि बाँधिएका १९ जना कब्जामा लिइएका व्यत्रिक्तहरूलाई नजिकबाट बन्दुकले गोली प्रहार गरी मारिएको कुरा अन्तर्राष्ट्रिय मानवीय कानुन र खासगरी आन्तरिक प्रकृतिको सशस्त्र विवादको समयमा गिरफ्तार गरी पूर्ण रूपमा कब्जामा लिइएका बन्दीहरूलाई संरक्षण गर्नुपर्दछ भन्ने सिद्धान्त रहेको जेनेभा कन्भेनसनको साझा धारा ३ को विपरीत भएको पाइयो। राष्ट्रिय सन्दर्भमा उक्त कार्य नेपाल अधिराज्यको संविधान, सैनिक ऐन, प्रहरी ऐन र सशस्त्र प्रहरी ऐनको प्रतिकूल हुन गएको अनुसन्धान समिति ठहर रहेको छ।

नोट : -प्रतिवेदनमा उल्लेख गरिएका कतिपय नामहरू निजहरूको अनुरोधमा गोप्य राखिएको छ।

- प्रतिवेदनमा उल्लिखित अनुसूचीहरू आयोगमा सुरक्षित रहेको छ।

*(स्रोत : दोरम्बा हत्याकाण्ड : मुक्तिका लागि बलिदान। प्रतिवेदनको मूल भाषा आयोगकै हो- सम्पादक।)*

### अनुसन्धान समिति

१.कृष्णजङ्ग रायमाझी, संयोजक (भूपू न्यायाधीश, सर्वोच्च अदालत), २. प्रेमबहादुर बिष्ट, सदस्य (भूपू महान्यायाधिवक्ता), ३. कनकमणि दीक्षित, सदस्य (पत्रकार), ४. डा. हरिहर वस्ती, सदस्य (चिकित्सक, फरेन्सिक विज्ञ), ५. हरि फुयाल, प्रतिनिधि (राष्ट्रिय मानवअधिकार आयोग)

## मुख्यमन्त्रीलाई ...

गर्ने उनले चेतावनी दिए।

सरकारका मान्छे जनताका आवश्यकता पूरा गर्न, जनताका पीडा बुझ्नभन्दा पनि फूलमाला र अबिर लगाउन आएकाले आफूहरूले विरोध गरेको उनले प्रस्ट पारे।

## भारतीय परराष्ट्रमन्त्रीको ...

विरुद्ध सडकमा पोखिएको जनआक्रोशलाई व्यवस्थाका विरुद्ध सङ्कट ठानेर सर्वदलीय बैठक नै बोलाइसकेको छ।

काठमाडौँको सत्ता कमजोर भएको मौका छोपेर असमान सम्झौता गराउने दिल्लीको परम्परागत रणनीति हो। २००७, २०१९, २०४५ सालमा भारतले त्यही गर्दै आयो। २००७ सालमा ढल्न लागेका अन्तिम राणा प्रम मोहनशमशेरलाई दबाब दिई कथित शान्ति तथा मैत्री सन्धि गराएर नेपाललाई भारतीय उपनिवेश बनायो। २०१९ सालमा राजा महेन्द्रलाई पञ्चायती व्यवस्थालाई सहयोग गर्ने सर्तमा कालापानी कब्जा गऱ्यो भने २०४५ सालमा चीनसँग हतियार खरिद सम्झौता रद्द गर्न दबाब दिएको थियो। वली सरकार डगमगाउन थालेको, आन्तरिक गुटबन्दी पार्टी विभाजनको सङ्घारमा पुगेको अवस्था भारतीय परराष्ट्रमन्त्रीको भ्रमणले शङ्काको बादल मडारिनु स्वाभाविक छ। कुर्सी जोगाउन अर्को असमान सन्धि थोपरिने सम्भावनालाई नकार्नसक्ने अवस्था छैन।

जयशङ्करको काठमाडौँ भ्रमणको यसपटकको मुख्य सरोकार भने कस्मिर समस्या नै हो। नेपालले कस्मिरी जनताको स्वतन्त्रताका साथै नेपालको पुरानो असल मित्र पाकिस्तानको सरोकारको भ्रमणले नेपालको स्वतन्त्र निर्णय गर्ने हक र सबै छिमेकीसँग समदूरीको सम्बन्ध राख्ने परम्परा र असंलग्न परराष्ट्र नीतिमा प्रतिकूल प्रभाव पार्ने खतरा छ। त्यसकारण नागरिक सचेतता र राजनीतिक दलहरूको पहलकदमी अपेक्षित छ।

## जनयुद्धकालमा कब्जा ...

हाम्रो सलाम, दलाल, भ्रष्ट, भुमाफिया हाम्रो निशानीमा, जनयुद्धका क्रममा कब्जा गरिएका सबै जग्गा पुनः जनपरिषद् नेपालले आजको मितिदेखि आफ्नो नियन्त्रणमा लिएको जानकारी गराउँछौँ।' उक्त जग्गा कसैले बिक्रीवितरण गरेमा आफूहरूले कारबाही गर्ने जनपरिषद्ले जनाएको छ।

यसैबीच नेकपा सल्यानका सेक्रेटरी लोकपाल केसीले जनयुद्धमा कब्जा गरिएको घरजग्गा सल्यानमा थुप्रै भएको बताए। अब सबै जग्गा र घर आफूहरूसहित भएर जनताले पुनः कब्जामा लिने उनले बताए।

## एनसेलको टावर ...

पनि एनसेलका टावरमाथि नेकपाले आक्रमण गरेको थियो। एनसेलले अर्बौंको कर छलेको बताउँदै नेकपाले एनसेलमाथि आक्रमण गर्नुपरेको जनाएको लिएको थियो। अहिलेसम्म देशभर एनसेलका ५० भन्दा बढी टावरमा आगो लगाइएको छ भने कयौँ टावर तोडफोड भइसकेको छ। तीमध्ये कैयौँ ठाउँका टावरहरू पूर्ण रूपमा ध्वस्त भएका छन्। गत फागुन १० गते उक्त कम्पनीको केन्द्रीय कार्यालय ललितपुरको नख्खुमै बम विस्फोट गरिएको थियो।

एनसेलले राज्यलाई तिर्नुपर्ने करिब ७८ अर्ब रुपैयाँ नतिरेपछि एनसेललाई नेपालबाटै लखेट्नुपर्ने नेकपाले बताउँदै आएको छ। सत्तासीन पार्टीकै नेताहरू पूर्वमाओवादी केन्द्र र पूर्वएमालेका नेताहरूले एनसेलबाट करोडौँ रकम लिएर अर्बौंको राजस्व छूट दिएको स्वयम् सत्तासीन पार्टीकै नेताहरू बताउँछन्।

## सहिद स्मृति ...

निर्माणाधीन उक्त प्रतीक्षालय सहिद ईश्वरीप्रसाद खनाल 'प्रतीक', हरिबाबु सेढाईं, गमबहादुर तामाङ, एकीकृत जनक्रान्तिका महान् सहिदहरूको स्मृतिमा निर्माण भइरहेको आयोजकहरूले बताएका छन्।

## सुराकी गर्नेलाई ...

भ्रष्ट हुन्छन् भन्ने मानक सिर्जना गर्न जसरी आफ्नो वैश्विक लुटको राज कायम राख्न पुँजीवादी/निगम पुँजीवादी/साम्राज्यवादी शक्तिहरू लागिपरेका थिए त्यसरी नै नेपालमा पनि कम्युनिस्टको खोल ओढेर केपी-पीकेको दलाल सरकारले आम श्रमजीवी-शोषित-उत्पीडित वर्गको मुक्तिकामी आन्दोलनमा लाग्ने वास्तविक कम्युनिस्ट र कम्युनिस्ट समर्थक जनतालाई दमन तथा धरपकड गर्ने, सिध्याउने र आफ्नो विदेशी मालिकको जीहजुरी गर्ने काम नेपालमा तीव्र हुँदै गएको यथार्थ सचेत नागरिकहरूले बुझ्नुभएकै छ।'

दीपले विज्ञप्तिमा भनेका छन्, 'अहिले नेपालमा भइरहेको राष्ट्रघात, दलाली, माफियागिरी, दलाली, मानवतस्करहरूका विरुद्ध विप्लव महासचिव रहेको नेकपाको सहायक सङ्गठन, युवा सङ्गठन नेपाल विगमा झैँ वर्तमानमा पनि सतिसाल जसरी उभिँदै आएको छ। यस्ता गलत प्रवृत्तिका विरुद्ध नेकपाले आफ्नो सङ्घर्षलाई घनीभूत पार्ने र नेपाली जनतालाई वास्तविक जनताको 'सत्ता वैज्ञानिक समाजवादी सत्ता' स्थापना गर्ने महान् अभियानमा अघि बढिरहेको सन्दर्भमा वर्तमान दलाल सत्ताको केपी-पीके सरकार र उसको चारो खाने भरौटेहरूले नेकपाका समर्थक जनतामाथि सुराकी गर्ने, प्रहरी लगाएर दमन तथा धरकपड गर्ने र मुठभेडका नाममा हत्या गर्ने गरेको छ।'

दीपले विज्ञप्तिको अन्त्यमा भनेका छन्, 'हाम्रा लाखौँ उत्पीडित तथा श्रमजीवीहरूको प्रिय सङ्गठन, युवा सङ्गठन नेपाल नेकपाका कार्यकर्ता र समर्थकविरुद्ध सुराकी गर्ने र दमन-धरकपड गर्न प्रहरीलाई उक्साउनेजस्तो जनघाती कदम बन्द गर्न अनुरोध गर्दछ। अन्यथा उक्त जनघाती कदम चाल्ने जोकोहीविरुद्ध निर्मम रूपमा प्रस्तुत हुनेछ जो अकल्पनीय हुनेछ। त्यस्तै देशमा विद्यमान भ्रष्टाचार, घूसखोरी, मानव तस्करी, विभिन्न माफियागिरी, कमिसनखोरी, दलाली इत्यादि केपी सरकारको सहयोगमा मौलाउँदै गएको परिस्थितिमा त्यस्ता गलत प्रवृत्ति र सुराकीविरुद्ध युवा सङ्घर्ष र युवा कारबाही घनीभूत बनाउँदै लग्ने कुरा यसै विज्ञप्तिमार्फत सम्पुर्णमा जानकारी गराउँछौँ।'

## गिरफ्तार नेता–कार्यकर्ता ...

गर्ने चेतावनी दिएकी छिन्।

विज्ञप्तिमा भनिएको छ, 'हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीका ५ जना जिम्मेवार कमरेडहरूलाई पार्टी कामकै सिलसिलामा रहेको बेला झापा दमकबाट प्रहरीले अपहरण शैलीमा गिरफ्तार गरेको विषयप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। यतिबेला केपी-पीके नेतृत्वको सरकार राष्ट्र र जनताविरुद्ध चौतर्फी हत्या, दमन र शोषण थोपरिरहेको छ। यसको मतियारी गरिरहेका स्थानीय निकायका कथित जनप्रतिनिधि, भ्रष्ट लठैत प्रहरी, कर्मचारी र सामाजिक भँडुवाहरूको जनविरोधी हर्कतले जनता तीव्र मारमा परेका छन्। यस्तो बेला राष्ट्र र जनताप्रति उत्तरदायी बनेर जनताको अधिकार र मुक्तिका निम्ति सङ्घर्षशील हाम्रो पार्टीमाथि हत्या र गिरफ्तारी मच्चाइरहेको दलाल सरकारले मेची-कोसीमा आफ्नो फासिस्ट दमनलाई केन्द्रित गरेको छ। फासिवादी सरकारद्वारा लादिएको पूर्व क्षेत्रको दमनले पूर्वबाटै भीषण प्रतिरोध सुरु हुने र यहीँबाट दलालहरूको अवसान हुने निश्चित छ र त्यो सुरु भइसकेको छ। दमन गरेर जनताको आन्दोलनलाई निस्तेज गर्छौं भन्ने दलालहरूको सपना कहिल्यै पूरा हुनेछैन। बरु हाम्रो आन्दोलन अझ सशक्त, अझ घनीभूत र प्रभावकारी भएर अगाडि बढ्नेछ। गिरफ्तार सम्पूर्ण नेता-कार्यकर्ताहरूलाई तुरुन्त रिहा गरियोस् अन्यथा कडा प्रतिरोधको सामना गर्न तयार रहन सरोकारवालाहरूलाई चेतावनी दिन चाहन्छौँ। यसरी नै दमनलाई तीव्रता दिने हो भने हामी दलालहरूको अखडा कहीँ पनि र जतिबेला पनि प्रतिरोधको निशाना बनाउन बाध्य हुनेछौँ। अन्त्यमा सामाजिक भँडुवा सुराकीहरूलाई जुनकुनै बेला निर्मम कारबाही हुनसक्ने विषयसमेत यसै विज्ञप्तिमार्फत जानकारी गराइन्छ।'

## अस्पतालले पौडेलको ...

दबाबमा अस्पतालले पोस्टमार्टम रिपोर्ट प्रतिवेदन नबुझाएको अस्पतालस्रोतले जनाएको छ। असार ५ गते जिल्लाको लालबन्दी नगरपालिका १ लखन्तीमा बागमती नगरपालिका २ निवासी नेपाल कम्युनिस्ट पार्टी सर्लाही इन्चार्ज कुमार पौडेललाई दोहोरो भिडन्तका नाममा प्रहरीले नियन्त्रणमा लिएर हत्या भएको भन्दै संसद्समेत अवरुद्ध भएको थियो। पौडेलको शव जिल्ला सदरमुकामस्थित सरकारी अस्पताल मलङ्गवा लगिएको थियो र त्यसको तीन दिनपछि मात्र प्रहरीले परिवारलाई शव बुझाएको थियो।

प्रहरी र सत्तारूढ पार्टीका नेताहरूले कुमार हत्याकाण्डका विरुद्ध सङ्घर्षरत स्थानीयलाई झूट्टा मुद्दा लगाउने, कैयौँलाई प्रलोभन र दबाब दिएर मुख थुन्ने षड्यन्त्र पनि गरिरहेको परिवारको दाबी छ। प्रहरीसँग मिलेर अस्पतालले गलत रिपोर्ट दिने, रिपोर्ट बुझाउन आलटाल गर्ने गरिरहेका कारण अस्पताल प्रशासनप्रति नै आशङ्का परिवारको छ। सरोकारवाला पक्षले समेत अपेक्षित कदम नचालेको परिवारको गुनासो छ। यता मानवअधिकार आयोगले पनि पौडेललाई नियन्त्रणमा लिएर हत्या गरिएको प्रतिवेदन यसअघि नै सार्वजनिक गरिसकेको छ। सत्ताधारी पार्टी र प्रहरीले नै पोस्टमार्टम रिपोर्ट सार्वजनिक नगर्न अस्पताललाई दबाब दिएको आशङ्का पनि मानवअधिकार आयोगको छ।







## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड**

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५







निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ